लेखापरीक्षण प्रतिवेदन

बलान-विहुल गाउँपालिका, सप्तरी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बलान-विहुल गाउँपालिका, सप्तरी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्योट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/574

श्रीमान् अध्यक्षज्यू,

बलान-विहुल गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, सप्तरी।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/574

श्रीमान् अध्यक्षज्यू ,

बलान-बिहुल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

सप्तरी।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजानिक लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी , आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन ।

२.२. पालिकाको आय र व्ययतर्फ रु.१ अर्व २ करोड ७० लाख ८५ हजार को लेखापरीक्षणबाट रु.४ करोड २ लाख ५५ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.७० लाख ५० हजार फर्स्योट भई असुल गर्नुपर्ने रु.२१ लाख ८४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ८२ लाख ८२ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १८ लाख ५७ हजार र पेश्की बाँकी रु.१८ लाख ६१ हजार गरी जम्मा रु.३ करोड ४१ लाख ८४ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु.४२ करोड २३ लाख ९१ हजार मध्ये रु. ० फर्स्योट भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजु रु.४५ करोड ६५ लाख ७५ हजार बाकी रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ| वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्|

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
१२४	९२	४,०२,५५,३८४	१	१७	७०,४९,५४६	९,७८,०००	१२३	७५	३,४१,८३,८३८	२१,८३,७२७	१,१८,५७,१५७	१,८२,८१,६९४	०	०	३,०१,३८,८५१	१८,६१,२६०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष समपरीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सप्तरी	४२,२३,९१,१७९	०	०	४२,२३,९१,१७९	०	३,४१,८३,८३८	४५६५७५०१७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	७३	वडा कार्यालय भवन निर्माण	९९,३५४
२	२०८१/८२	४५.३	भाडा	४,००,०००
३	२०८१/८२	१०३	प्रविधि हस्तान्तरण-	२७,१९२
४	२०८१/८२	६९	कार्यसम्पन्न प्रतिवेदन	५५,००,०००
५	२०८१/८२	५५.४	औषधी खरिद	९,८३,०००
६	२०८१/८२	९२	एड्भान्स ब्युटिसियन तालिमः	४०,०००
७	२०८१/८२	७१.२	१५ शैय्या अस्पताल निर्माण (BBRM/NCB/NCW/15/2078/079)	०
जम्मा				७०,४९,५४६

बलान-विहुल गाउँपालिका, सप्तरी

(८०२१५५०५३००)

बलान-विहुल गाउँपालिका , सप्तरी

परिचय

१

(क) कार्यालय परिचय:- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य:- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि:- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।। देखि २०८२ ।। सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि:- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा:- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति:- कार्यालयको आय – व्ययतर्फ रु.१०२७०८५३२९।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु:- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली:- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३० लाख असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

बिवरण	रकम रु.
आ.व. २०८१-०८२ मा कारोबार संकेत नम्बर (२०८२-२००९२५४) मार्फत सेहरा नमुना विद्यालयमा बढी निकासा भएको रकम बेरुजु खाता (संघीय संञ्चित कोष) मा दाखिला गरिएको	३००००००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको विश्लेषण**

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

आर्थिक सङ्केत	विवरण	२०८१।८२	२०८२।८३
	राजस्व, अनुदान र अन्य प्राप्ति		
११०००	कर	६९४३४८२८.७	६०७५४९५४.४५
१३०००	अनुदान	३११३५५३७३.७४	२५४८९९३८१.९५
१४०००	अन्यराजस्व	११०८०५५.५	८९९९६७.५
१५०००	विविधप्राप्ति	३७५४००	०
क	कुलजम्मा प्राप्ति	३८२२७३६५७.९४	३१६५५४३०३.९
३	चालु	२३१३१३८२८.२५	२५२०८०५८८.८
२१०००	पारिश्रमिक / सुविधा	९६६५१८१४.८५	९८००४७३०.१
२२०००	मालसामानतथा सेवाको उपयोग	८१७८३१७५.७२	९४८४१९४५.३
२४०००	ब्याज, सेवा शुल्क तथा बैंक कमिशन	०	२१,५००.००
२५०००	सहायता (Subsidy)	३०४३७०१०.६४	१६८६३३४२.४
२७०००	सामाजिकसुरक्षा	३९२१०२८	१०७४५१३९
२८०००	अन्यखर्च	१८५२०७९९.०४	३१६०३९३२
४	पूंजीगत	१५९४६१३०९	१०४६४८५६३
३१११०	भवनतथा संरचना	९७२९५२९०	३०६९०९०३
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	४६५१३३९	१०२५४९०३
३११३०	अन्यपूँजीगत खर्च	७४३८१०	३४५९३४१
३११५०	सार्वजनिकनिर्माण	५६४८०४६०	६०२४३४१६
३११७०	पूँजीगतसुधार खर्च	२९०४१०	०
ख)	कुलजम्मा भुक्तानी	३९०७७५११३७.२५	३५६७२९१५१.८
ग)	बचत /कमी (ग = क-ख)	-८५०१४७९.३१	-४०१७४८४७.९
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	८०००००	-७५५४८२७.९३
घ.१)	कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी	-५५५५९६.७	-१३३७२६४.२८
ङ)	यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	-७७०१४७९.३१	-४७७२९६७५.८३
च)	गतआ.व.को नगद तथा बैंक मौज्दात	२००००००००	७०६५१३८५.४८
छ)	विनिमयनाफा/घाटा तथा अन्य समायोजन		
ज)	आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	१२२९८५२०.६९	२२९२१७०९.६५

पालिकाको एकिकृत आय विवरण निम्न अनुसार रहेको छ:



२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२०५८४४२६.००, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको रु.६०००००। समेत गरी रु.१२११८४४२६। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब**– यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.४८५३०५४.४१ यस वर्षको प्राप्ति रु.१३१८९२०२४.३० यस वर्षको भुक्तानी रु.१२२१४४४२६ र बैङ्क मौज्दात रु.१३८००६५२.७१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यस वर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	२००००००	३८२२७३६५७.९४	३९०७७५१३७.२५	१२२९८५२०.६९
एकीकृत आर्थिक विवरणअनुसार	२४८५३०५४.४१	५१४१६५६८२.२४	५१२९१९५६३.२५	२६०९९१७३.४
फरक	४८५३०५४.४१	१३१८९२०२४.३०	१२२१४४४२६.००	१३८००६५२.७१

२.४ **फरक जिम्मेवारी**- पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार सुत्रमा रु. २२९२१७०९.६५ मौज्दात रहेकोमा यो वर्ष रु. २००००००.०० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२९२१७०९.६५ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	२९,२१,७०९.६५

२.५ **सञ्चित कोषमा स्थानान्तरण**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.७२३९६६.९४, पुँजीगत खातामा रु.७७७३५८९.२२, आन्तरिक राजस्व खातामा रु.४४३४३९८.१०, राजस्व बाँडफाँड खातामा रु.१४८७६२६.७३ समेत रु.१४४१९५८०.९९ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी बैंक हिसाब मिलानको प्रमाण पेश गर्नुपर्दछ ।

२.६ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

बैंकको नाम	खाता नं	खाताको प्रकार	श्रेस्तामा बाँकी	बैंकमा बाँकी	फरक
लक्ष्मी सनराईज बैंक लि.	९१०३००००४५	ग १.१, आन्तरिक राजस्व खाता	१८४०१६५	०	१८४०१६५
लक्ष्मी सनराईज बैंक लि.	९१०३००००५४	ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	७९०५	०	७९०५
लक्ष्मी सनराईज बैंक लि.	९१०३०००१३९	ग २.२, चालू खर्च खाता- जोर वर्ष	३११८३१३	०	३११८३१३
लक्ष्मी सनराईज बैंक लि.	९१०३०००१५३	ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष	६८२७३०९	२५४३७७	६५७२९३२
लक्ष्मी सनराईज बैंक लि.	९१०३००००१८	ग २.७, विविध खर्च खाता	८०००००	३१२१०६	४८७८९४
लक्ष्मी सनराईज बैंक लि.	९१०३०००२०७	ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	०	१५५१६९००	-१५५१६९००
बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता]			२७०६७		२७०६७
जम्मा			१२६२०७५९	१६०८३३८३	-३४६२६२३

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच फरक रु.३४६२६२३। हिसाब पेश गर्नुपर्दछ ।

२.७ **कर दायित्व**– पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.५,५५,५९६.७० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा २.७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	५,५५,५९७

३ **बजेट तथा कार्यक्रम**

३.१ **बजेट पेश, पारित र अख्तियारी**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिका अध्यक्ष श्री खेमचन्द्र यादवले मिति २०८१।३।१० गते रु.४५ करोड ७६ लाख ४१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।३।३१ मा पारित भएको छ । यसैगरी पालिका प्रमुखले २०८१।४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

३.२ **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । मधेश प्रदेशको पालिकाले बजेट विनियोजन गर्दा ठुला र रोजगार केन्द्रीत प्राथमिकता प्राप्त योजना छनौट र निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत ध्यान दिनुपर्दछ । साथै पालिकाले योजना बैंक र मध्यमकालिन खर्च संरचनाको अवधारणा कार्यान्वयन तर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ ।

३.३ **अबण्डा बजेट**– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष रु.७५ लाख अबण्डा बजेट व्यवस्था गरी ५१ योजनामा रु.७४ लाख कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम नभएकोले बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित

बनाउनुपर्दछ । अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

कार्यक्रमको नाम	खर्च शिर्षक	बजेट रकम	खर्च रकम	योजना संख्या	संचालित योजना तथा कार्यक्रम
धार्मिक तथा सांस्कृतिक संस्था सहायता	२५३१४	३५०००००	३३,३७,२००	२९	विभिन्न वितरण
विविध कार्यक्रम खर्च	२२५२९	१० लाख	९९९०००	१२	विविध कार्यक्रम
जनतासगं गाउपालिका अध्यक्ष कार्यक्रम	२२५२२	१०लाख	९६७०००	७	विविध कार्यक्रम
विपन्न घरलाई ट्युवेल जडान	३११५६	२० लाख	१९९६०००	३	विविध वडा

३.४ **योजनाको प्राथमिकीकरण-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने, पालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास गर्ने र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ६९ योजनामा बजेट रु.15 करोड ९४ लाख ६१ हजार विनियोजन गरेकोमा ५७ योजनामा रु.१४ करोड ६५ लाख खर्च गरेको छ ।

१ लाख सम्म		१-५ लाखसम्म		५-१० लाखसम्म		१०-२० लाखसम्म		२०-५० लाख		५० लाख बढी		जम्मा रकम
संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	
३	३००	३९	१५९५०	१३	८३५०	४	७३००	७	२२०००	३	९२६००	१४६५००

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेकोले सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ५९ योजना मात्र कार्यान्वियन भएकोमा राजाराम मण्डलको घर देखी बेनी पोखरीको दक्षिणबारी डिल सम्म कृषी सडक स्तरउन्नती लगायतका १० योजना संघीय बजेट कतौती भएकाले कार्यान्वियन भएको छैन । तसर्थ, पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकिकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

३.५ **योजना तथा वजेट कार्यान्वयन-** यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

क.अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

ख.त्रैमासिक खर्च- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १५ करोड ९५ लाख भएकोमा प्रथम त्रैमासिकमा खर्च नभएको, दोश्रो त्रैमासिकमा रु.२० लाख ८० हजार (१.३ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.५ करोड २७ लाख २९ हजार (३३.०५ प्रतिशत), चौथो त्रैमासिकमा रु.१० करोड ४६ लाख ७३ हजार (६५.६५ प्रतिशत) र असार महिनामा रु.८ करोड ३९ लाख (५२.६० प्रतिशत) खर्च भएकोले पालिकाको आषाढ महिनामा अत्याधिक खर्च गरेको देखिन्छ । पालिकाले त्रैमासिक रुपमा खर्च गर्नुपर्दछ ।

३.६ **बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्नेमा समिति गठन गरेको भए तापनि आगामी

आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको देखिदैन । बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

३.७ **बजेट सीमा निर्धारण समिति**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तयारी लगायत कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट घोषणा भए पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले समितिको गठन गरेता पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पदाधिकारीहरुको ध्यान जानुपर्दछ ।

३.८ **खर्च बिश्लेषणः** पालिकाले कुल आन्तिरक आयबाट रु.४४३४३९८.१०राजस्व बाँडफाँट र अनुदानबाट रु.४०५८४८४९७.५५समेत रु.४१०२८२८९५.६५ आम्दानी भएकोमा चालु खर्च तर्फ रु.२३१३१३८२८.२५ र पूँजिगत तर्फ रु.१५९४६१३०९।समेत रु.३९०७७५१३७.२५ खर्च भएकोमा आन्तरिक आयको हिस्सा १.१३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.८८९१४५५। खर्च भएको छ जुन आन्तरिक आयको २.२८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ५९.२० प्रतिशत चालु र ४०.८० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

४ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्ष ०८१।८२ का लागि स्वीकृत भएको रु.३ करोड ४१ लाख बराबरको कृषि विधुतिकरण, वडा कार्यालय भवन निर्माण, जेनेरेटर खरिद लगायत ५४ योजना तथा कार्यक्रमलाई कार्यक्रम संसोधन तथा रकमान्तर गरी नयाँ सवारी साधन भाडा, आर्थिक सहयोग,तराई मधेश समृद्धी कार्यक्रमका लागी साझेदारी लगायत ६१ योजना तथा कार्यक्रममा रु.३ करोड ४१ लाख रकमान्तर गरेकोमा शुरु बजेटको तुलनामा ७.७९ प्रतिशत रहेको छ । अत: योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वियनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण गरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

५ सशर्त अनुदान फिर्ता -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु.२,३१,९५,६९९.४४ देखाएकोमा पालिकाले २०८२।३।३२ मा फिर्ता गरेको छ ।

अनुदानको प्रकार	संघीय सरकार				प्रदेश सरकार	
	निकासा	खर्च	फिर्ता गर्नुपर्ने	फिर्ता	निकासा	खर्च
शसर्त अनुदान चालु	१२२७९८०००	१००८९३०३६.५६	२१९०४९६३.४४	२१९०४९६३.४४	०	०
शसर्त अनुदान पुँजीगत	८९२०००००	८८२०००००	१००००००	१०२२२३५	७५९२९६३.७८	७५९२९६३.७८
विषेश अनुदान चालु	०	०	०	०	२९६२१३९.४	२९६२१३९.४
विषेश अनुदान पुँजीगत	१२३४५०००	१२०८१७३८	२६३२६२	२६८४९९	०	०
समपुरक अनुदान पुँजीगत	७५१८७६१	७५१८७५९	२	२	१९३२५६९	१९३२५६९
कुल जम्मा	२३१८६१७६१	२०८६९३५३३.५६	२३१६८२२७.४४	२३१९५६९९.४४	१२४८७६७२.१८	१२४८७६७२.१८

६ **आन्तरिक नियन्त्रण प्रणाली**

६.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वियन गर्न परिपत्र गरेको छ । हालसम्म पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

•स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको पाइएन,

•आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,

•स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाइएन,

•पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको पाइएन,

•वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन,

•शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाइएन,

•दीगो विकासका लक्ष्य पुरा गर्न लक्ष्यलाई आन्तरिकीकरण गरी एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,

•अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गरेको पाइएन।

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार संघीय सार्वजनिक खरिद ऐनको अधिनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा सो अनुसार पालिकाले नियमावली तर्जुमा गरेको पाइएन,

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी दररेट पुनरावलोकन गरेको पाइएन,

•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख रहेकोमा पालिकाले भौतिक निर्माण कार्यमा साविकको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, सडक विभाग

तथा भवन विभागको नर्म्स प्रयोग गरेकोमा कार्यपालिकावाट भौतिक निर्माण कार्यमा प्रयोग गर्ने नर्म्समा एकरुपता र मितव्ययी हुने गरी आधिकारिक रुपमा नर्म्सको स्वीकृति र प्रयोग गरेको पाइएन,

•सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाइएन,

•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन,

•सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार पुर्ण रुपमा लागु गरेको पाइएन,

•स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण अनिवार्य गरेको पाइएन,

•उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने गरेको पाइएन,

•उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्यांकन गरेको पाइएन,

•पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरेका आयोजनाहरुको कार्यान्वयन अवस्था खुल्ने गरी एकिकृत रुपमा नापी किताव तयार गरेको पाइएन,

•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई पेश गरेको पाइएन,

•शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका शिक्षकगत अभिलेख तयार गरेको पाइएन,

•कार्यक्रम कार्यान्वयन पुस्तिकामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएको पाइएन,

•स्थानीय तहले विभिन्न समयमा मातहतमा रहेका विद्यालय अनुगमन गरेकोमा शैक्षिक गुणस्तर सुधार हुने गरी अनुगमन गर्ने मापदण्ड तयार गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने गरेको पाइएन,

•संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति र अभिलेख व्यवस्थित रहेको पाइएन,

•मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिएको र भुक्तानी समयमा दिएको पाइएन,

•कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

•सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

•कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको पाइएन,

•विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न गरेको पाइएन,

•विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको मापदण्ड तयार गरेको पाइएन,

•बेरुजु लगतका लागि तयार गरिएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख राखेको पाइएन,

•मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन

भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्यौट तथा सम्परीक्षण कार्य गरेको पाईएन,

•निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाइएन,

•म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको भए तापनी सवारी साधन अनुरुप प्रयोग खुल्ने गरी अद्यावधिक भएको पाइएन,

•जिन्सी मालसामान, मेशिनरी वा सवारी साधन मर्मत गर्नुपर्ने भएमा म. ले. प. फाराम ९१४ बमोजिम मर्मत आदेश स्वीकृत गराएकोमा म. ले. प. फाराम ९१५ बमोजिम मर्मत अभिलेख राखेको पाइएन,

उपरोक्त अनुसार पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लेखित व्यहोरा सुधार हुने गरी ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नु पर्दछ ।

६.२ **सफ्टवेयर खरिद-** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले गत विगतमा समेत खरिद गरेका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

६.३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ।

६.४ **सूचना प्रविधी पद्धतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा पालिकाको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण सम्बन्धमा पालिकाको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वियन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको देखियो । सुचना प्रविधिको समयमा सेवाप्रवाह छिटो छरितो विश्वसनिय र प्रभावकारी बनाउन सुचना प्रविधि शाखा र जनशक्तिको ब्यवस्था गरि देखिएका समस्या तत्काल सम्वोधन गर्नुपर्दछ ।

६.५ **म.ले.प. फारमहरूको प्रयोग**:

साविकमा रहेका म.ले.प. फारमहरुको सट्टा नयाँ म.ले.प. नम्बरहरु २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरु जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन, कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरु आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) मा स्थानिय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।पालिकाले राजस्व आम्दानीतर्फ म.ले.फा.नं १०५ र १०८ नराखेकोले प्रयोग भएका सबै नगदी रसिद पोष्टिङ्ग र कुन कुन समयमा बैंक दाखिला भएको हो यकिन गर्न सकिएन।

७ **आन्तरिक लेखापरीक्षण:**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कार्वाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्षको खर्च तथा आम्दानीका कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । यस वर्ष आन्तरिक लेखापरीक्षण शाखामा सहायक पाँचौ तहको श्री जित बहादुर विश्वकर्मा (तलव भत्ता लगायत रु.४५००००) कार्यरत रहेपनि कोष तथा लेखा नियन्त्रण कार्यालय मार्फत संघीय तर्फको समाजिक सुरक्षा र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम बाहेकको आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश भएन । कानुनमा तोकिए बमोजिमको जिम्मेवारी बहन नगर्ने कर्मचारी र जिम्मेबारी बहन नगराउने पदाधिकारी लाई समेत जिम्मेबार बनाई कानुनमा तोकिए बमोजिम त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

८ **न्यायिक समिति र अन्य**

८.१ **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । यसैगरि ऐनको ३३(२) मा उजुरीको जाँझबुझ गरि ३० दिन भित्र प्रमुख प्रशासकिय अधिकृतले अनुमति दिन सक्ने प्रकृति अनुसार यथाशिघ्र निर्देशन व्यवस्था रहेको छ।

निर्णयकर्ता	गत वर्षबाट सरेका विवाद	यस वर्ष दर्ता भएको	जम्मा	फछ्यौंट/कारवाही भएका विवाद	फछ्यौंट/कारवाही हुन बाँकी विवाद
न्यायिक समिति	४५	४२	८७	१५	७२

लेखापरीक्षणको क्रममा न्यायिक समितिको मात्र विवरण अनुसार मुद्दा दर्ता र फछ्यौंट कारबाही भएको देखियो । नगर प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतको व्यवस्थित अभिलेख भएको पाईएन । न्याय सम्पादन प्रक्रियाको अभिलेख व्यवस्थित गरि छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट/कारबाहीको टुङ्गो लगाउने तर्फ ध्यान दिनुपर्दछ ।

८.२ **मुद्दा दर्ता र फैसला-** पालिका विरुद्व दर्ता भएका मुद्दाहरुको विवरण लेखापरीक्षणका क्रममा माग गरिएकोमा पेश भएन । पालिकाले विभिन्न अदालतमा न्यायिक निकायमा विचाराधीन रहेका मुद्दाहरु उपर विषयगत विज्ञता सहित कानूनी प्रतिरक्षा प्रणालीलाई थप प्रभावकारी र विश्वसनीय बनाउने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

९ **संवैधानिक तथा कानूनी व्यवस्था**

नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ कार्यपालिकामा निहित हुने र धारा २२१ बमोजिम स्थानिय तहको व्यवस्थापकिय गाउँसभामा निहित रहने, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने व्यवस्था छ । पालिकाले आफ्नो अधिकार क्षेत्र भित्र शासन व्यवस्थाको संचालन तथा कानून निर्माण गरी कार्यान्वियनमा ल्याएको छ । जस अनुसार पालिका सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले पेश गरेको विवरण अनुसार हालसम्म ४ वटा ऐन, ४ वटा नियमावली ,१६ वटा कार्यविधी तथा २ नम्स गरी जम्मा २६ वटा कानुन निर्माण तथा राजपत्रमा प्रकाशन गरी कार्यान्यिनमा ल्याएको छ ।

१० **खरिद**

१०.१ **वार्षिक खरिद योजना:** सार्वजनिक खरिद ऐन,२०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको वार्षिक खरिद योजना तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली,२०६४को नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५ करोड ९४ लाख ६१ हजार पूँजीगत खर्च/खरिद कार्य गरेकोमा आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१०.२ **खरिद कारवाहीको अभिलेख:** सार्वजनिक खरिद नियमावली,२०६४को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति १४९(२) वमोजिमका कागजातहरु समावेश गरि अभिलेख बनाई छुट्टै फाईल खडा गरी राख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले खरिदसँग सम्वन्धित कागजातहरु व्यवस्थित रुपमा अभिलेख हुने गरी छुट्टै फाईल खडा गरी राखेको देखिएन । व्यवस्थित रुपमा फाईल खडा गरी नराखेकोले पालिकाले गरेका निर्माण तथा खरिद सम्झौताको कार्यान्वयन अवस्था सम्वन्धमा निर्क्यौल हुन नसक्ने र पालिकाको कार्यमा समेत सहजता हुन नसक्ने देखिन्छ । पालिकाले सार्वजनिक खरिद नियमावलीको व्यवस्था लागु गरी सार्वजनिक खरिदको व्यवस्थित अभिलेख प्रणाली अवलम्वन गर्नु पर्दछ ।

११ **कोषहरुको अभिलेख:**

स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा रहेका कोष तथा साविक गाउँपालिकाका खाताहरुमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको छैन । पालिकाले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरुको अभिलेख अद्यावधिक गरि पालिकाको वास्तविक सम्पत्तीको अभिलेख अध्यावधिक हुनुपर्दछ ।

१२ **संगठन तथा कर्मचारी व्यवस्थापन**

१२.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४को दफा ८३ बमोजिम पालिकाको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, अधिकृत सहित १९ पदहरु रिक्त रहेका छन् । सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेकाले सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१२.२ **कर्मचारी व्यवस्था-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.८११६११०। भुक्तानी गरेको पाइयो । पालिकाले ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य अनियमित देखिन्छ ।

पद	**नियुक्ति संख्या**	**तलव भत्ता**
कम्प्युटर अपरेटर	२	८७५४५२
ईन्जिनियर र सव ईन्जिनियर	६	२४३८६३०
कास	१२	४८०२०२८

१२.३ **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन,२०४९, स्वास्थ्य सेवा ऐन,२०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४, शिक्षा ऐन,२०२८मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित

नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३५ कर्मचारीको रु.२ करोड १८ लाख र पालिकाका २७ कर्मचारीको रु.१ करोड ५८ लाख १६ हजार समेत रु.३ करोड ७४ लाख १६ हजार भुक्तानी गरेको छ । पालिकाले तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१२.४ **कर्मचारी कल्याणकोष:** स्थानीय सरकार सञ्चालन ऐन,२०७४को दफा ९१ बमोजिम पालिकाले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन । प्रचलित ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

१३ दैनिक तथा मासिक ज्यालादारी खर्चः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति हुनुपर्ने, पालिकाले मासिक तथा दैनिक ज्यालादारी तर्फ पालिका केन्द्र, वडा कार्यालय र स्वास्थ्य तर्फ गरि फायर मेन ३, कार्यालय सहयोगी १४, सरसफाई कर्मचारी १२, स्वास्थ्य चौकि तर्फ अनमि ४, कार्यालय सहयोगी तर्फ २ जना र अन्य ५ समेत कर्मचारी राखि रु. ५९ लाख ६३ हजार भुक्तानी गरेको छ ।

यसको अतिरिक्त पालो पहरा खर्च, नियमित रुपमा नभई टुक्रे ज्यालादारीमा समेत कर्मचारी राखेकोमा पालिकाको कोषबाट खर्च भुक्तानी गर्ने गरि पालिका तथा वडाहरुले कर्मचारी नियुक्ति गर्दा पालिकाको स्वीकृत दरबन्दीलाई आधार मानेर नियक्ति गर्नु पर्नेमा स्वीकृत दरबन्दीलाई नजर अन्दाज गरि स्वीकृत दरबन्दीसँग तालमेल नगरि कर्मचारी नियुक्ति गर्दा पालिकालाई थप व्ययभार पर्न गएको छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि आवश्यकताको आधारमा यथार्थपरक दरबन्दी स्वीकृत गर्ने र स्वीकृत दरबन्दी भन्दा बाहिर कर्मचारी नियुक्ति गर्ने कार्य रोक्नु पर्दछ ।

विद्यमान ऐन, कानून अनुसार वडा अध्यक्ष तथा जनप्रनिधिलाई कर्मचारी नियुक्ति सम्बन्धि सम्झौता गर्ने, नियुक्ति पत्र दिने जस्ता प्रशासनिक जिम्मेवारी नदिएको अवस्थामा समेत कार्यालय सहयोगी तथा सरसफाई कर्मचारीको मासिक ज्यालादारी करार सम्झौता, वडा अध्यक्ष स्वंयमले गरि खर्च गरेकोले कानूनी वैद्यता र सार्वजनिक कोषबाट भएको खर्चको सम्बन्धमा सम्बन्धित जिम्मेवार हुनुपर्ने, डोर हाजिरी अर्थात ज्यालादारीको कर्मचारीले दैनिक रुपमा कार्य गरे नगरेको सम्बन्धमा अभिलेख नराखि सिधै ३० दिनको डोर हाजिरी पेश गरी भुक्तानी भएकोमा डोरहाजिरी प्रमाणित गर्ने र सुपरभाईज गर्ने कार्यमा एकरुपता नदेखिएको, मासिक ज्यालादारीमा भुक्तानी भएको रकम यथार्थपरक नहुन सक्ने, दैनिक रुपमा कार्य नगरी डोर हाजिरीको भरेको आधारमा भुक्तानी हुनसक्ने जोखिम देखिएको र जोखिम रोक्नको लागि पालिकाले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछ । करार भर्ना सम्बन्धी निर्णय गर्ने अधिकार कार्यपालिकालाई र सम्झौता प्रशासनिक प्रमुखले गर्ने हुँदा वडा कार्यालयहरुबाट सम्झौता गरी नियुक्ति दिने र खर्च लेख्ने कार्य गर्ने पदाधिकारीलाई जिम्मेबार बनाउनुपर्ने र नियमविपरितको नियुक्ती नियमसम्मत देखिएन । पालिकाले कानुनको पालनामा ध्यान दिनुपर्दछ ।

अनियमित भएको	५९,६३,०००

१४ ठेक्का व्यवस्थापन

सार्वजनिक खरिद नियमावली,२०६४ नियम ११२ अनुसार रु.२० लाख भन्दा वढीको निर्माण कार्यमा विमा गराउनु पर्ने, नियम ११५ अनुसार सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्ने गराउने र निर्माण कार्यको हकमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको वोलपत्र सम्वन्धि कागजातमा निर्माण सामाग्रीको गुणस्तर, निर्माण

कार्यको मापदण्ड लगायत समेटेर गुणस्तर आश्वस्तता योजना समावेश गरी वोलपत्र मार्फत गर्नुपर्ने व्यवस्था छ । पालिकाले वोलपत्र विधिवाट खरिद तथा निर्माण कार्य गरेकोमा लागत अनुमानको भन्दा ५ देखि ५०प्रतिशतसम्म घटिमा सम्झौता भई भुक्तानी भएको छ । पालिकाले तयार गरेको लागत अनुमान भन्दा २५ प्रतिशत घटीसम्ममा ठेक्का सम्झौता भई निर्माण सम्पन्न समेत भएको देखिएको छ । नियमावली, सम्झौता तथा पूर्वाधार निर्माण सम्वन्धि मापदण्डमा तोकेको गुणस्तरमा खरिद कार्य सम्पादन भएको आश्वस्त हुने गरी वोलपत्र व्यवस्थापन भएको सुनिश्चितता हुनु पर्दछ । सम्पादन भएको निर्माण कार्य वोलपत्र व्यवस्थापनवाट न्यून लागतमै गुणस्तरीय रुपमा हुने भएमा नर्म्स समेत सम्वन्धित पक्षवाट पुनरावलोकन हुनुपर्ने देखिन्छ ।

१५ माग भएका विवरण पेश नभएको

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७७ मा पालिकाले आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ । अन्तिम लेखापरीक्षण गर्दा आन्तिरक लेखापरीक्षणलाई आधार लिनुपर्ने कानूनमा व्यवस्था भएकोमा आन्तरिक लेखापरीक्षण नगराएको कारण उक्त प्रतिवेदन पेश हुने संभावना रहेन । अन्तिम लेखापरीक्षण गर्दा विस्तृत परीक्षण नगरी नमुना छनौट गरी गर्ने प्रचलन रहेको छ । महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना बमोजिम लेखापरीक्षणको क्रममा पालिकासँग इमेल र मौखिक रुपमा माग गरिएका विवरण भरी लेखापरीक्षण टोलीलाई उपलब्ध गराउनुपर्नेमा आंशिक मात्र प्राप्त भएको छ । माग गरेका विवरण अनुसार वेरुजू फस्यौटको विवरण, शिर्षकगत रकम विनियोजन तथा खर्च, सभा वाहेक कार्यकारी निर्णयबाट भएका योजनाको नाम र खर्च रकम, वजेट रकमान्तरको विवरण, सेवा करार लिएको विवरण, भुक्तानी दिन बाँकीको विवरण, खाना तथा विविध खर्च विवरण, विभिन्न संस्थालाई दिएको अनुदान, सेवा प्रवाहको स्थिती, सफ्टवेयर खरिदको विवरण, सवारीसाधनको अवस्था, घर नक्सा र निर्माण कार्य सम्वन्धी विवरण, आन्तरिक आम्दानीको ठेक्का फायल मुअकरको विवरण, कर दस्तुर र सेवाशुल्क सम्वन्धि विवरण प्रदेशलाई पठाएको रकम, आन्तरिक आय असुल गर्न बाँकीको विवरण, सवारी कर व्यवसाय कर, ट्याक्ट्रबाट आम्दानीको विवरण, न्यायिक समिति र न्याय सम्पादको विवरण, कानून निर्माणको स्थिती, शिक्षक दरवन्दी र पदपूर्ती, सामाजिक सुरक्षा खर्चको एकिकृत विवरण, विपद व्यवस्थापन कोषको विवरण, मलेप फारम नं. ५०७, उपभोक्ता सम्वन्धि विवरण लगायतका माग भएका विवरण पेश भएन । पेश भएका विवरणको आधारमा यस प्रतिवेदन तयार गरिएको छ । कानूनमा भएको व्यवस्था बमोजिम माग गरिएका विवरणहरु अन्तिम लेखापरीक्षणलाई पेश नगर्नेलाई जिम्मेबार बनाउनपर्दछ ।

१६ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयहरुको काम,कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रका जनताहरुलाई छिटो, छरितो तथा मितव्ययी तवरले सेवा प्रवाह गरी स्थानिय स्तरमा सुशासनको प्रत्याभूति हुने गरी सेवा प्रवाह गर्नुपर्दछ । पालिकाले प्रवाह गर्ने सेवा प्रवाहलाई सूचना प्रविधीसँग आबद्ध गर्दै सेवा प्रवाहमा नागरिकहरुको सन्तुष्टि मापन गर्न सार्वजनिक सुनुवाई गरी शासन व्यवस्थाको सुखद अनुभूति दिलाउने गरी अभिलेखन समेत गर्नुपर्दछ । उपलब्ध विवरण अनुसार पालिकाले यस आ.व मा प्रदान गरेको सेवा प्रवाहको स्थिती देहाय बमोजिम रहेको छ । सेवा प्रवाहमा वृद्धी गरी अभिलेखिकरण गर्नुपर्दछ ।

विवरण	२०८०।८१	२०८१।८२
स्वीकृत घरनक्सा दर्ता पास	उपलब्ध नगराएको	उपलब्ध नगराएको
जन्मदर्ता	५७८	६०६
मृत्युदर्ता	१८८	१७५
बसाईसराई दर्ता	१५	२
विवाह दर्ता	२२७	२३२
सम्बन्धविच्छेद दर्ता	३	२७
सार्वजनिक सुनुवाई	उपलब्ध नगराएको	
सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधीको प्रयोग	उपलब्ध नगराएको	

१७ वित्तिय जोखिम मूल्याङ्कनः

पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको संस्थागत क्षमता स्वमुल्याङ्कनको आधारमा पालिकाले आ.व. २०८०।८१ मा ८१.२५ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो भने पालिकाले स्थानीय तह वित्तीय जोखिम मुल्याङ्कनको फाराम भरेको पाइएन । स्थानीय तह वित्तीय जोखिम मुल्याङ्कन तथा क्षमता स्व:मुल्याङ्कनको आधार तथा अध्ययन क्रममा पत्ता लागेका जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि पालिकाले कार्य योजना तयार गरी लागु गर्नुपर्दछ ।

१८ सार्वजनिक सुनुवाई

सुशासन व्यवस्थापन तथा संचालन ऐन,२०६४ को दफा ३० र सुशासन व्यवस्थापन तथा संचालन नियमावली,२०६५ को नियम१९ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने कार्यालयका प्रमुखले आफू वहाल रहेको कार्यालयको काम, कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यस्तो सुनुवाई गर्दा विषयसँग सम्वन्धित विशेषज्ञ, सरोकारवाला, नगारिक समाजका प्रतिनिधि तथा स्थानीय निकायका पदाधिकारीलाई समेतको आमन्त्रण गरी प्रत्येक चार महिनामा कम्तीमा एकपटक गराउनुपर्ने व्यवस्था छ । कार्यालयको काम, कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।

१९ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी रु.५००० देखी रु.५०००० सम्म ११२ संघसंस्था र व्यक्तिहरुलाई रु.२५ लाख १९ हजार आर्थिक सहायता वितरण गरेकोमा पालिकाको कुल आन्तरिक आय रु.४४ लाख ३४ हजार को ५७ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार पालिकालाई तोकिएको आर्थिक सहायता तथा कार्यक्रमगत सहयोग दिन मिल्ने व्यवस्था भएको देखिदैन । पालिकाले पालिका चालू खर्च शीर्षकबाट मेला, पर्व, पुजा तथा धार्मिक कार्यक्रममा टेन्ट हाउस लगायत विभिन्न संघ संस्था तथा व्यक्तिलाई टेन्ट, खाजा, खाना पुरस्कार विल भरपाई वेगर यस्तो रकम दिएको छ । पटक पटक पदाधिकारीको तोक आदेशमा यस्तो खर्च हुने गरेको पाइयो । आर्थिक सहायता र अन्य सहयोग प्रदान गर्दा मापदण्ड बनाएको छैन । यसरी अनुत्पादक क्षेत्रमा रकम खर्च गर्दा रकमको उपादेयता नरहने र दिगो रुपमा रकमको उपयोग नहुने भएकोले यसरी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा १९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२० सहकारी नियमन

सहकारी ऐन,२०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली,२०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका,२०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) प्रविष्ट गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पालिकामा दर्ता भएका सहकारी संस्थाहरुको विवरण माग गरिएकोमा पालिका अन्तर्गत २५ वटा सहकारी संस्थाहरु रहेकोमा १३ वटाले (COPOMIS) विवरण अद्यावधिक गरेका र अन्य १२ वटाले विवरण अद्यावधिक गरेका छैनन । पालिकाले दर्ता भएका सहकारी संस्थाहरुको अध्यावधिक विवरण तयार गरी सहकारी ऐन, नियमावली र निर्देशिका अनुसार सहकारी संस्थाहरुको प्रभावकारी संचालन, व्यवस्थापन, नियमन प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२१ **त्रुटि सच्याउने दायित्वको अभिलेखः**

सार्वजनिक खरिद नियमावली,२०६४को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन वमोजिम भएमा कार्य सम्पन्न स्वीकृत गरी निर्माण व्यावसायीलाई समेत कार्यसम्पन्न प्रमाणपत्र दिनुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका सबैजसो सार्वजनिक निर्माण कार्यहरुमा त्रुटि सच्याउने दायित्वको अवधि भित्र रहेका निर्माण योजनाको विवरण अद्यावधिक नगरेको र सम्पन्न भएको कार्यको स्वीकार प्रतिवेदन तयारी वेगर सम्पन्न प्रतिवेदन स्वीकृत गरेको देखियो । पालिकाले त्रुटि सच्याउने दायित्वको अवधि भित्र रहेका निर्माण योजनाको विवरण तयार गरी देखिएका त्रुटिहरु सम्बन्धित निर्माण व्यवसायीलाई सुधार गर्न लगाई नियमावलीको व्यवस्था अनुसार कार्यसम्पन्न प्रमाणपत्र स्वीकृत हुनु पर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ ।

२२ **प्रयोजन नखुलेको धरौटी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७को नियम ६४ मा कार्यालयले व्यक्तिगत धरौटी खाता अध्यावधिक गरी राख्नुपर्ने, नियम ६८ (घ) मा कसले के बापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैङ्क खातामा रहेको रकम राजस्वमा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । पालिकाले रु.८७७३७७। व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरेको छ । नाम नामेसी नखुलेको धरौटी सम्बन्धमा हिसाब यकिन गरी नियमावलीमा भएको व्यवस्था पालना पालना गरी धरौटी सदरस्याहा गर्नपर्दछ ।

२३ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७को परिच्छेद ११ नियम ९९, ९४, ९५ र ९६ अनुसार जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

•पालिकाले कार्यालयमा मौज्दात जिन्सी सामाग्रीको अभिलेखाङ्कन गरेको विवरणमात्र प्राप्त भएकोमा नियमावलीमा उल्लेख भए बमोजिम जिन्सी प्रतिवेदन तयार गरेको पाइएन,

•पालिकाले जिन्सि निरीक्षण प्रतिवेदन बनाईमा लिलाम विक्री तथा मर्मत गर्नुपर्ने भनि उल्लिखित मालसामान तथा उपकरणहरु लिलाम विक्री तथा मर्मत गर्नुपर्नेमा गरेको पाइएन,

•पालिकाले आवश्यक प्रक्रिया पुरा गरी पुराना मालसामानको समयमै लिलाम विक्रि तथा मर्मत गर्न सकिने अवस्था नभए लिलामको तथा मर्मतको कारबाही चलाउनुपर्नेमा चलाएको पाइएन,

यस सम्बन्धि केहि विवरण निम्न अनुसार छन।

मोटरसाईकिल	डेस्कटप कम्प्यूटर	ल्यापटप	प्रिन्टर	फोटोकपी मेशीन

•कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सामानहरुको PAMS मा प्रविष्टी गर्नुपर्नेमा विभिन्न शाखागत तथा वडागत रुपमा खरिद भएका जिन्सी सामान दाखिला गरी प्रविष्टी गरेको पाइएन,

•पालिकाले एकै किसिमको मालसामानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसामानको तुलनात्मक विवरण विवरण तयार गरेको पाइएन,

•पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसंग सम्वन्धित सामानको विवरण तयार गरि कार्यकक्षमा टाँस गरेको पाइएन,

•जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको पाइएन,

•आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत किताव (म.ले.प.फा.नं. ४१७) महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्नेमा पठाएको पाइएन,

•स्थानीय सरकार सञ्चालन ऐन,२०७४को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा गाउँपालिका खाताहरुमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक गरेको पाइएन,

•आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसामान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरि सम्पत्ति तथा जिन्सी सामानको श्रेस्ता अध्यावधिक गर्नु पर्नेमा पालिकाले जग्गाहरुको मूल्य खुलाई अध्यावधिक गरेको पाइएन,

•जिन्सी समानको मूल्याँकन गरी काम नलाग्ने र विक्री नहुने समानहरु मिन्हा गर्ने, तथा काम नलाग्ने तर विक्री हुन सक्ने समानहरु लिलाम विक्रि गर्ने व्यवस्था गरि जिन्सी व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन,

•वर्ष भरिमा मर्मत गरिएका सामाग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामाग्रीको अलग अलग विवरण गरी कार्यालयका सामाग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाएको पाइएन,

•स्वास्थ्य शाखा तथा स्वास्थ्य केन्द्रहरुमा हालसम्म स्वास्थ्य मन्त्रालयद्वारा प्रतिपादित Electronic Logistic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला गरेको पाइएन,

• ल्यापटप खरिद गरी दाखिला गर्दा Serial no सहित दाखिला गरेको पाइएन,

• गत वर्षको मालसामान सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली V1 देखी V2 मा सारेको पाइएन,

पालिकाले जिन्सी निरीक्षण प्रभावकारी बनाई जिन्सी अध्यावधिक गर्नुपर्दछ ।

२४ **योजना अनुगमनः**

स्थानीय सरकार संचालन ऐन,२०७४को दफा १६(क) मा पालिकाले कार्यविभाजन र कार्यसम्पादनमा उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकार सम्बन्धि व्यवस्था छ । उपाध्यक्षले न्यायिक समितिको संयोजक, अध्यक्षको अनुपस्थितिमा कार्यभार समाल्ने, गैरसरकारी संस्थाको क्रियाकलाप समन्वय, योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी प्रतिवेदन पेश गर्ने, सभा र समितिहरुको काममा सहजीकरण र समन्वय, सात दिन भन्दा बढी अनुपस्थित भएमा अध्यक्षलाई जानकारी गराउने र सभा र कार्यपालिकाले प्रत्यायोजन गरेका कार्य गर्ने व्यवस्था रहेको छ । तर पालिकामा उपाध्यक्ष वा उपप्रमुखले योजनाको अनुगमन लगायतका नियमित कार्य गरेको देखिएन । अधिकांश योजनाको भुक्तानी गर्दा कार्यपालिकाको बैठकबाट निर्णय गराई भुक्तानी गर्ने गरेको छ । स्थानीय सरकार संचालन ऐनले तोकेको व्यवस्था अनुसार अनुगमन गरी भुक्तानी गर्नुपर्दछ ।

२५ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) कार्यालय प्रमुखबाट नगरी सभाबाट पारित गरि यस वर्षको बजेटमा नियमित र चालु प्रकृतिका कार्यक्रमको समेत भुक्तानी बाँकी समावेस गरि गत वर्षको कार्यक्रमको रु.३० लाख ५१ हजार भुक्तानी भएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र भुक्तानी दिने गरी बजेट निर्माण तथा कार्यान्वयन गर्नुपर्दछ ।

२६ **पेश्की**

२६.१ **पेश्की-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष १८ निकाय व्यक्ति तथा संस्थालाई रु.१८६१२६०। पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म रु.१८६१२६०। म्याद नाघेकाले फर्स्योट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा २६.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

पेश्की	१८,६१,२६०

२६.२ **जनप्रतिनिधिलाई पेश्की-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १६ को उपदफा ४(ग) मा वडा अध्यक्षको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था रहेको छ। उक्त व्यवस्था अनुसार वडा अध्यक्षले वडा समितिको अध्यक्ष भई कार्य गर्ने, काममा समन्वय र सहजीकरण गर्ने, वडाको विकास योजना बजेट तथा कार्यक्रम तयार गरी स्वीकृतिको लागि पेश गर्ने ,वडाका कार्यक्रमहरूको अनुगमन तथा समीक्षा गर्ने, कार्यपालिका, सभा वा वडा समितिले तोकेको अन्य कार्य गर्ने लगायतको कार्यहरु लगायतका ७ प्रकारका कार्यहरु गर्ने, सोही दफाको उपदफा ४(घ) मा कार्यपालिका सदस्यले कार्यपालिका बैठकमा भाग लिने , प्रमुखले तोकेको कार्य गर्ने लगायतको ४ प्रकारको कार्यहरु गर्न मिल्ने देखिन्छ । यस आर्थिक वर्षमा जनप्रतिनिधिहरुले कानुन विपरीत पेश्की लिई विभिन्न प्रशासनिक तथा कार्यालय सञ्चालन लगायतका काममा रकम खर्च गरी पेश्की फस्यौट गरेको देखिन्छ । साथै कानुन विपरित एकमुष्ट रुपमा विभिन्न कारण देखाई सुविधा समेत पेश्कीको रुपमा लिने कार्य नियमित देखिदैँन । ७ जना जनप्रतिनिधिहरुले रु.३६५२६०। लिएको रकम पेश्की फस्यौट नगरी बाकी रहेको देखिन्छ । जनप्रतिनिधी आर्थिक कारोबारमा समेत समावेश हुँदा सार्वजनिक स्रोतसाधनको अनुगमन नहुन सक्ने, कानुन वमोजिमको कार्यविवरण पालना नहुन सक्ने तथा आर्थिक अनुसासन पालना नहुन सक्ने देखिन्छ । नियम कानुनको परिपालना गरी कानुनबमोजिमको कार्यविवरण तथा कानुनी व्यवस्था विपरित आर्थिक कारोबार पेश्की लिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा २६.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२६.३ **गत वर्ष सम्मको म्याद नाघेको पेश्कीको फर्स्यौट र सम्परीक्षणः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ४७ मा पेश्की दिने र फछौंट गर्ने सम्बन्धी व्यवस्था गरिएको छ । सुत्र को अभिलेख अनुसार गत आ.व सम्म म्याद नाघेको अल्या पेश्की तर्फ विभिन्न व्यक्ति,संस्था र फर्महरुको नाममा रु.२५८६१७००।– फस्यौट गर्न बाकी रहेको देखिएको छ । यसरी लामो समय देखि सुत्रमा पेश्की अल्या हुँदै आएको सम्बन्धमा पालिकाले थप एकिन गरी फर्स्यौट भईसकेको भएमा सोही अनुसार पेश्की बाँकीको अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ । श्रेस्ता अनुसार पेश्की फस्यौट भईसकेको अवस्थामा समेत विगतमा कायम भएको पेश्की बेरुजु यथावत रहिरहने हुँदा नियमानुसार सम्परीक्षण गरी पेश्की बाँकीको विवरण अद्यावधिक गर्नुपर्दछ ।

२७ आन्तरिक आय तर्फ

२७.१ **आय अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२९ लाख १० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.४४३४३९९ अर्थात अनुमान भन्दा १५२ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२७.२ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३९०७७५१३७.२५	४४३४३९८.१०	१.१३

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२७.३ **कर तथा शुल्क असुली**- स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	७०००००	४२११८७	६०.१४
घरजग्गा वहाल कर	१०००००	१६१३३८	१६१
व्यवसाय कर	१०००००	१९७०४०	१९७

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । पालिकाले मलेपफान नराखेको, प्राप्त राजस्व र प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्वती नभएकाले प्राप्त हुनुपर्ने राजस्वका सम्बन्धमा यकिन हुन सकिएन, त्यसैगरी IEE भएको विवरण पेश नभएकाले ढुङ्गा गिट्टी बालुबा तर्फको स्रोत भए नभएको, IEE गरेनगरेको, ठेक्का लागे नलागेको, अमानतबाट उठाए नउठाएको यकिन गर्न सकिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाता र अन्य स्रोतको पहिचान गरी अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

२८ **राजस्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८(१) अनुसार प्रचलित कानून वमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहिदिन र नभए सोको भोलिपल्ट तथा कार्यालय र बैंक विचको दुरी टाढा भएमा महालेखा नियन्त्रक कार्यालयले तोकेको म्याद भित्र लेखा तयार गरी बैंक दाखिला गर्ने तथा जिन्सीको हकमा ७ दिन भित्र दाखिला गर्नु पर्दछ । पालिका अन्तर्गतका वडा कार्यालयवाट प्रत्येक महिनामा एक पटक राजश्व दाखिला गर्ने गरेको, कार्यालयको अवस्थिति तथा बैकिङ सुविधा समेत हेर्दा राजस्व दाखिलामा समस्या नरहेकोमा समेत ढिलाई हुने गरेको देखियो । पालिकाले सो नगरेको देखिएमा दफा २८(२) अनुसार सम्वन्धित कार्यालय प्रमुख वा विभागीय प्रमुखले १० दिनसम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा वढी ढिला गरेको भए सो जरिवाना र विगो दाखिला गराई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था भएता पनि यस व्यवस्थाको कार्यान्वियन गरेको देखिएन । यसमा ढिला दाखिला गर्नेलाई सबै दाखिला भिडान गरि ऐन अनुसार कारवाहि भएको प्रमाण पेश हुनु पर्दछ । यसका केहि उदाहरणहरु निम्न छन् ।

वडा	मिति	दाखिला मिति	रकम
वडा १	०८१ श्रावण	२०८१।५।३१	४२५७८
	०८१ असार	२०८२।३।३१	४४२५३.१५
वडा २	०८१ श्रावण	२०८१।६।१३	३५८०७.६३
वडा ३	०८१ श्रावण	२०८१।६।१२	३७५७३.८३
पालिका	०८१ श्रावण	२०८१।५।४	३१९००
पालिका	०८१ भाद्र	२०८१।६।१३	५१०६८

२९ **वक्यौता असुली तथा अभिलेख**

यस पालिकाको आर्थिक ऐन,२०८१ अनुसार पालिका भित्रका विभिन्न उद्योग व्यवसाय विभिन्न व्यक्तिले लगाएको बहालमा तथा उपभोग गरेको जग्गामा विभिन्न दरमा कर तथा शुल्कको व्यवस्था गरेको छ । पालिकामा निम्नानुसार करदाता रहेको अभिलेख परीक्षण गर्दा उक्त ऐन तथा सो अन्तर्गतका अनुसूचीमा भएको व्यवस्था अनुसार उद्योग व्यवसाय तथा भूमि तर्फको विगत आर्थिक बर्षमा दर्ता भएका तथा यो वर्ष सम्म नविकरण नगराएका र खारेज पनि नभएको अवस्था समेत रहेको छ । यसवाट पालिकालाई वार्षिक रुपमा बुझाउनु पर्ने कर समयमै दाखिला नहुने र राजश्व अनुमान तथा असुलीमा समेत असर पर्ने देखिदा पालिकाले सवै आयका श्रोत अनुसारका करदाताको अध्यावधिक अभिलेख कायम गरि बाँकी बक्यौता र नियमित राजश्व असुलीलाई प्रभावकारी बनाउनु पर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा २९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३० **बहाल विटौरी कर**

स्थानीय सरकार संचालन ऐन,२०७४को दफा ५९ मा पालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट वजार वा पसल वा सरकारी जग्गामा वनेका संरचनाको उपयोग वापत बहाल विटौरी शुल्क लगाउन सक्ने व्यवस्था छ । आर्थिक बर्ष २०८१।८२ मा पालिकाले कुनैपनि बहाल विटौरी कर संकलन गरेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्र उठ्नुपर्ने बहाल विटौरी कर एकिन गरी असुल गर्नुपर्दछ ।

३१ **सिफारिस संख्या र नगदी रसिद संख्या बिच फरक**

पालिकाको आर्थिक ऐन,२०८१ अनुसार सिफारिस प्रकृति अनुसार विभिन्न दरमा सिफारिस दस्तुर लिने व्यवस्था छ। लेखापरीक्षणको क्रममा वडाहरुले राखेको चलानी किताबमा सिफारिसको संख्या र दस्तुर संकलनमा फरक देखिएकोले पालिका तथा राजश्व शाखाले थप बिश्लेषण गरी वडा कार्यालयले दस्तुर लाग्ने सिफारिस वापत दस्तुर लिईएको हो होईन सम्बन्धि यकिन गर्नुपर्ने अवस्था रहेको छ । पालिकाले यकिन गरी असुल गर्नुपर्ने रु.

यस पालिकाको आर्थिक ऐन,२०८१ अनुसार पालिकाले सेवा शुल्क दस्तुरको व्यवस्था गरेकोमा केही वडामा सिफारिस दस्तुर संकलन गर्ने गरेको देखिएन । पालिकालाई वार्षिक रुपमा बुझाउनु पर्ने कर समयमै दाखिला नहुने र राजश्व अनुमान तथा असुलीमा समेत असर पर्ने देखिदा पालिकाले सवै आयका श्रोत अनुसारका करदाताको अध्यावधिक अभिलेख कायम गरि बाँकी बक्यौता र नियमित राजश्व असुलीलाई प्रभावकारी बनाउनु पर्दछ ।

वडा नं.	चलानी संख्या	सिफारिस दस्तुर		घटी रकम	कैफियत
		उठाउने पर्ने रकम	उठाएको रकम		
२	६८३	६८३००	२२००	६६१००	सिफारिस दस्तुर न्यूनतम १०० को दरले
३	१४८३	१४८३००	१०९००	१३७४००	
४	१४०८	१४०८००	०	१४०८००	
१	१२५७	१२५७००	०	१२५७००	
५	१३४८	१३४८००	०	१३४८००	
६	१३९२	१३९२००	०	१३९२००	
जम्मा				७४४०००	

असुल गर्नुपर्ने	७,४४,०००

३२ **मनोरञ्जन कर:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

३३ पदाधिकारी सुविधा

३३.१ **पदाधिकारी सुविधामा एकमुष्ट भुक्तानी:** मधेश प्रदेशको स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७७ को दफा ७ मा बैठक भत्ता र दफा ८ मा अनुगमन भत्ता सम्बन्धी व्यवस्था गरिएको र अनुसूची (ख) मा पालिकाका पदाधिकारीहरुको सुविधा सम्बन्धी व्यवस्था गरिएकोमा बैठक र अनुगमन भत्ता सम्बन्धमा रकम भुक्तानी गर्दा मान्युट र प्रतिवेदन संल्गन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

पालिकाले पदाधिकारीको सुविधा बापत मासिक रुपमा तीन वटाको दरले अनुगमन र बैठक भत्ता भुक्तानी गरेकोमा पालिकाले पदाधिकारी सुविधा बापत बैठक र अनुगमन भत्ता समेत भुत्तानी गरेको देखिन्छ । बैठकको मान्युट र प्रतिवेदन संलग्न गरेर प्राप्त भएपछी मात्र भुक्तानी गर्नुपर्नेमा सो गरेको नदेखिएकाले छुट्टै पदाधिकारी बैठक र अनुगमन भत्ता शिर्षकको व्यवस्था गरी सोही आधारमा भुक्तानी गर्नुपर्ने देखिन्छ ।

३३.२ **पदाधिकारी सुविधा:** मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ पालिकाले पदाधिकारी सेवा सुविधा शिर्षकमा रु.६६२१०००।, पदाधिकारी बैठक भत्ता रु.७३४०००। र पदाधिकारी अन्य भत्ता रु.१७६११९७।समेत रु.९११६१९७। भुक्तानी गरेको छ । पालिकाले पदाधिकारीहरुको सेवा सुविधामा खर्च लेखेको रकम पालिकाको कुल आन्तरिक आम्दानी रु.४४३४३९९।को २०६ प्रतिशत हुन्छ।तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ।

३४ वडा समितिको बैठक:

स्थानीय सरकार संचालन ऐन,२०७४को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता,मितव्ययिता,कार्यदक्षता,प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने र वडा समितिको बैठक स्पष्ट विषयवस्तु, कार्ययोजना तथा कार्य क्षेत्रगत शर्तको आधारमा बसेको बैठकलाई भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा समितिको बैठक वापत वडा समितिको सदस्य र सचिवलाई बैठक वापत भत्ता भुक्तानी गरेकोमा वडाले पेश गरेको बैठकको माइन्युट परिक्षण गर्दा कतिपय बैठक स्पष्ट विषयवस्तु तथा कार्ययोजना बिना शुभकामना आदानप्रदन गर्ने जस्ता बिषयमा बैठक बसी बैठक भत्ता लिने उद्देश्यले मात्र बसेको देखियो । भत्तामा भुक्तानी भएको रकमको औचित्यता पुष्टी भएको देखिएन । पालिकाले सरकारी खर्चको उपादेयता पुष्टि हुने गरी खर्च गर्नुपर्दछ ।

३५ गतको तलव खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र सोही नियमावलीको ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था गरेको छ । पालिकाले भौचर नं ४१६।२०८२।३।२५बाट सहायक चौथो चतुर कुमार दासको तलव भत्ता खर्चको भुक्तानी गरेकोमा सवै प्रमाण पेश गरेको देखिएन । जिल्ला सप्तरी साविक गाउँविकास समिति रौटहटको विज्ञापन नं २ आर्थिक वर्ष २०६४।६५ बमोजिम सहायक चौथो तह खरिदार पदमा पदपुर्ती समितिबाट २०६५।५।१ मा लिखित तथा मौखिक परीक्षाबाट छनौट भएका चतुरदासलाई २०६५।६।१९ मा सिफारिस गरेकोमा २०७७ साल श्रावण १ गते सम्म हाजिर समेत नगराई तलवभत्ता विवरण नगरेकोमा कार्यालयमा हाजिर भई कार्य गरे नगरेको खुल्न आएन । स्रोत सुनिश्चित नगरी अधिकारप्राप्त अधिकारीबाट काम, कर्तव्य र अधिकार सहित कामकाज गर्न आदेश दिएको पुष्ट्याई बेगर २०७७।४।१ देखी कामकाज गरेको जनाई उच्च अदालत राजविराजको फैसला बमोजिम मिति २०७७ श्रावण देखी २०८१ अषाढ मसान्त सम्मको तलवभत्ता बापत रु.१९३५५०५। भुक्तानी गरेको निमयसम्मत देखिएन । पालिकाको आन्तरिक स्रोत सिमित रहेको अवस्थामा दरबन्दी बाहिर हुनेगरी कर्मचारी नियुक्त गर्नेलाई जिम्मेबार बनाई खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

३६ भ्रमण खर्च

३६.१ **भ्रमण खर्च**: भ्रमण नियमावली २०६४ मा भ्रमण आदेशमा भ्रमणको उद्धेश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने छ र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको ब्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष रु.२० लाख विनियोजन गरी रु.१९,०४,५५०। भ्रमण खर्च गरेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छः

क. यस पालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण आदेशमा भ्रमणको उद्धेश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट गरेको पाइएन,

ख. पालिकामा हाजिरी व्यवस्थापनका लागि डिजिटल हाजिरी प्रयोग नगरेको तथा भ्रमण अभिलेख खाता (म.ले.प. फा.नं. ९०८) तयार गरेको पाइएन,

ग. पदाधिकारीहरुलाई दोहोरो पर्ने गरि विभिन्न बैठक तथा कार्यक्रममा उपस्थित भएको दिनको समेत भ्रमण खर्च गरेकाले मितव्यायी भएको पाइएन,

घ. पदाधिकारी र कर्मचारीहरुको भ्रमणको वास्तविक भ्रमण प्रतिवेदन राखेको पाइएन,

ङ. भ्रमणको उदेश्यमा कार्यालयको कामकाज लेखिएकोमा के काम काज भन्ने नखुलेको र बलान विउल देखी राजविराजको भ्रमण भनिएकोमा ७ दिनसम्म भ्रमण अवधिको कार्य रहेको पाइएन,

च. पदाधिकारीहरु तथा कर्मचारीहरुको भ्रमण आदेश अधिकारप्राप्त अधिकारी बाट स्वीकृत नभएको र पदाधिकारीहरुको भ्रमण खर्च कार्यपालिकाबाट अनुमोदन भएको पाइएन,

पालिकाले भ्रमण अवधीको वास्तविकता यकिन गरी खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

३६.२ **वैदेशिक भ्रमण**(१६२-२०८१-११-२३):स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकको दफा ९ मा पदाधिकारी तथा सदस्यले कार्यालय कामको सिलसिलामा नेपाल बाहिर भ्रमण गर्दा स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा अनुसूचीमा तोकिएको दरमा दैनिक भ्रमण भत्ता पाउने, भ्रमण खर्च नियमावलीको नियम १४(११)ले अन्तराष्ट्रिय सेमिनार, आदिमा जाँदा सम्मेलन सुरु भएको सुरु दिनको अघि र सम्पन्न भएको अर्को दिनको मात्र भत्ता उपलव्ध हुने र आफुखुसी त्यस देशमा बसेको भ्रमण भत्ता नपाईने व्यवस्था छ । भियतनामको vietnam exhibition fair center joint stok ले अगष्ट २८ देखी ३० मा आयोजना गरेको “VIIF” सहभागी हुन मिति २०८१।५।४ मा २०८१।५।४ देखी २०८१।५।२१ सम्मको थाईलेण्ड, भियतनाम, सिंगापुर र मलेशिया आदी देशको भ्रमण गर्ने गरी भ्रमण आदेश स्वीकृत गरी अध्यक्ष खेम चन्द्र यादवलाई निमन्त्रणा पत्र प्राप्त भएको पाइयो । गाउँपालिका अध्यक्षबाट स्विकृत गरी टिकट, बोर्डिङ्ग पास, भ्रमण प्रतिवेदन पेश भएकोमा अध्यक्षलाई रु.३१६१८८। भ्रमण खर्च भुक्तानी गरेको छ । वैदेशिक भ्रमाणमा जाँदा नेपाल सरकारको भ्रमणको पुर्व स्वीकृति लिएको देखिएन । नेपाल सरकारको स्विकृति वेगर गरेको विदेश भ्रमण नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	३,१६,१८८

३७ **विज्ञापन खर्च**

पालिकाले यस वर्ष सुचना प्रकाशनतर्फ रु.१९ लाख र कन्टिजेन्सी खर्च तर्फ रु.३ लाख ३ हजार समेत रु.२२ लाख ३हजार बजेट व्यवस्थापन गरी रु.२१ लाख ९६ हजार खर्च गरेको देखियो । यस सम्बन्धी श्रेस्ता परीक्षण गर्दा देखिएको व्यहोरा देहायअनुसार छ ।

३७.१ **विज्ञापन शुल्क-** विज्ञापन (नियमन गर्ने) ऐन,२०७६को दफा २१ र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली,२०७७को नियम ६ क को उपदफा ३ मा संचारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि ऐनको दफा २१ को खण्ड ख बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरीएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ ग मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ । पालिकाले सूचना प्रकाशनमा भएको खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम बिज्ञापन बोर्डमार्फत गराएको देखिएन । साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु.६५८८०। बोर्डको कोषमा जम्मा हुने

अवस्था देखिएन । पालिकाले कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ ।

३७.२ **आवश्यकता पहिचान र प्रतिस्पर्धा वेगर खर्च-** सार्वजनिक खरिद नियमावली,२०६४को नियम ३ अनुसार खरिदको आवश्यकता पहिचान, विगतको अभ्यास, खरिद योजना तथा लागत अनुमान तयार, स्रोत निर्धारण खरिद विधिको छनौट जस्ता विषयमा रही कारवाहीको तयारी गर्नु पर्ने, नियम ८ अनुसार वार्षिक रु.१० लाख भन्दा वढीको खरिद गर्दा खरिदको प्रकार, सम्भावित प्याकेज, खरिद कारवाहीको समय तालिका, खरिद विधि, खरिदको लागि गरिने सम्झौताको किसिम लगायत व्यहोरा समावेश गरी वार्षिक खरिद योजना तयार गर्नु पर्ने, नियम ८४ अनुसार निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा रु.१०लाख भन्दा बढी भएमा सिलवन्दी दरभाउपत्र र रु.२० लाख भन्दा बढी भएमा नियम३१ अनुसार खुला वोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था छ ।

पालिकाको आन्तरिक स्रोत, आर्थिक, भौगोलिक, धार्मिक तथा सामाजिक अवस्था, पत्र पत्रिकामा जनताको पहुँच, उपलव्धता र पत्रपत्रिकाको जनतासम्म पहुँच र उपलव्धता जस्ता विज्ञापनको आवश्यकता हुने पक्षको अध्ययन नगरी बजेट व्यवस्थापन र प्रतिशपर्धा वेगर रु.२१ लाख ९६हजार खर्च गरेकोमा मिडिया फर्महरुले फरक फरक दरमा न्यून छुट उपलब्ध गराएको, अख्तियार प्राप्त अधिकारीबाट सुचना प्रकाशन गर्न सम्झौता, कार्यादेश र स्वीकृति बेगर सुचना प्रकाशन शिर्षकबाट गरेको खर्चमा बधाई ज्ञापन, लोक कल्याणकारी तथा जनहितमा जारी सूचना रंगिन पृष्ठमा, ठुलो आकारको र छपाई खर्च दर अत्याधिक र अलग अलग रहेको पाइयो ।

सुचना प्रकाशन गर्दा प्रकाशनको आकार र दर रेट माग गरी प्रतिस्पर्धात्मक तवरले सुचना प्रदायक छनौट गर्नुपर्नेमा सो अनुसार नगरी सोझै बिना प्रतिस्पर्धा खर्च गरेको नियमसम्मत देखिएन । खरिद ऐन तथा नियमावलीमा वास्तविक आवश्यकता पहिचान गरी वजेट व्यवस्थापन गर्ने र उपलव्ध वजेट समेत औचित्यता पुष्टी हुने गरी मितव्ययी र प्रतिशपर्धात्मक रुपमा खर्च गर्नु पर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ३७.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३७.३ **एकै प्रकृतीको सुचना प्रकाशन-** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा खर्च पुष्ट्याँईं गर्ने विल भर्पाई प्रमाण कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटका आधारमा पालिकाले एकै प्रकृतीको जनहितका सुचना फरक फरक मितिमा प्रकाशन गरी देहायअनुसार रु. ६०१०१७। खर्च लेखेकोमा सुचना प्रकाशन सम्बन्धी कार्यादेश, सम्झौता र स्वीकृति पेश नगरी खर्च लेखेको पाइयो । पालिकाले सूचना प्रकाशनको उद्देश्य, पहुँच र प्रभावका आधारमा पर्याप्त स्पष्टता नभई खर्चको प्रभावकारिता सुनिश्चित बेगर खर्च लेखेकोले अख्तियार प्राप्त अधिकारीलाई जिम्मेवार बनाई एउटै प्रकृतिका सुचना प्रकाशन गर्नुपर्ने पुष्टयाई प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा ३७.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	६,०१,०१७

३८ **कार्यलय सामाग्री खरिद तथा प्रयोगः-**

सार्वजनिक खरिद ऐन,२०६३को दफा ६ र सार्वजनिक खरिद नियमावली,२०६४को नियम ३ मा बार्षिक खरिद योजना तयार गर्नुपर्ने र खरिद आवश्यकता पहिचान, खरिद विवरण, परिमाण र क्षेत्र यकिन गरि खरिद योजना तयार गर्ने तथा खरिद लागत तयार गर्नुपर्ने र एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र ब्याख्याको खर्च संकेत २२३११को खर्च शिर्षक मसलन्द तथा कार्यालय सामाग्रीमा रु.७९ लाख ९० हजार, फर्निचर्स एण्ड फिक्चर्समा रु.२७ लाख २१ हजार र मेसिनरी औजारमा रु.१५ लाख १९ हजार समेत रु.१ करोड २२ लाख ३० हजार खर्च गरेको देखियो ।

सार्वजनिक खरिद कानून विपरित खरिद योजना नबनाइ पटक पटक र कर्मचारीहरुले आफुअनुकुल बजारमा गई समानहरु खरिद गर्ने गरेको, बोलपत्रको माध्यमबाट खरिद नगरी पटक पटक सोझै खरिद गर्ने गरेको, सामान खरिद गरी ल्याएपछि नापजाँच गरी जिन्सी खातामा आम्दानी जनाई प्रयोगकर्ताको माग फारामको आधारमा जिन्सी खाताबाट खर्च जनाउनुपर्नेमा कतिपय सामानहरु जिन्सी आम्दानी नजनाएको, माग फाराम स्विकृत नगर्ने, माग फारामहरु व्यवस्थित नराख्ने, जिन्सीबाट माग फारामको आधारमा खर्च नघटाई जिन्सी खातामा पुरै मौज्दात देखाउने, बर्षान्तमा खर्च नभएको सामानको मौज्दात विवरण तयार नगर्ने, जिन्सी निरीक्षण तथा मौज्दात

परीक्षण नगरी अभिलेख समेत व्यवस्थित नगरेको जिन्सी खाताबाट यकिन गरेको पाइएन । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहायानुसार छनः

३८.१ **क.**भौचर नं.९९-२०८१।१०।२९बाट संसरी मिथिला जनरल सप्लायर्सलाई रु.९५६६८६।भुक्तानी गरेकोमा फोटोकपी पेपर, स्ट्याम प्याड, खाम, पाईलट पेन लगायत २८ प्रकारका सामाग्रीहरु खरिद गरेकोमा स्पेसिफिकेशन, इकाइ र परिमाण उल्लेख नगरेकोले स्पेसिफिकेशन अनुसारको सामान यकिन नगरेकोले जिन्सी दाखिला तथा निकासा भएका सामाग्रीको परिमाण ठिक हो भन्ने सुनिश्चित हुन सकियन,

ख. यस वर्ष फोटोकपि पेपर ६७१ रिम, गाम्चा ५२१ थान, ज्याकेट ७५, जेल पेन ५७७, डटपेन ५०००, रजिष्ट्रर ५३२, पाईलट पेन लगायत सामान खरिद गरेकोमा सम्पुर्ण खर्च नभएको, कार्यालयलाई चाहिने भन्दा धेरौ संख्यामा खरिद गरिएका सामानको हालको अवस्था यकिन नगरिएको, सामान स्पेसिफिकेशन बमोजिम भए नभएको समेत यकिन गर्न सकिएन ।

ग.गत वर्ष खरिद भएका सामानहरुको गो.भौ. नं १०१।८१।९।१ मादिपेश स्टेशनरी एण्ड जनरल सप्लायर्सलाई रु.९ लाख ८६ हजार र गो.भौ. नं १०८।८१।९।२ मा नेहा टेडर्स एण्ड सप्लायर्सलाई रु,९ लाख ४५ हजार भुक्तानी गरेकोमा दाखिला गत वर्ष नै भएको जनाएतापनि पाम्समा यस वर्ष सारेको देखिएन । यस आर्थिक वर्षमा सारेको नदेखिएकाले सामान खरिद भएको नभएको, स्पेसिफिकेशन खुलेको नखुलेको अवस्था आंकलन गर्न सकिएन । पालिकाले जिन्सी निरीक्षण समेत नगरेको, आवश्यकता वेगर गरिएको खर्च यकिन गर्न नसकीएकोले यकिन गर्न सकिएन ।

घ.निकासा र मौज्दात: पालिकाले कार्यालय सामानको अवस्था यकिन गरी खर्चको अनुपातमा कार्यालयलाई आवश्यक पर्ने सामान माग आंकलन गरी एकमुष्ट लागत अनुमान तयार गरी खरिद गर्नुपर्नेमा गरेको पाईएन । पालिकाले यस वर्ष निम्न लिखित सामानको अवस्था परीक्षण गरिएकोमा खरिद अत्याधिक संख्यामा गरिएकोमा खर्च नभई बाँकी रहेको पाइयो,

सामान	गत वर्षको मौज्दात	यसवर्ष खरिद संख्या र मिति	निकासा र मिति	बाँकी	निकासा
फोटोकपि पेपर	PAMS मा तानेको विवरण नभएकोले यकिन गर्न सकिएन ।	६७१ रिम	६०	६११	
पाईलट पेन		५७७	७७	५००	
पेन		५०००	११००	३९००	
रजिष्ट्रर	०	५३२	५१	४८७	

६.वडामात्र भएको पालिकाको कार्यालय सामाग्रीको अवस्था मुल्याङ्कन गर्दा खर्च स्वभाविक मान्न सक्ने अवस्था छैन । फोटोकपी पेपर, पाइलट पेन, पेन, रजिष्ट्रर लगायतका सामाग्रीको खरिद अत्याधिक भएपनि खर्चको अवस्था स्वभाविक देखिदैन । पालिकाले खरिद योजना बनाएर एकमुष्ट लागत अनुमान तयार गरी कानुन बमोजिम खर्च गर्नुपर्दछ ।

३८.२ **खरिदमा प्रतिष्पर्धा:** सार्वजनिक खरिद नियमावली,२०६४ को निमय ८५ अनुसार लागत अनुमान रु.१० लाख सम्मको निर्माण कार्य वा मालसामान र ५ लाख सम्मको परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न सकिने, नियम ८४ अनुसार निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा रु.१० लाख भन्दा वढी भएमा सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकालाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पालिकाले देहायअनुसार मसलन्द सामग्री पटक पटक गरी सोझै बजारबाट खरिद गरेर भुक्तानी गरेको छ । कानुनको पालना गर्दै सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी खरिद कार्यलाई मितव्ययी तथा प्रतिस्पर्धात्मक बनाउनुपर्नेमा ट्क्रा पारी चाहिने भन्दा बढी संख्यामा खरिद गरेको नियमसम्मत देखिएन ।
माथि उल्लेखित परीक्षण गरेका भौचरमा खरिद विजक भन्दा कम दाखिला भएको, स्पेसिफिकेशन नखुलाएको, सामानहरुको भण्डारण तथा व्यवस्थापनको अवस्था कमजोर, प्रिन्टर टोनर फोटोकपी पेपर, पाईलट पेश, जेल पेन लगायतका आइटमहरु धेरै संख्या खरिद

गरेकोमा जिन्सी निरीक्षण प्रतिवेदन पेश नभएकाले बाँकी मौज्दात भिडान गर्न सकिने अवस्था रहेन । पालिकाले कानुन बमोजिम एकमुष्ट लागत अनुमान तयार गरी खर्च गर्नुपर्दछ ।

गत आवको भुक्तानीः पालिकाले कार्यालय सामान बापतको गत आवमा भुक्तानी दिन बाँकी भनि विभिन्न आईटम खरिद गरेको भनि दिपेश स्टेशनरी एण्ड जनरल सप्लायर्स र नेहा ट्रेडर्स एण्ड अपिस सप्लायर्स मार्फत रु.१९ लाख ३१ हजारका मालसामान असार महिनाको अन्तिममा खरिद गरिएको भनि भुक्तानी गरेकोमा पाम्समा दाखिला र यस वर्षमा अन्या गरेको विवरण लेखापरीक्षणका क्रममा पेश भएन साथै गत वर्षको खर्च भएर जाने मालसामान अन्या नगरेकाले सामानको अवस्था यकिन गर्न सकिएन । पालिकाले गत वर्षको कार्यालय सामान प्रयोगको अवस्था सहित यकिन गर्नुपर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा ३८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३९ मर्मत खर्च

पालिकाले यस वर्ष सवारीसाधन मर्मत रु.१७ लाख ९८ हजार र अन्य मर्मत खर्च शिर्षकमा रु.५ लाख १७ हजार समेत रु.२३ लाख १५ हजार खर्च गरेकोमा देखिएका व्यहोरा निम्न रहेका छन:

नेपालको सरकारी लेखा फारम (म.ले.प.फारम) ४१४ मा मर्मत आवेदन तथा आदेश फारम ४१४ क मा मर्मत सम्पन्न फारम तथा ४१५ मा मर्मत अभिलेख खाता फारमको व्यवस्था, सवारी साधन वा अन्य सम्पत्ती मर्मत गर्नुपूर्व मर्मत आवेदन तथा आदेश फारम भरी यसभन्दा अघि भएको मर्मत खर्च, बजेटको उपलब्धता विश्लेषण गरि स्विकृत गराउनुपर्ने, सम्पत्ती मर्मत गर्न स्वीकृत भएपछि सो बमोजिम भएको मर्मत कार्यको जाँच गरि भुक्तानी गर्न तथा मर्मत खर्च अभिलेख राख्न मर्मत सम्पन्न फारम भरी अभिलेख मर्मत सम्पन्न फारम अनुसार छुट्टाछुट्टै राख्नुपर्नेमा अभिलेख पालिकाले नराखेको जिन्सी निरीक्षण, जिन्सी निरीक्षण प्रतिवेदन लेखापरीक्षण क्रममा माग गर्दा पेश हुन आएन ।

भौचर नं.१०९मा ३५वटा सामान फेरेको रु.३ लाख ९२ हजार, चा ालु भौचर नं.१९२-०८१।१२।२१मा राजदेवी अटो वर्क्सलाई रु.४८३५७३। र २७४-०८२।२।२६ बाट खुस्वु अटो पार्टर्स रु.३४८३५०। भुक्तानी गरेकोमा मलेप फारम नं ४१४,४१४क र ४१५ बमोजिम मर्मत गर्ने सम्पत्तीको पहिचान, इन्जिन नं., प्रयोग गर्ने व्यक्ती विगतमा मर्मत गर्दाको अभिलेख भिडान, मर्मत गर्ने सम्पत्तीको मर्मत गर्नुपर्ने कारण खुलाई स्विकृत गर्ने अधिकारीबाट आदेश प्राप्त गरी मर्मत गरेको विवरण समावेश गरेको पाइएन,

परीक्षण गरेको उक्त भौचरमा लागत अनुमान तयार नगरेको, मर्मत खर्च पूर्व तथा मर्मत सम्पन्न पश्चात गर्नुपर्ने कार्यहरु नगरेको अन्य भौचरमा पनि गरेको छ भन्ने सकिने आधार पाइएन, कार्यालयको सम्पत्ती नै मर्मत गरेको/नगरेको, आर्थिक वर्षको अन्तमा खरिद भएर पुन आर्थिक वर्षको सुरुवातमा खरिद नभएको, वास्तविक मर्मत भएको/नभएको, सम्पत्तीको समयमा मर्मत गरी प्रभावकारी प्रयोगमा ल्याएको/नल्याएको, मर्मत सम्पन्न भएपश्चात मर्मत कार्यको जाँच गरी भुक्तानी भएको/नभएको जस्ता पक्षहरु स्पष्ट भई खर्च प्रभावकारी भएको छ भन्न सकिने अवस्था देखिएन । नेपालको सरकारी लेखा फारम बमोजिम मर्मत आवेदन तथा आदेश फारम ४१४, मर्मत सम्पन्न फारम ४१४क र मर्मत अभिलेख फारम ४१५ लगायतका फारमहरु प्रमाणित गरी भुक्तानी गर्ने कार्यमा सुधार गर्नुपर्दछ ।

४० विविध खर्च

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या,२०७४ अनुसार खर्च संकेत नं.२२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाले विविध खर्च शिर्षकमा बजेट व्यवस्था गरी रु. ६०८८१८३। खर्च गरेकोमा अधिकाशं खर्च होटलको बिल पेश हुने गरेको, बिलमा सयौको सङख्यामा लन्च वक्स, मासु चिउरा, पानि, कफि नास्ता लगायत खाजा खाना लगायतको बिल पेश हुने गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरुक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र पेश गरेकोमा खर्चको औ चित्य पुष्टि हुने प्रमाण कागजात पेश भएन । यसका केहि उदाहरणहरु देहायानुसार छनः

क.चालु भौचर नं.८२-२०८२।३।२२ बाट खाजा तथा नास्ता सेट, मम, पानी लगायत १२१५ सेट भन्दा बढी नास्ता सेटको रु.२४६५००। र भौचर नं. ४३१ बाट रु.१७२०००। गरी कुल जम्मा रु.४७०,०००,.चालु भौचर नं.२५९-२०८२।१।२६माअन्जली होटलङ्ग २६ विल बाट खाजा तथा नास्ता सेट, मम, पानी लगायत २२४० सेट खाजा, खाना ७७२, पानी १९१५, चिया १७४४ कप लगायतमा प्रायोजन नखुलाई रु.४८७९००। भुक्तानी गरेकोमा एकै मितिमा ४७७ सेट खाना तथा खाजा खर्च के र कुन प्रयोजनको लागि गरेको र उपस्थित अतिथि तथा सदस्यहरुको प्रमाण तथा खर्च भर्पाई नखुलाई विजकमात्र समावेश गरेको नियमसंगत पाइएन,

ख.पालिकाले विभिन्न १२ भौचरमा अन्जली होटल लाई रु.२६ लाख ६७ हजारको नास्ता सेट, खाजा सेट, पानी, दुध चिया,खाना, मासु खाना, कालो चिया लगायतमा भुक्तानी भएकोमा खर्च भएको पुष्टि हुने कुनै पनि कागजपत्र समावेश नगरी रु.२६ लाख ६६हजार भुक्तानी गरेकोमा प्रायोजन नखुलेको, खाना तथा खाजा, चिसो, मासु लगायतमा एकै होटलमार्फत २७ लाखको खरिद गरिएकोमा होटल समेत प्यानमा मात्र दर्ता भएकाले प्यानबालासँग २६ लाख भन्दा बढीको कारोबार गर्ने कार्य नियमसम्मत देखिएन । पालिकाले सार्वजनिक खरिद ऐन बमोजिम प्रतिष्पर्धात्मक तरिकाले खरिद गर्नुपर्दछ ।

ग.पालिकाले यस वर्ष अन्जली होटल मार्फत पान विल प्रयोग गरी रु.२६६६९२७ को विविध खर्च लेखेकोमा १.५प्रतिशत मात्र कट्टा गरेको छ । पालिकाले २००००। भन्दा बढीको भुक्तानी भ्याट बिलमा मात्र गर्नुपर्दछ ।

यसका साथै विभिन्न व्यक्ति तथा कर्मचारी मार्फत विभिन्न भौचरमा प्रकाश होटल, दिपक होटल लगायत स्थानबाट गरिएको खर्च प्रायोजन बेगर गरिएको खर्च यकिन गर्न सकिएन । यस्ता खर्चमा प्रायोजन खुलाई मितव्ययी र पारदर्शि तरिकाले गर्नुपर्दछ ।

४१ **गाउँपालिका पदाधिकारीको विविध खर्चः**

मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारीहरु तथा सदस्यले पाउने सुविधा सम्बन्धि ऐन,२०७७ अनुसार स्थानीय तहका पदाधिकारीहरु तथा सदस्यहरुले अतिथी सत्कार वापत मासिक रुपमा सुविधा रकम पाउने व्यवस्था रहेको र सोही व्यवस्था अनुरुप यस पालिकाका पदाधिकारीहरु तथा सदस्यहरुले अतिथी सत्कार वापत मासिक रुपमा सुविधा वापतको रकम भुक्तानी लिईरहेको अवस्थामा यस वर्ष विविध तथा उपाध्यक्षको विविध खर्च शीर्षकमा बजेट विनियोजन गरी खर्च लेखेको अध्यक्षको विविध खर्च रु.१८ लाख ७२ हजार र उपाध्यक्षको विविध खर्च रु.७ लाख ३७ हजार गरी रु.२६ लाख ९ हजार विविध खर्च लेखेको छ । अतः प्रचलित कानून अनुसार सेवा सुविधाको रकम लिईरहेको अवस्था विविध खर्च शीर्षकमा पद नै उल्लेख गरी बजेट विनियोजन गरेर खर्च गरेकोले नियमसम्मत देखिदैन । अतः पालिकाले यस किसिमले बजेट विनियोजन गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४२ **ईन्धन खर्च**

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७६ (चौथौ संशोधन) को खर्च संकेत २२२११ मा इन्धन पदाधिकारी र २२२१२ मा इन्धन कार्यालय प्रयोजन रहेको छ । खर्च संकेत २२२११ मा पदाधिकारीका लागि प्रयोग हुने सवारी साधनको निमित्त चाहिने इन्धन, लुब्रिकेन्ट समावेश गरिन्छ भने खर्च संकेत २२२१२ मा कार्यालय प्रयोजनका लागि प्रयोग हुने सवारी साधनको निमित्त चाहिने इन्धन, लुब्रिकेन्टसको खर्च यस शिर्षकबाट गरिन्छ । पालिकाले यस वर्ष इन्धन कार्यालय प्रयोजनमा रु.१३ लाख ७४ हजार र इन्धन पदाधिकारीमा रु.३० लाख समेत रु.४३ लाख ७४ हजार खर्च गरेको छ । पालिकाले पेश गरेको विवरण अनुसार विभिन्न १३ भौचर र २३ बिल मार्फत विभिन्न मितिमा १४७९० लिटर प्रेट्रोल र १३६४५ लिटर डिजल खर्च भएको विलको जोडजम्माबाट देखिन्छ । यस सम्वन्धमा देखएका व्यहोराहरु देहायानुसार छनः

४२.१ **क)पालिका तर्फः** पालिकामा मोटरसाईकल (२२ मध्ये ३ वटा वडा कार्यालय मार्फत ईन्धन खर्च गर्ने गरेको देखिन्छ), ट्याक्टर१ थान, गाडी सरकारी १ थान र २ वटा भाडाका गाडी रहेको देखयो। बढि इन्धन खर्च हुने JCB रहेको भएतापनि कुन सवारीसाधनमा कति इन्धन खर्च भएको हो सो विवरण पेश भएन । उपरोक्त सवारीसाधनको लागि रु.४३ लाख ७५ हजार इन्धन खर्च लेख्नु स्वाभाविक देखिदैन । वार्षिक वजेट व्यवस्थापन गर्दा पालिका तर्फ रु.४५ लाख व्यवस्थापन भएकोमा रु.४३ लाख ७३ हजार खर्च भएको छ । पालिका अनतर्गत ६ वटा वडा रहेकोमा वार्षिक कार्यक्रम तथा वजेटमा सबै वडाको लागि विविध, मसलन्द तथा ईन्धन खर्च भनि ७ लाख बजेट व्यवस्थापन गरी ईन्धनमा समेत खर्च गरेको छ । वडामा भएको खर्च र विवरणको एकिन अभिलेख देखिएन । पालिकाले वडाको ईन्धन र अन्य खर्चको अवस्था यकिन गर्नुपर्ने देखिन्छ ।

ख)भौचर नं. ४१२-।२।२२बाट डाक्नेश्वरी आयल स्टोर्इ मार्फत दुई थान विजकबाट रु.७ लाख भुक्तानी गरेकोमा १५६५ लिटर डिजेल तथा २५६२ लिटर पेट्रोल खर्च भएको छ । अध्यक्षको सिफारिस भनि विभिन्न हरि, राम, श्याम लगायतका व्यक्तिहरुलाई समेत वितरण गरेकोमा स्पष्ट्र आधार र प्रमाण वेगर पालिकासँग असम्बन्धित व्यक्तिहरुलाई समेत ईन्धन खर्च उपलव्ध गराएकोले अवस्था यकिन गर्न सकिएन,

ग)गो.भौ.नं.११०।८१।८।३० बाट ओम श्री आयल स्टोर्स प्रालीलाई विभिन्न २ विलको १२१४.९१ लिटर डिजेल र १०६३.१९ लिटर प्रेट्रोल खर्च भएको भनि रु.३५४७७५। भुक्तानी गरेकोमा लगबुक, अध्यक्षको आदेश लगायतको विवरण पेश नगरेको, कार्यविधि बनाएपनि अर्थ मन्त्रालयको नम्समा नमिल्ने गरी कार्यविधि बनाएकाले अवस्था यकिन गर्न सकिएन,

घ)भौचर नं. ३७-०८१।६।२० बाट ८१।५।२१ देखि ६।१९ सम्म ओम श्री आयल स्टोर्सलाई१६८४ लिटर डिजेल र १३१० लिटर पेट्रोलको रु. ३२१३२७। र गो.भौ.नं.३१२ र ३७५ मार्फत समेत बैशाख र जेष्ठ महिनामा खर्च भएको भनि २१२३ र १९१६ लिटर डिजेल र ११५० र ११९१ लिटर प्रेट्रोल खर्च भएको भनि क्रमश: ४९८९१२। र ४७६१४८। खर्च भुक्तानी गरेको छ । कुपन परीक्षण गर्दा नाम नामेसी नखुलेको, त्यती ईन्धन खर्च हुने सवारीसाधनमा कार्यालयसँग नभएको र पाम्स मार्फत खर्च लेखेको पाइएन,

ङ)वडाबाट इन्धन खर्च: पालिकाले भौ नं. ३९ बाट वडा सचिव को वडातर्फको वडा संचालन खर्च वापत भुक्तानी परीक्षण गर्दा मासिक ४४० लिटर पेट्रोलको बिल पेश गरी औसत प्रति लिटर रु.१६५।०० का दरले रु.७००००। इन्धन खर्च भुक्तानी गरेकोमा वडामा मासिक इन्धन खर्चको कोटा निर्धारण नगरेको र ईन्धन खर्च गर्ने खालको सवारी साधन नरहेको अवस्थामा समेत उक्त परिणामको इन्धन खर्च खपत सहितको पुष्टयाई प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	७०,०००

४२.२ **च.**अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०८१मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने, पालिकाको पदाधिकारी तथा कर्मचारी बाहेक अन्य व्यक्ति, पदाधिकारीहरुको समेत इन्धन रकम भुक्तानी गरेको छ । मापदण्ड भन्दा अस्वभाविक तवरले इन्धनमा बढी भएको देखिएकाले कार्यालयले थप विश्लेषण गरी सुधारको प्रयास गरी इन्धन खर्चलाई नियमानुसार मितव्ययी तवरले खर्च गर्नुपर्दछ । यसका व्यहोरा निम्न छन:

विवरण	मापदण्ड अनुसार	वार्षिक खर्च	औषत दर	रकम
३०जना सम्म दरबन्दी भएको मापदण्ड	डिजल १०० लि.	१२०० लि	१५५	१८६०००
	पेट्रोल ७५ लि.	९०० लि	१६५	१४८५००
२२वटा मोटरसाईकल/स्कुटि (कर्मचारी)	१० लि.	२६४० लि	१६५	४३५०००
गाउँपालिका अध्यक्षले पाउने सुविधा	१०० लि.	१२०० लि.	१५५	१८६०००
गाउँपालिका उपाध्यक्षले पाउने सुविधा	१००लि.	१२००लि.	१५५	१८६०००
जम्मा		७२५०		११४१५००
खर्च भएको		२८४३५		
बढी		२११८५		
ट्याक्टर खर्च	विवरण प्राप्त नभएको			
वित्तीय विवरणमा खर्च रकम		४३७४०००।		
बाँकी रकम		३२३२५००		

यसका अतिरिक्त पालिकामा ट्याक्टर रहेकोमा उक्त साधनको लागि ईन्धन प्रयोग हुँदा समेत कार्यालयको सवारी साधन तथा उपकरणको प्रयोग र ईन्धन खर्चको तादम्यता मिलेको पाइएन। पालिकाले मापदण्ड भित्र रहेर ईन्धन खर्च गर्नुपर्ने देखिन्छ ।

छ.कार्यालयमा रहेका सावरी साधन मोटरसाइकल तथा अन्य इन्धन उपयोग हुने साधनको अभिलेख लेखापरीक्षणको क्रममा माग गरिएकोमा पेश भएन ।

ज.पदाधिकारी इन्धनः स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धि ऐन.२०७७ को दफा ४ मा पदाधिकारीलाई सवारी साधन उपलव्ध गराएमा पालिका अध्यक्ष तथा उपाध्यक्षलाई मासिक १०० लि. र वडा अध्यक्षलाई मासिक २५ लि. इन्धन उपलब्ध गराउन पाउने, सवारी साधन नभएका पदाधिकारीलाई अनुसूचि बमोजिमको यातायात खर्च पाउने र इन्धन खर्च नपाउने व्यवस्था छ ।
पालिकाबाट प्राप्त विवरणअनुसार गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा र कार्यपालिका सदस्यलाई सवारी साधन तथा मोटरसाइकल उपलब्ध गराएको र वडाअध्यक्ष र सदस्यलाई सवारी साधन उपलव्ध नगराई यातायात खर्च भुक्तानी गरेकोमा अध्यक्ष, उपाध्यक्ष, १ कार्यपालिका सदस्यले अनुसूचि बमोजिम अधिकतम २४०० लि को प्रति लि. औषत रु.१६५ को दरले जम्मा रु.३७२०००। र ३६० लिटरको १६५ का दरले रु.५९४००। गरी रु.४३१४००। इन्धनको भुक्तानी हुने देखिन्छ । तोकिएको इन्धन कोटा भन्दा रु.२५६८६००। बढी खर्च गरेको ईन्धन खर्च नियमसम्मत देखिएन । पालिकाले इन्धन खर्च संघीय ऐन बमोजिम कार्यविधि मार्फत लगबुक र कोटा निर्धारण गरी व्यवस्थित नगरेकाले अनियमित देखिन्छ । पालिकाले मितव्यायी तरिकाले ईन्धन खर्च गर्नुपर्दछ ।

४२.३ **पदाधिकारीको यातायात खर्चः** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकको अनुसूचिको ‘क’ मा गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको दर तोकिएको छ । उक्त ऐनमा वडाअध्यक्षलाई सवारी साधन उपलब्ध भएमा मासिक २५ लिटर इन्धन र २ लिटर मोविल खर्च भुक्तानी दिने अन्यथा सवारी साधनको व्यवस्था नभएको हकमा मासिक रु.१० हजार यातायात खर्च उपलब्ध गराउनुपर्ने र ऐनको दफा ४(४) मा यातायात खर्च उपलब्ध गराएको पदाधिकारी तथा सदस्यले सवारी साधन, इन्धन र मोविल खर्च नपाउने व्यवस्था रहेको छ । पालिकाको खर्च विवरण अनुसार कार्यपालिका सदस्य र उपाध्यक्षहरुलाई पालिकाले दुई पाँग्रे र चार पाङ्ग्रे सवारी साधन उपलब्ध गराएको छ ।पालिकाले यातायात सुविधा उपलव्ध गराउँने पदाधिकारीलाई यातायात खर्च दिन मिल्ने देखिन्न ।पालिकाले उपाध्यक्षको सुविधाका लागि गाडी भाडामा लिई रु.१२ लाख खर्च लेखेकोमा थप यातायात सुविधा वापत मासिक रु.१४५००।दरले रु.१७४०००। भुक्तानी गरेकाले असुल हुनुपर्ने देखिन्छ ।

असुल गर्नुपर्ने	१,७४,०००

४३ **ईन्धन**

४३.१ **इन्धन कुपनका अवस्थाः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ ।
नमुना आधारमा भौचर छनौट गरी परीक्षण गर्दा पालिकाले भौ नं.३७ बाट रु.३ लाख २२ हजार(श्रावण महिनाको विभिन्न २ विल मार्फत २०८१।६।२० मा १६८४ लि डिजेल र १३१० लि) र भौ नं. ४२०बाट रु.२ लाख४४ हजार (२०८२।३।२५ मार्फत ३५२लि. डिजेल र प्रेट्रोल ७२२ लि. प्रेट्रोल)को ओम श्री आयल स्ट्रोर्स प्रालिको भुक्तानीको श्रेस्ता परीक्षण गर्दा सवै कुपन परीक्षण गर्दा प्रायोजन खुलाएको, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत मार्फत कुपन काटेकोमा प्रायोजन, लगवुक लगायत विवरण नराखेको, कार्यालयसँग असम्बन्धित व्यक्तिको नाम राखेको, PAMS मार्फत अभिलेख नराखेको, लगबुक नराखेको, ईन्धन अभिलेख खाता नराखेको अवस्था छ । डाक्नेश्वरी भगवति सेन्टरलाई 3.25 मा रु.६ लाख (डिजल ३६२७ लि र प्रेट्रोल ५०१ लिटर) भुक्तानी गरेकोमा प्रायोजन खुलाएको छैन । कुपन परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन:

इन्धन प्रकार	परिमाण	कुपन काट्ने पदाधिकारी	प्रयोजन	कैफियत
डिजल	३० लिटर	अध्यक्ष मार्फत	नखुलेको	बिरेन्द्र कुमार मण्डल
प्रेट्रोल	४५ लिटर	अध्यक्ष मार्फत	नखुलेको	धुव्र मण्डल
प्रेट्रोल	३० लिटर	कार्यालय प्रमुख मार्फत	नखुलेको	संजय चौधरी

क.पालिकाका सवारीसाधन (स्करपियो), मोटरसाईकल आदिमा खपत भएको ईन्धनको विवरण पाम्स (PAMS) मा प्रविष्टि गरेको पाइएन,

ख.सवारी साधनको रितपूर्वक लगबुक राखि तोकिएको माईलेज खपत बमोजिम ईन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेखाङ्कन र कार्य सम्पन्न विवरण राखेको पाइएन,

ग.पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेपनि संघीय र प्रदेश ऐन बमोजिम गरेको पाइएन,

घ.कुपन वितरण प्रमुख प्रशासकिय अधिकृत, नगरप्रमुखबाट भइ एकद्वार पद्वति भएको पाइएन,

ङ.पदाधिकारीको सिफारिसमा कुपनमा गाडी नम्वर उल्लेख गरेको पाइएन,

च.वडा मार्फतको विविध खर्च शिर्षकबाट समेत इन्धन खर्च भएकाले अभिलेखिकरण भएको पाइएन,

छ.नेपाल आयल निगमबाट तोकिएको दरमा इन्धनको बिल जारी गर्नुपर्ने लामो अवधिको एकैपटक बिल जारी गरेको र भुक्तानी गरेकोले बढी भुक्तानी भएको नभएको यकिन गरेको पाइएन,

पालिकाले इन्धन खर्चलाई मितव्ययी बनाउन कार्यसञ्चालन निर्देशिका तयार गरी पदाधिकारी तथा कर्मचारीको इन्धनको कोटा निर्धारण गर्ने, सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी PAMS मार्फत अभिलेखाङ्कन गर्नुपर्नेमा गरेको पाईएन,

४३.२ **यान्त्रिक उपकरण सञ्चालन सम्बन्धमा**: पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ ।

उपकरण सञ्चालनको लगसिट नराखेको, लगानी र आय विष्लेषण गरेको, आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कार्यविधि तयार नगरेकोले पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेकोले यन्त्र उपकरण सञ्चालन व्यवस्थित नभएकोले भाडाबाट प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन ।

यस वर्ष ट्याक्टर मार्फत सेफ्टी ट्याङ्की सफा गर्नका लागि रु.१६०० तोकिएकोमा सवारी चालक श्री लाई सोधनी हुँदा दिनमा दुई/तिन वटासम्म काम गर्ने गरेकोमा सहयोगीलाई रु.६०० दिएर अरुको तेल हाल्ने गरेको जानकारी गराएपनि दिनको १ पटकका दरले ३६५ दिनको रु.५ लाख ८४हजार आम्दानी हुन जाने देखिन्छ । पालिकाबाट ईन्धन, मर्मत र जनशक्ति समेत राखी खर्च गरेको देखिएपनि आम्दानी प्राप्त गरेको नदेखिदा अनियमित देखिन्छ । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख, लगबुक तथा आम्दानी विवरण नराख्ने पदाधिकारीलाई जिम्मेबार बनाई रु.५ लाख ६८ हजार असुल र खर्च भएको आधार, सेवाग्राहीको विवरण, लगबुक, आदेश लगायत पेश गरी असुल गर्नुपर्ने देखिन्छ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

सवारी साधन	ईन्धन लागत	जनशक्ति	मर्मत खर्च	राजश्व संकलन
ट्याक्टर (फोहोर फाल्ने मेसिन सहित)	पेश नभएको	१ ड्राइभर	पेश नभएको	नभएको

असुल गर्नुपर्ने	५,६८,०००

४४ **इन्टरनेट तथा संचार शुल्क:**

पालिकाले चालु शीर्षक बाट (विषयगत शिर्षक बाहेक) यस वर्ष इन्टरनेट महसुलमा संचार शीर्षकबाट रु.९४२०००। खर्च गरेको छ ।

पालिकाले इन्टरनेटको महसुलको खर्च भुक्तानी गर्दा इन्टरनेट महसुलको एकिकृत विवरण बनाई अभिलेख राख्नुपर्नेमा नराखेकोले कार्यालयको इन्टरनेट महसुल खर्च कुन प्रयोजनको लागि कुन ठाउँमा प्रयोग भएको र दोहोरो भुक्तानी भएको सम्बन्धमा यकीन हुन नसकेको, जडान भएको इन्टरनेटको जडान प्रमाण पेश हुनुपर्नेमा पेश नगरेको र विजुली विल लगायतमा जरिवाना समेत भुक्तानी गर्ने

गरेकोले महसुलको व्यवस्थित अभिलेख राखि खर्च नियन्त्रण नगरेको, संचार वापतको रकमबाट ईन्टरनेट समेत भुक्तानी गरेकोमा विभिन्न स्थानमा फ्रि ईन्टरनेट बापतको समेत भुक्तानी गरेको भनेपनि यथार्थ अवस्था यकिन गर्न सकिएन । पालिकाले खर्च व्यवस्थित गर्नुपर्दछ ।

४५ **भाडा**

४५.१ **भाडामा लिएको सम्पत्तिको अभिलेख किताबः** भाडामा प्रयोग भएका सामानहरुको आय व्ययको नियन्त्रण र अभिलेख राख्न मलेप फारम नं ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ । विभिन्न प्रयोजनको लागि घर भाडा वापत रु.९ लाख ८७ हजार र गाडी भाडा वापत रु.२७ लाख ७५ गरी रु.३७ लाख ६२ हजार खर्च गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:
क.भाडा दररेट निर्धारण समितिबाट दर निर्धारण समेत नगरेको,
ख.स्वीकृत मलेप फारम प्रयोग गरी भाडामा भएको खर्चको नियन्त्रण तथा व्यवस्थित अभिलेख राख्नुपर्नेमा नराखेको,
ग.भाडा सम्झौता भएपनि भाडादरमा एकरुपता नभएको,
घ.एकिकृत अभिलेख नभएकाले अवस्था यकिन नभएको,
खरिद नियमावलीमा तोकिएको प्रक्रिया अपनाई खरिद कार्य गर्नुपर्दछ ।

४५.२ **क.सवारी साधन तथा मेशिनरी औजार भाडा**: स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने, सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १३ (२) मा सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिति गठन गर्नुपर्ने, उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी साधनको विवरण, स्पेसिफिकेसन, अवस्था र आयु. प्रचलित बजार दर भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता विषयहरुलाई विचार पुर्याउनुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालय प्रयोजनको लागी सवारी साधन भाडामा लिई रु.२७ लाख ७५ हजार खर्च गरेको छ ।
पालिकाको स्टोर शाखाले पेश गरेको विवरणको आधारमा पालिकामा १ सवारीसाधन रहिरहेको अवस्थामा २ थान वर्षभरि प्रमुख प्रशासकिय अधिकृत चढ्ने र पालिका उपप्रमुख चढ्ने गाडी भाडामा लिएपनि विदाको दिनमा काम गरेको खुल्ने विवरण पेश नगरेको, उपप्रमुख अनुगमन समितिको संयोजक रहेपनि योजना अनुगमन गरेको विवरण पेश नगरेको, गाडी भाडा सम्झौतामा चालकको अनुमतिपत्र विवरण पनि संलग्न रहनुपर्ने भनि सम्झौता गरेकोमा संलग्न नरहेको,कार्यालयमा रहेको अन्य सवारी चालकले चलाएको हो वा हैन यकिन गर्न सक्ने आधार छैन ।

ख.भाडाको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्नेमा व्यक्ति तथा संस्थासँग पटक पटक सोझै सम्झौतावाट खर्च गरेको, सवारी साधन भाडामा लिदा सम्झौता बमोजिम गाडी डाईभर समेत लाईसेन्स सहित व्यवस्था गर्नुपर्ने रहेपनि सेस्तामा संलग्न भएको, लगवुक व्यवस्थित तवरले नराखेको, आवश्यकता बमोजिम र यथार्थमा अधारित रहेको छ भनेमा विश्वत हुने आधार देखिएन । भाडाको लागत अनुमान तयारी गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद नगरी व्यक्ति तथा संस्थासँग सोझै सम्झौता गरेकोमा खरिद नियमावलीले तोकेको प्रक्रिया अपनाएको नदेखिएकोले खर्च रकम अनियमित देखिन्छ । खरिद नियमावलीले तोकेको प्रक्रिया अपनाउदै सवारी साधन प्रयोगको स्थितिलाई थप व्यवस्थित गरी खर्चमा मितव्यिता कायम गरनेमा कार्यालयले ध्यान दिनुपर्दछ ।

४५.३ (✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४६ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.२३ लाख ७ हजार तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.८ लाख गरी रु.३१ लाख ७ हजार अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको छनौट विधि पारदर्शी र प्रतिष्पर्धी नरहेको, विगतको अभिलेख नभएको, सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन नगरेको,अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय नगरेको,खर्चको उपयोगिता सुनिश्चित नभएको, अनुगमन प्रतिवेदन पेश नगरेको अवस्था छ । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

४७ **गुणस्तर आश्वस्तता योजना**

संघ तथा प्रदेश सरकारले निर्धारण गरी स्थानीय तहले स्वीकृत तथा लागु गरेका निर्माण कार्यसँग सम्वन्धित निर्धारित मापदण्ड अनुसार योजना सञ्चालन भए नभएको सम्वन्धमा गुणस्तर आश्वस्तता योजना (Quality Assurance Plan) तयार गरी कार्यान्वयन गर्नु पर्दछ । पालिकावाट सञ्चालन भएका योजनामा गुणस्तरिय कार्य सम्पादन गराउनको लागि गुणस्तर आश्वस्तता योजना (Quality Assurance Plan) तयार गरी सोको कार्यान्वयन अभिलेखिकरण गर्ने गरेको देखिएन । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा कार्यको गुणस्तर परीक्षणको लागि नमुना छनौट प्रकृया सुधार गर्ने र उपभोक्ता समितिवाट सम्पादन गरेका कार्यको समेत उपयुक्त गुणस्तर आश्वस्तता योजना तयार गरी अनुगमनका साथै निर्माण कार्यमा प्रयोग भएको निर्माण सामाग्रीको परिमाण, सोको गुणस्तर र सम्पादन भएको कार्यको गुणस्तर सुनिश्चित हुनु पर्दछ ।

४८ **अनुत्पादक खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययिता सम्बन्धि मापदण्ड तर्जुमा गरी लागु गरेको छैन । कार्यालयले पुजा. महोत्सव सम्मान, शुभकामना कार्यक्रम राखी निम्न अनुसार रु.३७ लाख ३७ हजार खर्च गरेको छ । यस्तो अनुत्पादक, प्रतिफल बिहिन खर्चमा नियन्त्रण गरी मितव्ययितातर्फ ध्यानदिनुपर्दछ । केही उदाहरण निम्न छन ।

(विस्तृत विवरण बेरूजु दफा ४८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४९ **सभा सञ्चालन खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सभा सञ्चालनमा रु.१० लाख बजेट विनियोजन गरेकोमा खर्च गरेकोमा विविध कार्यक्रम खर्च शिर्षकको भौचर नं.२३१-०८१।१२।२९ बाट समेत रु.३०३८३५। सभा सञ्चालनमा खर्च गरेको छ । त्यस अतिरिक्त पालिकाले भौ नं. ३९६-०८२।३।२२ बाट गाउँपालिकाको असार १० गते भएको गाउँसभामा खाजा, खाना, पानी, साउण्ड सिस्टम तथा टेन्टमा रु.३२०६१९। खर्च गरेको, गाउँ सभा सञ्चालनमा भत्ता वितरण, खाना, खाजा, चिया, नास्ता, ब्याग तथा रेनकोट खरिद लगायतको भुक्तानीमा खर्च गरेको र पालिकाले सभा सञ्चालन पूर्व र पश्चात भनि विविध शिर्षकबाट अत्याधिक मात्रामा खाना खाजा खर्च लेखेकोमा त्यस्तो खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।

५० **मोबाइल सुविधा र खरिदः**

मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ बमोजिम पदाधिकारीलाई मोबाइल सुविधा पाउने व्यवस्था नभएको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने र अन्य कानूनहरुमा समेत जनप्रतिनिधी तथा

कर्मचारीहरुलाई मोबाईल खरिद गरी वितरण गर्नुपर्ने व्यवस्था भएको पाइएन । पालिकाले आर्थिक वर्ष ८०।८१ सम्म विभिन्न मोबाइल सेट ५३ खरिद गरेकोमा उक्त सेटहरु क-कसले बुझिलिएका छन् सो जिन्सी अभिलेख नराखी यस वर्ष पदाधिकारी र कर्मचारीलाई उपभोग गर्नका लागि थप ७ वटा मोवाईल रु.३९०५०५। र आईप्याड खरिद रु.१६१०२५।गरी रु.५५१५३०।खर्च गरेकोमा परीक्षण गरिएका निम्न भौचरमा लागत अनुमान तथा स्पष्ट्र प्रायोजन वेगर र मोवाईल कसकसले बुझिलिएको हो सो को विवरण समेत सेस्तामा संलग्न नभएकाले यकिन गर्न सकिएन ।(यसका केही उदाहरण निम्न छन:)

कानूनी व्यवस्था विपरीत मोबाइल खरिदमा भएको खर्च गत विगत वर्षमा समेत अत्याधिक भएकाले खर्च गर्ने आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु.

गो भौ नं मिति	पदाधिकारी/कर्मचारीको नाम	मोबाइलको स्पेशिफिकेसन	खर्च रकम
८१।३।२३	नखुलेको विविध शिर्षकमा	२ वटा ओप्पो र अन्य	२१४६८३
३०७।८२।२।२४	नखुलेको	IPAD 256 gb	१६१०२५

अनियमित भएको	५,५१,७३०

५१ **खेलकुद कार्यक्रम**

५१.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ । पालिकाले देहायअनुसार विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका क्लब, संस्था, व्यक्ती तथा खेलकुद विकास समितिलाई रु.१६ लाख भुक्तानी दिएको छ । यस सम्बन्धी श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोराहरु देहायअनुसार छः

भौ नं.	**खेलकुद कार्यक्रमको विवरण**	**भुक्तानी पाउने**	**भुक्तानी**
१८०	कोशी प्रिमियर लिग	कोशी प्रिमियर लिग एण्ड इभेन्ट व्यवस्थापन प्रालि	८०००००
९०	वडा नं १ मा कार्यक्रम	श्री सरस्वती युवा समिति	१०००००
९१	वडा न १ को मा बलान विहुल मेयर टि-20 मेयर कप	बलान विहुल मेयर टि-20 मेयर कप	२५००००
३७६	मधेश प्रिमियर लिग २०८२	एकता होटल र लक्ष्मी गेष्ट हाउस	२०५०००

खेलकुद कार्यक्रम खर्चलाई मितव्ययी बनाउन खर्च गर्ने आधार तथा नर्म्स तयार गरेको पाइएन,

कार्यक्रममा बैठक भत्ता, सहभागी भत्ता, स्वयंसेवक भत्ता, खाना खाजा तथा होटल बास लगायत खर्च अत्याधिक मात्रामा रहेकोमा खर्च गर्ने आधार पाइएन,

कार्यक्रममा भएको खर्च प्रमाणित गरी सार्वजनिकिकरण गरेको पाइएन,

कार्यक्रममा खरिद भएका सामाग्रीहरुको जिन्सी दाखिला तथा वितरण र खर्चको अभिलेखांकन समेत गरेको पाइएन,

माग फाराम तथा आवश्यकता पहिचान गरी खेलकुद सामाग्री खरिद गरी वितरण गरेको पाइएन,

मधेश प्रिमियर लिग कार्यक्रमका लागि यस वर्ष रु.४ लाख ५५ हजार खर्च भएकोमा एकता होटल तथा लक्ष्मी होटलमा भुक्तानी गरेकोमा खर्चको पुष्ट्याई पेश गरेको पाइएन, खर्चको पुष्ट्याई पेश गरेपनि खाना तथा खाजा खर्चमा खर्चको ८० प्रतिशत खर्च भएको, खर्चलाई प्रमाणित गर्नेगरी कागजपत्र संलग्न नगरी खर्च लेखेकोले खर्चको वास्तविकता एकिन हुन सकेन । पालिकाले यस प्रकृतीको खर्चलाई निश्चित कार्यविधि तथा खर्चको नर्म्स बनाई मितव्ययी बनाउनुपर्नेमा बनाएको पाइएन ।

५१.२ **कोशी प्रिमियर लिग र मधेश प्रिमियर लिग क्रिकेट प्रतियोगिता सञ्चालन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा कामको आवश्यक्ता, किसिम, समयावधि, गुणस्तर, जनशक्ती, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त तयार गरी मौजुदा सुचिमा रहेका ग्रैह सरकारी संस्थाबाट सूचना प्रकाशन गरी सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटा सँग आर्थिक प्रस्ताव माग गरी प्रस्तावनाका आधारमा गैर सरकारी संस्था छनौट गरी कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा

वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(३) मा कार्यालयले सरकारी रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृति गराई खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले अध्यक्षकप फुटबल प्रतियोगिता सञ्चालन गर्न नियमावलीमा भएको व्यवस्था पालना नगरी को एकमात्र प्रस्तावनाका आधारमा २०८१।३।९ मा सम्झौता गरेको छ । क्लबले प्रस्तावनाका आधारमा कार्य सम्पन्न गरेको बिल भरपाई पेश गरेकोमा कार्यक्रम सञ्चालनको पुष्टयाई प्रमाण गर्ने कागजपत्रहरु, अनुगमन प्रतिवेदन आदि श्रेस्ता साथ पेश हुन आएन । मिति २०८१।३।२३ मा गाउँपालिका अध्यक्षद्वारा कार्यक्रम सञ्चालन भईसकेको उल्लेख गरी भुक्तानी सिफारीसका आधारमा पालिकाले क्लबलाई रु.८ लाख र ४ लाख ५५ हजार भुक्तानी गरेको छ । त्यस खर्चमा चालु प्रकृतिका खर्च भएको प्रमाण पेश भएको छ । खाना तथा खाजा लगायतमा भएको खर्चको पुष्टयाई प्रमाण बेगर सम्झौता तथा सिफारिसका आधारमा खर्च भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१२,५५,०००

५२ कन्टिजेन्सी खर्च

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी कन्टीन्जेन्सी खर्च गरेको छ।

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरणअनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन्।

कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मुल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ।

कन्टिन्जेन्सी रकमबाट, विविध, कार्यालय मालसामान, इन्धन लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

५३ वडा संचालन खर्च:

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्नेमा यस वर्ष वडा संचालन र धर्म संस्कृत खर्च बापत विभिन्न शीर्षकहरु जस्तै खाजा,नास्ता, इन्धन, मसलन्द तथा कार्यालय सामाग्री, मर्मत तथा सम्भार र विविध जस्ता शिर्षकमा ६७ लाख बजेट व्यवस्था गरी रु.६३ लाख खर्च गरेकोमा कुल आन्तरिक आय रु.१६६% को प्रतिशत रहेको छ ।

वडाका विभिन्न कर्मचारीहरुले बील पेश गरेकै आधारमा उनीहरुको नाममा भुक्तानी भएको देखिन्छ भने वडाबाट खरिद भएका धेरैजसो मसलन्द सामग्रीहरु जिन्सी दाखिला नगरेको, खर्चमा के कस्तो कामका लागि कति खर्च गर्ने, विविध प्रकृतिका खर्चहरुलाई कसरी कम गर्न सकिन्छ भन्ने विषयमा उचित मापदण्ड नबनाएको, पालिकाले वडाहरुमा शीर्षक अनुसार बजेट विनियोजन नगरी एकमुष्ट विविध,वडा संचालन जस्ता शीर्षकबाट खर्च लेखेकोले कुन शिर्षकमा कति र स्वीकृत बजेटको सीमा भित्र रहेर खर्च भयो कि भएन भनेर यथार्थ मूल्यांकन गर्न सकिएन,

वडाका श्रेस्ता परीक्षण गर्दा स्पष्ट मापदण्ड बेगर अधिकांश खाना, खाजा, चिया, नास्ता, पानी र ईन्धन लगायतका खर्च रहेको, अन्य खरिद सामग्रीहरुको दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको, व्यवस्थित जिन्सी खाता नभएको, इन्धन खर्चको लगबुक विवरण भरेको पाइएन,

वडाहरु र कार्यलयलाई वार्षिक रुपमा आवश्यक पर्ने मसलन्द तथा कार्यालय सामग्रीहरुको अनुमान गरी खुल्ला प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने र खरिद भएका सामग्रीहरुलाई PAMS प्रविष्ट गरी प्रत्येक वडाहरुमा हस्तान्तरण गर्नुपर्दछ । यस प्रकृतिका खर्चका केहि उदाहरण निम्न अनुसार रहेका छन् ।

५४ **वृतचित्र प्रकाशन**

सुचना प्रकाशन शिर्षकबाट बृत्तचित्र निर्माणको लागि गत वर्षको भुक्तानी भनि वान न्युज मिडिया प्राली रु.४ लाख ९७ हजार र सरुण मिडिया प्रालीलाई रु.४ लाख ९७ हजार समेत रु.९ लाख ९४ हजार भुक्तानी भएतापनि सम्झौता गर्दा कुन संचार माध्यममा प्रशारण गर्ने भ्वाइस ओभर कस्ले गर्ने क्यामरा मेन सुटिङ लगायतका पक्षहरुमा कति अनुभवीबाट गराउने हो सो एकिन गरेको देखिएन । लागत अनुमान तयार नगरी फर्मले पेश गरेको दररेटलाई नै आधार लिदा वास्तविक खर्च भन्दा बढी हुने तथा यस्तो कार्य गराउदा फर्ममा उल्लेख भएका जनशक्तीबाट नै भएको हो भन्ने प्रमाण अभिलेख गर्नुपर्नेमा सो गरेको देखिएन । उक्त खर्चको लागत अनुमान देखि कार्यसम्पन्न सम्मको कार्य भएपनि विविध कार्यको उल्लेख्य जनशक्तिवाट भएको र प्रभावकारिताको अवस्था यकिन गर्नुपर्ने देखिन्छ । साथै जिन्सी दाखिला गरी अध्यावधिक गर्नुपर्दछ ।

५५ **औषधी खरिद**

५५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने, उपभोक्तालाई सहज सेवा,औषधि तथा सामानको पहिचान, सोको छनौट र प्रक्षेपण तथा खरिद र जिन्सी व्यवस्थापन समेत विषय समेटेर तिनै तहले कार्यान्वयन गर्न सक्ने गरी संघीय स्वास्थ्य सेवा विभाग,आपूर्ति व्यवस्था महाशाखाले औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ जारी गरेको छ । यस वर्ष आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद तर्फ पालिकाको स्रोतवाट रु.१३ लाख ९३ हजार (सर्जिकल सामाग्री खरिद) र संघीय सशर्त तर्फ रु.१३ लाख ९३ हजार समेत कुल रु.२३ लाख ९३ हजार बजेट विनियोजन गरी विभिन्न भौचर रु.२२ लाख ५७ हजारकोकम्पनीले प्रकाशित मुल्य सुची अनुसार खरिद कार्य सम्पन्न गरेको छ । औषधि खरिद गर्दा स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग तथा विश्वस्वास्थ्य संगठन र आयुर्वेद विभागले निर्धारण गरेका गुणस्तरका मापदण्ड आवश्यक हुने व्यहोरालाई समावेश गरी आवश्यक औषधि, मेडिकल उपकरण तथा औषधि प्रतिशपर्धात्मक तवरले खरिद गर्नु पर्दछ । पालिकाले आकस्मिक अवस्थामा खरिद गर्न सकिने प्रावधान राखी खरिद ऐनको प्रावधान विपरित सशर्त र पालिकाबाट छुट्टा छुट्टै बजेट राखी टुक्रा पारेर खरिद गर्नु नियमसम्मत देखियन। खरिद ऐनको प्रावधान वमोजिम प्रतिष्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ ।

स्रोत	गो.भौ/मिति	आइटम	बजेट	खर्च	व्यवसायी	भुक्तानी (हजारमा)
पालिका	९।८२।३।२०	४६	१० लाख	९७८	सन्जु श्री मेडिकल सप्लायर्स प्राली	९७८
संघीय सशर्त	१२३।८२।३।२५	२३	१० लाख ९३ हजार	९८३	त्रिवेनी सर्जिकल सप्लायर्स प्राली	९८३
पालिका	२६४।८२/०१/२४	४२	३लाख	२९५	ककालिनी भेटनरी सेन्टर	२९५
जम्मा			२३ लाख ९३ हजार	२२५७		२२५७

पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपुर्ति समेत गरेको देखिएन । आपुर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीमा प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

५५.२

औषधि तथा औषधिजन्य उपकरणको मौज्दात व्यवस्थापनः औषधिजन्य मालसामान खरिद तथा आपुर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४को परिच्छेद २ मा आपुर्ति व्यवस्थापन सम्वन्धी व्यवस्था गुणस्तर, वितरण, भण्डारण, अभिलेख तथा प्रतिवेदन र विद्युतीय आपुर्ति व्यवस्थापन सुचना प्रणाली प्रयोग, स्वास्थ्य सामाग्रीको विवेशपुर्ण उपयोग लगायत विषय समावेश रहेको छ। पालिकाको स्वास्थ्य माहाशाखामा रहेको जिन्सी अभिलेख अनुसार ६ आइटमको मौज्दात र वितरण अवस्था माग गरिएकोमा लेखापरीक्षणका क्रममा पेश भएन ।

पालिकाको विद्युतीय आपुर्ति व्यवस्थापन सुचना प्रणालीको प्रयोग पुर्ण रुपमा लागु नभएकोले पालिका स्वास्थ्य शाखाको मौज्दात प्रतिवेदन प्रणालीमा हस्तान्तरण भएको परिमाणसँग मातहतका स्वास्थ्य संस्थामा शाखागत तथा संस्थागत खर्च तथा मौज्दात भिडान हुने अवस्था रहेको छैन। सहजीकरण पुस्तिकामा उल्लिखित भए अनुसार गुणस्तरीय औषधि तथा औषधिजन्य मालसामान खरिद, आपुर्ति र जिन्सी व्यवस्थापन गर्नु पर्दछ ।

५५.३ प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याचनं., निशुल्क वितरण तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्नेमा AMOXICILLIN 500mg, रेक्सामोल १२५mg र ORC मा निशुल्क वितरण लगायत भएको पाईएन ।अतःतोकिए अनुसार औषधि खरिद कारबाही गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५५.४ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **९८३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(विस्तृत विवरण बेरूजु दफा ५५.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	०

५६ कर्मचारीको स्तरवृद्धिः-

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने, प्रदेश र स्थानीय तहको पदमा नियुक्ति सिफारिस गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन २०७५ अनुसार आयोगको परामर्श लिनुपर्ने, साविक स्थानिय तहका कर्मचारीलाई स्थानिय सेवाको गठन, संचालन र सेवाका शर्तहरुको सम्बन्धमा बनेको ऐनको दफा ४ (छ) मा समान पदमा समायोजन भएकाहरुको हकमा बढीमा १ पटक स्तरवृद्वी गर्न सक्ने व्यवस्था भएकोमा लोकसेवाको परामर्श लिई ३ जना कर्मचारीको स्तरवृद्धि गरी (कार्यालयबाट पेश भएको विवरणको आधारमा) रु.७४१३९।तलव भुक्तानी भएकोमा थप व्ययभार परेको छ । पालिकाले कर्मचारीहरुको स्तरवृद्धि गर्दा समायोजन भन्दा अघिको समान पदमा रहेमात्र स्तरवृद्वी गर्न सकिने व्यवस्था भएपनि अघिल्लो पदको बारेमा स्पष्ट उल्लेख गरेको छैन ।कर्मचारीहरुको सेवाको शर्त सम्वन्धी कानुन, स्तरवृद्धि गर्दा अपनाउनुपर्ने सर्वमान्य सिद्धान्त, लोकसेवा आयोगको परामर्श र स्थानिय सेवा सम्बन्धि कानुन बमोजिम स्तरवृद्वी गर्नुपर्दछ ।

सि.नं	कर्मचारिको नाम पद	साविक तह	हालको तह	साविक दर	हालको दर	बढी	जम्मा
१.	विष्णुदेव मैहया	सहायक चौथो	सहायक पाँचौ	४९०५२.५२	४९११९.१९	६६.६७	४६६.६९
२.	विल्टु यादव	सहायक तेश्रो	सहायक चौथो	३९४५७.२	४०६०५.६	११४८.४	८०३८.८
३.	दिनेश कुमार मण्डल	सहायक पाँचौ	अधिकृत छैठौँ	४८०५९.	५७४३५.०८	९३७६.०८	६५६३२.५६
	जम्मा						७४१३८.०५

५७ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम

व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ३ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष ५४१ जनालाई औसत १०.२९ दिनले ५५६८ दिन रोजगारी उपलब्ध गराई रु ३७१९४२४ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

५८ **शिर्षक फरक:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रकम अधिकार प्राप्त अधिकारीले खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले चालुतर्फ निम्न शिर्षक परिवर्तन गरी खर्च गरेको देखिएकाले सम्बन्धित शिर्षकबाट मात्र खर्च गर्नुपर्नेमा नियमावलीको पालना नगरी भएको खर्च नियमसंगत मान्न नसकिएको रु.

गो.भै.न./ मिति	हुनुपर्ने शिर्षक	भएको शिर्षक	रकम
१३६।८२।३।२५	२२५२२	२११३९	८०००००
४२८।२०८२/०३/२५	स्वयम सेविका भत्ता	पानी तथा विजुली	२०००००
१२७।१२८।११।२	सुचना प्रकाशन	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	९९५०००
जम्मा			१९९५०००

अनियमित भएको	१९,९५,०००

५९ **पानी तथा विजुली:**

पालिकाले पानी तथा बिजुली(२२१११), सन्चार महसुल (२२११२), सार्वजनिक उपयोगिताका सेवा खर्च(२२११३ बापत यस वर्ष रु.११ लाख ७६ हजार खर्च गरेकोमा महसुल भुक्तानीमा बिलम्ब शुल्क/जरिवाना भुक्तानि गरेको, शिघ्र भुक्तानीको छुट सुविधा नलिएकोले पालिकाले बिलम्ब शुल्क र जरिवाना, सिघ्र भुक्तानी सुविधा लिई छूट लिई अभिलेख व्यववस्थित गर्नुपर्दछ ।

६० **अनुदानको प्रगति:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ४० मा कुनै संघ संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो कामको लक्ष्य अनुसार खर्च गरे नगरेको, त्यस्तो रकमको कानून बमोजिम लेखापरीक्षण भए नभएको यकिन गर्नुपर्नेमा गो.भौ.नं ३३.८२.७.२ मा रा आवि वेल्वीलाई रु.६ लाख अनुदान दिएकोमा कार्यप्रगति र लेखापरीक्षण प्रतिबेदन पेश नगरेकोले लक्ष्य अनुसार खर्च गरेको भनि यकिन गर्न सकिएन । पालिका चालु तर्फबाट तपशिल बमोजिमका संस्थाहरुलाई अनुदान दिएकोमा सम्बन्धित संस्थालाई निकाशा गरिएको अनुदान रकमको सहि सदुपयोगको सुनिश्चितता गरी सोको कार्य प्रगति र लेखापरीक्षण प्रतिबेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६,००,०००

६१ **संस्थालाई भुक्तानी:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४९ मा बिक्रेताबाट सोझै मालसमान खरिद गर्दा सुत्र प्रणालीमार्फत कारोबार गर्दा इलेक्ट्रोनिक फण्ड ट्रान्सफर विधि पनि शुरु भैसकेको भएतापनि पालिकाले निम्नानुसार खर्च भुक्तानी गर्दा सम्बन्धित संस्था/फर्मलाई भुक्तानी नदिई व्यक्ति मार्फत भुक्तानी गरेको पाइयो। यसरी खर्च भुक्तानी गर्ने प्रवृत्तिमा सुधार गरी कारोबार भएकै संस्था वा फर्मलाई नै भुक्तानी गर्नुपर्दछ। त्यस्ता केही उदाहरण निम्नानुसार छन्ः

गो.भौ.न./ मिति	भुक्तानी पाउने	कार्यक्रम	रकम
२६ भौचर मार्फत	पवन कुमार यादव	विभिन्न	२४९६०००
विभिन्न १२ भौचर मार्फत	विजय कुमार सेठ	विभिन्न	१०७१०००

६२ **तालिम तथा कार्यक्रमः**

६२.१ **गैर सरकारी संस्थाबाट खरिद कार्यः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकम सहित अनुमान तयार गर्नुपर्ने, नियम ९९(२)मा काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु मूल्याङ्कन गरि सारभुत रुपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने व्यवस्था छ ।

पालिकाबाट गैर सरकारी संस्थाबाट तालिम गोष्ठी, सेमिना संचालन गर्दा उल्लेखित व्यवस्थाको पालना नगरी सोझै सम्झौता गरेकोमा परिक्षण गरीएका यस वर्ष देहाय अनुसारको तालिम, गोष्ठी, कार्यक्रम संचालन गरे बापत रु.१९ लाख ७२ हजार भुक्तानी भएकोमा अन्य शिर्षकबाट समेत थप कार्यक्रम संचालन गरेको अवस्था छ । पालिकाले गैर सरकारी संस्थाबाट कार्य गराउनुको आवश्यकता, लाभ लागतको बिश्लेषण नगरी सार्वजनिक खरिद विधिको पालना र प्रतिस्पर्धा वेगर बजेटका आधारमा सोझै सम्झौता गरी खर्च गरेको रकम नियमसम्मत देखिएन । पालिकाले संचालित कार्यक्रम विषयगत शाखाबाट संचालन गरी मितव्यायी बनाउनुपर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा ६२.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६२.२ **तालिम कार्यक्रमको नर्म्सको पालनाः** पालिकालले तालिम, गोष्ठी, समिनार, कार्यशाला संचालनमा हुने खर्चलाई एकरुपता कायम गरी पारदर्शी र पुर्बानुमान योग्य बनाउनुपर्ने र तालिम गोष्ठी, सेमिनारहरु संचालनको अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०81अनुसार गर्नु पर्नेमा पालिका तथा वडास्तरबाट संचालन भएको कतिपय तालिम गोष्ठीहरुमा उल्लेखित कार्यविधिको पालना गरेर खर्च भएको पाइएन । पालिकाबाट संचालित तालिम, गोष्ठी, सेमिनारको स्रेस्ता परिक्षण गर्दा देहायको कार्यक्रममा स्रोत व्यक्ति वा प्रशिक्षक भत्ता, सहभागी स्टेशनरी खर्च, सहभागी खाजा खर्च, प्रतिवेदन खर्च लगायतको शीर्षकमा कार्यविधिले तोकेको भन्दा बढी दरमा बढी भूक्तानी भएको रकम रु.४४०००।असूल गर्नु पर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा ६२.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	४४,०००

६२.३ **तालिम गोष्ठी खर्चमा नर्म्सको पालनाः** यस पालिकाबाट संचालित तालिम गोष्ठि, सेमिनारहरु गैरसरकारी संस्थाबाट गराएको भएता पनि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ र नियमावली, २०६४ को नियम ९९ बमोजिमको प्रकृया पुरा नगरी गरेको र खर्चको मापदण्ड सम्बन्धी निर्देशिका अनुसार लागत अनुमान तयार गरी सार्वजनिक सूचनाको माध्यमबाट प्रस्ताव माग गरी प्रतिस्पर्धात्मिक (घटाघट) विधिबाट कार्य गराएको नदेखिएकोले खर्चको मापदण्ड अनुसारनै संस्थाले खर्चको गर्नुपर्नेमा गरेको पाइएन । पालिका तथा वडास्तरबाट संचालन भएको कतिपय तालिम गोष्ठीहरुमा उल्लेखित कार्यविधिको पालना नगरको, संचालित तालिम, गोष्ठी, सेमिनारको स्रेस्ता परिक्षण गर्दा स्रोत व्यक्ति वा प्रशिक्षक भत्ता, सहभागी स्टेशनरी खर्च, सहभागी खाजा खर्च, प्रतिवेदन खर्च लगायतको शीर्षकमा कार्यविधिले तोकेको भन्दा बढी दरमा भूक्तानी गरी थप व्ययभार पारेको देखिन्छ । पालिकाले खरिद नियमावली बमोजिम लागत अनुमान तयार गरी नम्सको पालना गर्नेगरी प्रतिष्पर्धात्मक तरिकाले कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।

मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८१ माप्रदेश अन्तर्गतका कार्यालयहरुले निर्देशिकाले तोकेको दर अनुसार खर्च लेख्न सकिने तथा पालिकाहरुले आफ्नो खर्च मापदण्ड बनाउँदा सम्बन्धित संघ र प्रदेशको खर्च मापदण्डलाई आधार लिई खर्च मापदण्ड बनाउन सक्ने व्यवस्था छ । प्रदेश खर्च मापदण्ड र अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका अनुसार तुलना गर्दा देखिएका व्यहोरा निम्न छन्:

खर्च शिर्षक	प्रदेश खर्च मापदण्ड २०८१ अनुसार	अर्थ मन्त्रालयकार्यसंचालन निर्देशिका २०८१ अनुसार
कार्यक्रम संयोजक	४००	४००
प्रशिक्षक (कार्यपत्र समेत)	१०००	१३००
सहयोगी कर्मचारी (प्रतिदिन)	२५०	२५०
सहजकर्ता/ बाह्य(प्रतिदिन)	१०००	९००
खाजा	२५०	३००
खाना	४०० (आवासिय तालिममा)	४०० (आवासिय तालिममा)
स्टेशनरी (प्रति व्याक्ति)	१५०	१००
तालिम सामग्री (प्रति तालिम)	प्रचलित बजारदर	प्रचलित बजारदर
सहभागी यातायात खर्च	नभएको	एकमुष्ठ २०० वा ५००

पालिकाले संघीय र प्रदेश कानुनसँग एकरुपता कायम हुनेगरी दररेट निर्धारण गरी कार्यक्रम संचालन गर्नुपर्दछ।

६२.४ **कार्यक्रम अनुगमन भत्ताः** गैर सरकारी संस्थाबाट कार्यक्रम संचालन भएकोमा पालिकाबाट अनुगमनमा खटिएका पदाधिकारीले सोही संस्थामार्फत अनुगमन भत्ता लिन नहुने र एकमुष्ट वार्षिक ३६ बटा मात्र अनुगमन भत्ता लिन पाउने व्यवस्था रहेकोमा त्यस विपरित विषयगत शाखा र गैरसरकारी संस्थाबाट समेत देहाय वमोजिम भुक्तानी लिएको देखिन्छ । पालिकाको स्रोतबाट संचालित कार्यक्रमको अनुगमन गर्नु र सम्झौता वमोजिम नभएको खण्डमा निर्देशन दिनुपर्ने कानूनी दायित्व रहेकोमा पालिका प्रमुख र प्रशासकीय अधिकृत समेतको टोलीले अनुगमन गरी लिएको भत्ता दोहोरो र कानुन बमोजिम नरहेकाले दोहोरो भएको भत्ता रु.३९६४०।असुल गर्नुपर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरुजु दफा ६२.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	३९,६४०

६२.५

- कार्यक्रम तथा तालिम कार्य गराउदा सार्वजनिक खरिद कानून बमोजिम खर्चको विभागीय नर्म्स, जिल्ला दररेट नर्म्स, कार्य क्षेत्रगत शर्त जस्ता आधारभुत विषयलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्नेमा फर्मले पेश गरेको दररेटको आधारमा सम्झौता गर्ने गरेकाले खरिद ऐनको पालना गरेको पाईएन,
- संघ संस्थाहरुको छनौट प्रक्रिया पारदर्शी हुनुपर्नेमा भएको पाईएन,
- अधिकांश कार्यक्रमहरुमा तिनवटा कोटेशन पेश गरी संस्था छनौट पारदर्शि भएको पाइएन,
- लक्षित वर्ग पहिचान गरी सहभागी छनौट गर्नुपर्नेमा सहभागी छनौटको मापदण्ड स्पष्ट भएको पाइएन,
- उस्तै प्रकृत्तिको कार्यक्रम कार्यालयका कर्मचारीद्वारा समेत सञ्चालन भएकोमा कार्यक्रम तथा सहभागीमा दोहोरोपना भए नभएको अभिलेखाङ्कन भएको पाईएन,
- छनौट भएका सेवा प्रदायकको कार्यक्रम सञ्चालकको विज्ञता सम्बन्धी मुल्याङ्कन भएको पाईएन,
- कुल विनियोजित रकमलाई नै आधार लिई प्रस्तावना माग गर्दा विनियोजित रकमकै हाराहारीमा प्रस्तावना पेश भएकोमा प्रतिष्पर्धा भएको पाईएन,
- वर्षेनी यस प्रकृतीको कार्यक्रम सञ्चालन भएकोमा पालिकाले कार्यक्रमको उपलब्धीता मापन गरेको पाइएन,
- पालिकाले सिलाइ कटाई तालिमका लागि संस्थाहरु जिल्ला प्रशासन कार्यलय र समाज कल्यान परिसद मा सामाजिक जनचेतना मुलक कार्य हरु गर्न अनुमति लिएको संस्थाहरुबाट प्राबिधिक जनसक्ति र सिप मुलक तालिम

प्रदायक संस्थाहरुबाट गर्ने कार्य गैर सरकारी संस्थाबाट गरेको कानुन सम्मत भएको पाईएन,

- ऐन मा भएको ब्यबस्था बिपरित गैर सरकारी संस्था मार्फत खरिद तथा वितरण गरेको कानुन सम्मत भएको पाईएन,
- सिपमुलक कार्य गर्दा सिपमुलक तालिमको प्रमाणपत्र पालिकाले जारी गरेकोमा प्रभावकारी नहुने र तालिम केन्द्रको मात्र सिपमुलक कार्यमात्र मान्यता पाउने भएकाले यस विपरित गरिएको कार्य नियमसम्मत भएको पाईएन,
- तालिम तथा कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सहि पहिचान गरी उद्यम विकास कार्यक्रम सँग नदोहोरिने प्रवृत्तिको तथा स्थानीय श्रोत साधन र क्षमताको प्रयोगलाई समेत विचार गरेको पाइएन,
- तालिममा सहभागिहरुको नाम, फोन नम्बर लगायतका एकिकृत विस्तृत विवरण लगायत तयार गरी पहिचान गरेको पाइएन,
- अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका २०८१भन्दा बढी बढी दरको नम्स प्रयोग गरीएकोले नम्सको पालना गरेको पाइएन,
- पालिकाले प्रचारमुखि कार्यक्रममा ध्यान दिएको, सरसफाई, प्रजनन स्वास्थ्य, लैङ्गीक हिंसा, विद्यार्थी तथा वालवालिका लक्षित समुहको सशक्तिकरण जस्ता कार्यक्रमहरु पालिकाको बिषयगत शाखाहरु स्वास्थ्य, महिला तथा वाल विकास लगायतबाट न्यूनतम लागतमा गर्न सकिने अवस्थामा समेत प्रति कार्यक्रम औषतमा ५ लाखसम्म बजेट विनियोजन गरी वर्षान्तरको अन्त्यमा गैरसरकारी संस्थाबाट कार्य गराउन मनासिव र औचित्यपुर्ण रहेको पाइएन,
- कार्यक्रम बर्षान्तको अन्तिममा महिनामा संचालन गरेको, संस्था छनौट गर्दा कार्यक्रमको प्रकृति अनुसार संस्थाको अनुभव र जनशक्ति भए नभएको बिश्लेषण गरेको पाइएन,
- कार्यक्रम एकै दिन र मितिमा संचालन भएको, एउटै कार्यक्रम भित्र धेरै समुहमा कार्यक्रम गरेको भनि खर्च देखाईएको खर्चको सार्वजनिक परिक्षण गरेको पाइएन,
- सार्वजनिक खरिद कानून बमोजिम विभागीय नर्म्स, जिल्ला दररेट, सार्वजनिक खरिद कानून लगायतका आधारभुत विषयलाई आधार लिई लागत अनुमान तयार नगरी फर्मले पेश गरेको दररेटको आधारमा सम्झौता गरेको र कर्मचारीलाई नियमित तलव भत्ता भुक्तानी गर्ने र निजहरुले गर्नसक्ने कार्य बाह्य संस्थाबाट गराउदा मितव्ययी भएको पाइएन । पालिकाको मितव्ययी रहेको तथा विद्यमान नर्म्स बमोजिम रहेको छ भन्न सकिने आधार प्रमाण पेश नभएकोले खर्चमा नियन्त्रण गरी यस्ता किसिमका कार्यक्रम राख्ने र गर्ने पदाधिकारीलाई जिम्मेबार बनाई खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

६३ स्वकिय सचिव तथा कानूनी सल्लाहकार:

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकको अनुसूचिको 'क मा गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सेवा सुविधाको दर तोकिएकोमा स्थानीय तहका प्रमुख तथा उप-प्रमुखले स्वकिय सचिव राख्न पाउने व्यवस्था गरेको छैन । उक्त ऐनको दफा १४ मा ऐनले निर्धारण गरेको वाहेक अन्य सुविधा नपाउने उल्लेख छ । पालिकाले गाउँपालिका अध्यक्ष स्वकिय सचिवको रुपमा लाई करारमा नियुक्त गरी अध्यक्षको स्वकिय सचिवलाई मासिक रु.२५००० का दरले १२ महिनाको कुल रु.३३५००० र अर्को स्वकिय सचिवलाई मासिक रु.१८०००। का दरले रु.२४४०००। समेत रु.५७९०००। र दुई जना अधिवक्ता राम प्रशाद भलेश्वर र दुर्गा नन्द चौधरीलाई मासिक रु.१५००० र रु.२५,०००। का दरले १२ महिनाको रु.५२००००। पारिश्रमिक भुक्तानी गरेकोमा अधिवक्ताद्वारा गरेको कार्यको विवरण लेखापरीक्षणका क्रममा पेश गरेको पाइएन ।

ऐनले निर्धारण गरेको भन्दा वाहेकको स्वकिय सचिव तथा कानूनी सल्लाहकार नियुक्त गरी निजहरुलाई तलब भत्ता भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१०,९९,०००

६४ **जनतासँग गाउँपालिका अध्यक्ष कार्यक्रम**

पालिकाले उत्पादनमुलक, विकासमुलक र प्रतिष्पर्धात्मक कार्यमा बजेट व्यवस्था गरी खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष जनतासँग अध्यक्ष र जनतासँग अध्यक्ष स्वास्थ्य कार्यक्रम संचालन गर्न रु.१५ लाख बजेट व्यवस्था गरेकोमा रु.१४ लाख ८० हजार खर्च गरेको छ ।

कार्यक्रमको श्रेष्ता परीक्षण गर्दा अंधिकाश कार्यक्रममा पेश्की लिएको भएपनि पेश्की फस्यौट गरेको,पेश्की वापत लिएको रकमको यथार्थ अभिलेख अध्यावधिक नगरेको,नमुना छनौट गरी खर्चहरुको श्रेस्ता परीक्षण गर्दा स्पष्ट मापदण्ड बेगर अधिकांश खाना, खाजा, चिया, नास्ता, पानी लगायतका विलहरु रहेको देखिन्छ । यसरी प्रायोजन वेगर गापा अध्यक्षसँग जनतासँग कार्यक्रम संचालकले खाना तथा खाजा खर्चमा नै सवै खर्च गरेको, अंधिकाश कार्यक्रमको पेश्की गापा अध्यक्ष खेमचन्द्र यादवले लिएको,पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने,वडाबाट खरिद गर्ने परिपाटी नियन्त्रण गरी स्पष्ट देखिने गरी, दोहोरो नहुने गरी तथा मितव्ययी हुनेगरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ । साथै अनुत्पादक र प्रचारात्मक कार्यले दिर्घकालिन पुँजी सिर्जना हुन नसक्ने भएकाले गा.पा अध्यक्षले पेश्की लिई खर्च गर्ने कार्य नियमसम्मत नदेखिएकाले यस्ता कार्यमा सुधार गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ६४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६५ **बिउ बैँक:**

पालिकाले यस वर्ष विउ वैँक स्थापना गरी खाधान्न खरिद गर्नका लागि आर आर स्टेशनरीबाट रु.८ लाख ९९ हजार भुक्तानी गरेकोमा कार्यविधि नबनाएकाले खाधान्न कसलाई वितरण गरिएको हो अवस्था कस्तो छ भन्न सक्ने अवस्था नभएकाले यकिन गर्न सकिएन । पालिकाले कार्यविधि निर्माण गरेर मात्र बिउ बैँक कार्यान्वियन गर्नुपर्दछ ।

६६ **प्रशासकीय भवन**

६६.१ ठेक्का नं ५- २०७९।८०, गाउँपालिकाको प्रशासकीय भवनको निर्माण कार्यका लागि कुल लागत अनुमान रु. २,४३,५९,४३९/८२ (कन्टिन्जेन्सी र पी.एस. सहित) भएको निर्माण कार्यको बोलपत्रको माध्यमबाट निर्माण व्यवसायी अन्शुमान नायरा जे.भी.सँग रु. २,३८,५९,४१८।२६ को सम्झौता भई अन्तिम रनिङ बिल रु २६०१६०४।३२ समेत जम्मा रु. २,३१,९४,८३०/७२ (मू.अ. कर समेत) को प्राविधिक मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरेको छ। गुरु योजना अनुसार साढे दुई तलाको भवन बनाउनु पर्नेमा १ तला भवनको मात्र ठेक्का लगाई कार्य कार्यसम्पन्न गरेको छ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ (१) अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ । यू एस आर निर्माण सेवाले ठेक्का सम्झौता अनुसारको निर्माण कार्य सम्पन्न भएपछि ३० दिन भित्र एज विल्ट नक्सा पेश भएको देखिएन । SCC अन्तर्गत GCC 71.2 को शर्त अनुसार एज विल्ट नक्सा पेश नगरेकोले अन्तिम भुक्तानीबाट रु ५००००।०० कट्टी गर्नु पर्ने उल्लेख भएकोले एज वल्ट नक्सा पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	५०,०००

६६.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । गाउँपालिकाको प्रशासकीय भवनको कुल लागत अनुमान रु. २,३८,५९,४१८।२६ भएको निर्माण कार्यको प्राविधिक मूल्याङ्कन रु. २,३१,९४,८३०। ७२ गरी १ तलाको भवन बनाई कार्य कार्यसम्पन्न गरेकोमा उक्त भवनको मुल्य खुलाई जिन्सी दाखिला गरेको देखिएन । पालिकाले

हालसम्म अद्यावधिक रहेको जग्गा लगायत सम्पत्तिको सुरक्षा गर्ने र अभिलेखभन्दा बाहिरका जग्गालगायत सम्पत्ति खोजि गरी आम्दानी बाँध्नेतरफ ध्यान दिनुपर्दछ ।

६७ **पोलिटेक्निक कलेज र प्राविधिक शिक्षालय**

६७.१ यस पालिकाको प्रोलिटेक्निक कलेज भवन वार्ड नं १ निर्माण गर्न लागत अनुमान रु.४९३००००००।०० कायम गरी ठेक्का मार्फत कार्य गराउन निर्माण व्यवसायी एस.के.आर ग्रुप सँग २०८१।१।२१ मा मु.अ.कर समेत रु.३५०४४६५२। को (२८।७२ प्रतिशत घटी) सम्झौता भएको र सम्झौता अवधि २०८३।३।१५ सम्म रहेकोमा कायम गरको छ । हालसम्म रु.२०३९५४८८। भुक्तानी गरेकोमा कार्य ५८ प्रतिशत प्रगति रहेको छ । समयमै कार्य सम्पन्न गर्न पालिकाले जोड दिनुपर्ने देखिन्छ ।

प्रोग्राम अपडेटः कार्यालय र निर्माण व्यवसायी बीच भएको खरिद सम्झौताको वोलपत्र सम्वन्धी कागजातको एस.सी.सी. अन्तरगत जी.सी.सी. २६.१ मा स्वीकृत बोलपत्र दाताले स्वीकृतिको पत्र पाएको १५ दिन भित्र निर्माण कार्यको कार्यतालिका स्वीकृतिकोलागि पेश गर्नुपर्ने उल्लेख छ । त्यस्तै २६.३ मा प्रत्येक ३० दिनभित्र कार्यक्रम कार्यान्वयन तालिका अद्यावधिक (प्रोग्राम अपडेट) गर्नु पर्ने र ढिलो गरी पेश गरेमा सो वापत सम्झौतामा उल्लेख भए अनुसार ५०००० रोक्का राखिने उल्लेख छ । लेखापरीक्षणको क्रममा निर्माण व्यवसायीले अद्यावधिक आयोजना कार्यान्वयन तालिका पेश गरेको देखिएन । निर्माण व्यवसायीलाई सम्झौता बमोजिम प्रोग्राम अपडेट पेस नगरेको रकम रोक्का गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	५०,०००

६७.२ पालिकाको प्राविधिक शिक्षालय भवन वार्ड नं ३ निर्माण गर्न लागत अनुमान रु ४६८८३२६०।०० कायम गरी ठेक्का मार्फत कार्य गराउन निर्माण व्यवसायी एस आर के ग्रुप प्रालिसँग २०८१।१।२१ मा मु.अ.कर समेत रु ३१६७१४७८। को (३२।४२ प्रतिसत घटी) सम्झौता भएको र सम्झौता अवधि २०८३।३।१५ सम्म रहेकोमा हालसम्म रु. भुक्तानी गरी ३४ प्रतिशत वित्तिय र ४० प्रतिशत भौतिक प्रगती रहेको छ । समयमै कार्य सम्पन्न गर्न जोड दिनु पर्ने देखिन्छ ।

प्रोग्राम अपडेटः कार्यालय र निर्माण व्यवसायी बीच भएको खरिद सम्झौताको वोलपत्र सम्वन्धी कागजातको एस.सी.सी. अन्तरगत जी.सी.सी. २६.१ मा स्वीकृत बोलपत्र दाताले स्वीकृतिको पत्र पाएको १५ दिन भित्र निर्माण कार्यको कार्यतालिका स्वीकृतिकोलागि पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै २६.३ मा प्रत्येक ३० दिनभित्र कार्यक्रम कार्यान्वयन तालिका अद्यावधिक (प्रोग्राम अपडेट) गर्नु पर्ने र ढिलो गरी पेश गरेमा सो वापत सम्झौतामा उल्लेख भए अनुसार ५०००० रोक्का राखिने उल्लेख छ । लेखापरीक्षणको क्रममा निर्माण व्यवसायीले अद्यावधिक आयोजना कार्यान्वयन तालिका पेश गरेको देखिएन । निर्माण व्यवसायीलाई सम्झौता बमोजिम प्रोग्राम अपडेट पेस नगरेको रकम रोक्का गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	५०,०००

६८ **नमुना विद्यालय भवन निर्माण**

पालिकाले नमुना माध्यामिक विद्यालय, वलान विहुलको गूरु योजना अनुसार लागत अनुमान रु. ८,९८,२१,४९६.३३ भएको विद्यालयको गुरु योजना अनुसारको कार्य गर्न निर्माण व्यवसायी ओम गणेशाय नम: कन्ष्ट्रक्सनसँग २०८२।३।२५ मा कार्यसम्पन्न गरिसक्ने गरी रु. ८,९८,२१,३५७४९६.३३ को मिति २०७९।१।८ मा निर्माण सम्झौता भई चौथो रनिङ्ग विल सम्ममा रु. २,९७,१५,५१५.२७ भुक्तानी भई ३३ एको छ । पालिकाले वार्षिक रुपमा प्राप्त हुने वजेटवाट कार्य गराउने र गूरु योजना अनुसार भएको कार्य खुल्ने विवरण वा एकिकृत नापि किताव तयार गरेको देखिदैन । पालिकाले गूरु योजना अनुसार वार्षिक रुपमा सम्पादन भएको कार्य प्रगति खुल्ने गरी विवरण वा एकिकृत नापि किताव तयार गर्नु पर्दछ ।

कार्य प्रगतिः सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीसँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २ बर्ष अर्थात २०८२।३।

२५ मा सम्पन्न गर्नुपर्नेमा मिति २०८२।०२।२५ को कार्यपालिकाको निर्णय बमोजिम मिति २०८३ आषाढ मसान्तसम्म म्याद थप भएको र निर्माण व्यवसायिले चौथो रनिङ्ग विलसम्म रु.२,९७,१५,५१५।२७ भुक्तानी भएको र यस अवधिमा ३३ वित्तीय प्रगति र ३५ भौतिक प्रगति भएको देखिन्छ । शुरु सम्झौताको समयावधि समाप्त भैसकेको र म्याद थप हुँदा समेत निर्माण कार्य सम्पन्न हुनसकेको छैन । सरोकारवालसँग आवश्यक समन्वय गरी निर्माण सम्पन्न गरी विद्यालयको पठन पाठन सहज गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

निर्माण कार्यतालिकाः निर्माण व्यवसायि सँग भएको सम्झौताको विशेष शर्तको बुँदा ३४.३ मा निर्माण व्यवसायिले हरेक सम्झौतामा तोकिएको दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने अन्यथा रु.५०००० का दरले भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायी ओम गणेशाय नम: कन्ष्ट्रक्सनले सम्झौता वमोजिम कार्यतालिका पेश नगरेको तथा अपडेट गरेको देखिएन। सम्झौताका शर्त वमोजिम कार्यतालिका तोकीएको समयमा पेश नगरेकाले भुक्तानीवाट विथहोल्ड गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५०,०००

६९ **कार्यसम्पन्न प्रतिवेदन**

(✂ ….. कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५,५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७० **उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । प्रदेश सरकारबाट हस्तान्तरित पूंजीगत कार्यक्रममा रु.८० लाख विनियोजित बजेटबाट पालिका भरी कृषी विधुतीकरण कार्य तथा जडान कार्यक्रम गर्दा कानूनमा भएको व्यवस्था भन्दा बढीको लागत अनुमान भएको कार्य उपभोक्ता समितिबाट गराई निम्नानुसार रु.७६,३०,५५२.०० भुक्तानी गरेको नियमसम्मत नदेखिकोले एकै प्रकृतिका कार्यलाई प्याकेज बनाई प्रतिष्पर्धाबाट कार्य गराउन जोड दिनु पर्दछ ।

उपभोक्ता समितिको नाम		पालिकाले गरेको लई	कामको विवरण	बजेट	लागत अनुमान (ओभरहेड र मूअकर)	भुक्तानी रकम
कृषी विधुतीकरण उ.स	वडा १देखि ३	४०लाख	कृषी विधुतीकरण कार्य	८० लाख	१०३९६०००	३८१७४२६
	४ देखी ६ सम्म	४०लाख				३८१३१२६
		८० लाख				७६३०५५२

७१ **१५ शैय्या अस्पताल निर्माण (BBRM/NCB/NCW/15/2078/079)**

७१.१ गाउँपालिकाले एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम अन्तरगत १५ शैय्याको अस्पताल निर्माणका लागि ठेक्का नं BBRM/NCB/NCW/2078/79-15 मार्फत निर्माण व्यवसायी श्री रौता श्रेष्ठ एण्ड सन्स रेग्मी जेभी रु. १६,१३,८४,८७४।५१ (मूल्य अभिवृद्धी कर समेत) मा २०८२।३।१५ मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।१२।३० मा सम्झौता भएको छ । उक्त अस्पताल निर्माणको लागि यो बर्षको अन्त्य सम्म पाँचौं रनिङ्ग विलसम्म रु.९,१०,२९,०५८।२४ को प्राविधिक मुल्याङ्कन गरी रु.८,९३,१०,०१४।०० भुक्तानी भएको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन्

कार्य प्रगती:सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८२।३।१५ मा सम्पन्न गर्नुपर्नेमा प्रथम पटक २०८३।३।२५ सम्म म्याद थप भएको देखिन्छ । निर्माण व्यवसायिले यो बर्षको अन्त्यसम्म पाँचौं रनिङ्ग विल सम्म रु. ८,९३,१०,०१४।०० (मुअकर समेत) मुल्याङ्कन गरी यस बर्षको अन्त्यसम्म ५४ प्रतिशत भौतिक प्रगति भएको पालिकाले जनाएको छ । वर्तमान कार्य प्रगतिलाई हेर्दा तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुने अवस्था नभएकाले श्रोत व्यवस्थापनका लागि थप पहल गरी तोकिएको समय मै भवन निर्माण सम्पन्न गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

७१.२

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

७१.३ **मोबिलाइजेसन पेश्की**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायिले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधि भित्र सम्पादन नगरेको कारणले पेश्की फछ्यौंट हुन नसकेमा सार्वजनिक निकायले बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फछ्यौंट गर्नु पर्ने र निजबाट त्यस्तो पेश्की रकमको सयकडा १० प्रतिशतले ब्याज समेत असूलउपर गर्नु पर्ने व्यवस्था छ । पालिकाले १५ शैया अस्पतालको मोबिलाइजेसन पेश्की बापत रु २६९०००००।०० दिएकोमा रु ११९००००।०० पेश्की फछ्यौंट गरी रु १ करोड ५० लाख पेश्की बाँकी रहेकोमा सो को बैंक जमानतको म्याद १७ अप्रिल २०२६ सम्म मात्र रहेकोले नियमाबली बमोजिम समयमा रनिङ्ग बिल भुक्तानी गर्दा पेश्की फछ्यौट गर्नुपर्दछ ।

७१.४ **बढि भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिलको भुक्तानी गर्दा सम्झौताको शर्त वमोजिम प्राविधिक नापजाँच भएको वास्तविक परिमाणको मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले भवन निर्माणको लागि निर्माण व्यवसायिलाई पाँचौ रनिङ्ग विल भुक्तानी गर्दा पिएस आईटममा समावेश गरी रु २७६०२५।०० दोहोरो पारी भुक्तानी गरेकोले असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	२,७६,०२५

७२ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिका भित्रका विद्यालयहरुलाई कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम मसलन्द खर्च लगायतका लागि सशर्त शिर्षकबाट बजेट व्यवस्थापन भई पालिकाले निकास गरेको छ । उस्तै प्रकारको खर्चको लागि पालिकाले थप सामान खरिद गर्नुको कारण र प्रमाण संलग्न राखेको देखिएन । यसका साथै पालिकाले निकासी गरेको प्रमाण राखेको भएतापनि सम्वन्धित विद्यालयले आम्दानी गरेको प्रमाण (दाखिला, हस्तान्तरण फारम, प्राविधिक विल) संलग्न राखेको नदेखिएकोले पालिकाले अनुगमन गरी दाखिला गरी सामान उपयोगको अवस्थाको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

भौचर नं./ मिति	विवरण	रकम रु
८८-०८२।३।२३ गाउँपालिका पूंजीगत	जनता मा वि बेल्हीको लागि रु ३५००००।०० फर्निचर तथा डेक्स बेन्च खरिद गर्न निकासा दिएकोमा खरिद भएको फर्निचर तथा डेक्स बेन्च विद्यालयले आम्दानी बाधेको प्रमाण संलग्न भएको नदेखिएको रु.	३५००००।००

प्रमाण पेश नगरेको	३,५०,०००

७३ **वडा कार्यालय भवन निर्माण**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **९९,३५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७४ **समपुरक कोष**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७४ को नियम ४५ मा संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान सम्वन्धित शिर्षकमा खर्च गर्ने र बाँकी रकम सम्वन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । बलान विहुल गापा वार्ड न १ कुशहा बेल्ही सडक देखी पुर्व चौधरी टोल सम्म पिसिसि ढलान कार्यको लागि मधेश प्रदेश अर्थ मन्त्रालयको च नं १५३१ मिति २०८२।२।५ को पत्रानुसार प्रदेश सरकारको रु २० लाख र स्थानीय तहको रु ३० लाखको अनुपातमा कार्यसम्न्न गर्नेगरी खर्च गर्नुपर्नेमा समपुरक कार्यक्रमबाट वार्ड न १ कुशहा बेल्ही सडक देखी पुर्व चौधरी टोल सम्म पिसिसि ढलान कार्यको विल बमोजिम लक्ष्मी निर्माण सेवा एण्ड सप्लायर्सलाई रु १९,३२,५६९.०० (भौचर नं. १३-०८२।३।२५) बाट भुक्तानी गरेको छ। पालिकाले समपुरक अनुदान रकम भन्दा रु ११५९५४१। कम खर्च लेखेको देखिएकोले प्रदेश संचितकोषमा ५० प्रतिशत हिस्सा हुने रु ९,६६,२८५.०० दाखिला प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	११,५९,५४१

७५ **उपभोक्ताको काम**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारिण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको, विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको, प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ। पालिकाबाट यस वर्ष उपभोक्ता समितिबाट भएका कार्यहरु देहाय अनुसार छन्:

(विस्तृत विवरण बेरुजु दफा ७५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७६ **बाटो मर्मत**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ अनुसार अन्तिम बिल भुक्तानी गर्दा कहाँबाट कहाँसम्म कार्य भएको हो सो नापी किताब तयार गर्नुपर्ने र सोही अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संचालन गरेका सडकहरुको लागत अनुमान तयार गर्दा र नापी गर्दा चेनेज उल्लेख नगरेकोले कार्य सम्पादन गरेको स्थान खुल्न सकेको छैन । जसले गर्दा काममा दोहोरोपना हुन सक्ने जोखिम रहन्छ । यस अघि भएका काममा आउने दोहोरोपन नियन्त्रण र कार्य स्थलको स्पष्टताको लागि निर्माणस्थलको चेनेज कायम गरी नापी किताबमा चढाउनु पर्दछ । चेनेज उल्लेख नगरी भुक्तानी दिएका कार्यको केही उदाहरण निम्न अनुसार छ –

भौचर नं र मिति	कामको विवरण	उ. स . को नाम	परिमाण घ.मि.	रकम
८७-२०८२।०३।२३	वडा न १ देखी ४ सम्म सडक मर्मत कार्य	बेहुल बालान निमार्ण सेवा	५०००००	४७२६९५
६५-२०८२।३।२०	राम जानकि राप्रवि देखी डिहबार थान सम्म माटो ग्राभेल कार्य वडा न २	श्री राम जानकि उपभोक्ता समिति	५०००००	४,५३,८६३
७६-२०८२।३।२२	वडा न २ को विभिन्न टोलमा माटो ग्राभेल कार्य	वडा न २ को विभिन्न टोलमा माटो ग्राभेल कार्य	३०००००	२८४०००
	जम्मा			१२१०५५८

७७ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३, को नियम ८(२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नु हुदैन भनी उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन । त्यस्तै सोही नियमावलीको नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान शिलबन्पदी दरभाउ पत्रको माध्यमबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सार्वजनिक खरिद कार्यको प्रकृति अनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सिमा अनुसार शिलबन्दी दरभाउपत्र वा बोलपत्रमार्फत कार्य गराउनु पर्नेमा निम्नानुसारको सार्वजनिक खरिद कार्य प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी सोझै रु. १०६५२४४३।- खरिद गरेको पाइयो । पालिकाले सोझै कार्य गराएका निम्नानुसारका योजनामध्ये अधिकांश योजनाहरु बाटोमा माटो पुर्ने प्रकृतिका तथा वितरणमुखि भएको पाईएको हुँदा दिगो विकासमा पालिकाले ध्यान दिएको पाइएन ।

(विस्तृत विवरण बेरूजु दफा ७७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७८ **अभिलेख नराखेको**

गाउँपालिकाको स्थापनाको समय देखि कृषकलाई सहकारी, समुह, उपभोक्ता समिति मार्फत वा सिधै २५, ५०, ७५ प्रतिशत वा सतप्रतिशत मुल्यमा मिनि टेलर, कम्वाईन मिनल, मल्टिक्रस थ्रेसर ट्रयाक्टर लगायतका सामाग्री उपलब्ध गराउँदै आएको छ । वास्तविक सिमान्तकृत कृषकलाई सहुलियतपूर्ण साधन प्रदान गरी उत्पादन लागत घटाई जीवन स्तर उकास्ने अभिप्रायले संघिय, प्रदेश तथा गाउँपालिका स्वयमले यस किसिमको वर्षेनी गर्दै आएको छ । तर पालिकासँग विगत तीन वर्षमा के कति कृषकले, के कति उपकरण तथा औजार वितरण गरेका छन् तिनको अभिलेख माग गर्दा योजना तथा कृषि शाखाले उपलब्ध गराउन सकेन । साथै विपन्न लाभग्राही तथा कृषकलाई यस्ता सामाग्री उपलब्ध गराउदा वास्तविक लक्षित वर्ग पहिचान गरी मापदण्ड तयार गरी वितरण गर्नुपर्नेमा पालिकाले स्वविवेकले सामाग्री उपकरण वितरण तालिम गोष्टी सञ्चालन गरेको छ । तसर्थ वास्तविक लक्षित कृषकको लगत तयार गरी प्राथमिकताको आधारमा उपकरण लगायतका सामाग्री वितरण गर्ने र सोको अभिलेख राख्नु पर्दछ ।

७९ **तराई-मधेश समृद्धि कार्यक्रम**

तराई-मधेश समृद्धि कार्यक्रम संचालन निर्देशिका, २०८१ को बुँदा नं ५ मा नेपाल सरकारले समितिले छनौट गरेको आयोजनामा प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम ७० प्रतिशत रकम अनुदान प्रदान गर्न सकिने उल्लेख छ । पालिकाले यो बर्ष संघीय अनुदानबाट २ योजनाको लागि रु. ५० लाख बजेट प्राप्त गरेको मध्ये तराई मधेश अनुदानबाट रु.५० लाख नै खर्च गरेको देखिन्छ। पालिकाले अनुदानबाट योजनाको कूल खर्च रु. ६३,४७,६२८।०० को ७० प्रतिशतले हुने रु. ४४,४१,२४०।०० मात्र खर्च गर्न मिल्ने देखिएकोले बढी खर्च भएको रकम रु.५,५६,६६०।०० श्रोत मिलान गर्नुपर्ने देखिएको रु

योजनाको विवरण	तराई मधेश अनुदान	यो बर्षको योजनाको कुल खर्च	तराई मधेश अनुदानबाट व्यहोर्नुपर्ने खर्च ७० प्रतिशत	बढी खर्च
भोलाबाबा मन्दिर छेउ आर सि सि ढलान	२५,००,०००	३०,९७,६२८	२१६६२४०	३३१६६०
वडा नं ३ मौवाहा चोक देखि टिकुलिया आर सि सि ढलान	२५,००,०००	३२,५०,०००	२२७५०००	२२५०००
जम्मा		६३४७६२८	**४४४३३४०**	**५५६६६०**

प्रमाण पेश नगरेको	५,५६,६६०

८० सोलार बत्ती जडान

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सक्ने व्यवस्था छ । सोलार वत्ती जडान कार्य प्राविधिक, मेकानिकल, खरिद प्रकृतिको भएको तथा ऐनमा व्यवस्था भए अनुसार जडान कार्यमा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने किसिमको नभएको एवं जडान कार्य योजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने प्रकृतिको नभई खरिद प्रकृतिको रहेको छ । उक्त सेनसर लाईट जडान कार्यको लागि रु ७७५०१९।०० को कार्य प्राविधिक, मेकानिकल खरिद प्रकृतिको देखियो । पालिकाले विभिन्न वडामा निम्न आपूर्तकबाट सोलार बत्ती जडान बापत रु ७७५०१९।०० भुक्तानी दिएको छ । सोलार बत्ती जडान कार्यमा शिलबन्दी दरभाउपत्र आव्हान गरी प्रतिष्पर्धा गराई मितव्ययी, गुणस्तरीय वा दिगोपना अभिवृद्धि हुने गरी जडान सेवा लिनु पर्दछ ।

स्विच सहितको साधारण सडक बत्ती जडान गर्न १ वर्षको वारेन्टी सहितको रु २५०।०० का दरले खरिद गर्न सक्नेमा सेनसर लाईट जडान कार्य भनि बढी व्ययभार पर्नेगरि खर्च गरेको देखियो । मानिसको चहल पहल बसोवास भएको ठाउमा मानिसले चाहिएको समयमा स्वीचबाट आवश्यक्ता अनुसार अन अफ गरि बत्ति बाल्न सकिनेमा थप व्ययभार पार्नेगरी रु१५०० का दरले सेनसर लाईट खरिद गरि खर्च लेखेकोले खर्च नियन्त्रण गर्न ध्यान दिनुपर्दछ ।

भौ नं	गो भौ नं र मिति	कार्यक्रमको नाम	आपूर्तक	स्थान	परिमाण	मूल्य
१	१३/२०८१।३।६	रोडमा सेनसर लाईट जडान कार्य-६	मनो इन्टरप्राइजेज	वडा न ६ का सडक टोल	३८	२९११३३
५२७	२०८८५/२०८२।३।२२	सेनसर लाइट खरिद तथा जडान खर्च	सिताराम सप्लायर्स एण्ड ट्रेडर्स		२५	१९३५६९
८५	१७/२०८१।९।७		नामा ट्रेड लिंक प्रा.लि	वडा न २ का सडक टोल	३८	२९०३१७
	जम्मा					७७५०१९

८१ सडक बोर्ड

सडक बोर्ड तर्फ रु २५६००००।०० बजेट कायम भई रु १५२६४८३।०० निकासा भएकोमा मल्हनिया छोटकि टोलको राज यादवको घर देखी बलान नदी हुदै कुशहा बेल्ही सडक सम्म वडा १ को कृषी सडक मर्मत सम्भार कार्यको श्री बलान माता उपभोत्ता समितिलाई रु ९६००००।०० भुक्तानी गरी खर्च लेखेकोमा बाँकी रु ५६६४८३।०० मौज्दात हुनुपर्नेमा पेश भएको आर्थिक विवरणमा रु ३१२१०६।०० मात्र मौज्दात देखाएकोले बिबिध खर्च खाता/कोष खातमा रु ५६६४८३।०० दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	२,४४,३७७

८२ विस्तृत आयोजना प्रतिवेदन

पालिकाले देहायनुसार विस्तृत आयोजना प्रतिवेदन तयार गरेको देखियो । तल उल्लेख भएका विस्तृत आयोजना प्रतिवेदन कार्यको लागि संघिय सरकार, प्रदेश सरकार र गाँउपालिकाको योजनामा समावेश नभएको तथा संघिय प्रदेश सरकारबाट बजेट सुनिश्चितता नभएको अवस्थामा DPR तयार गरी रु.४९३८१०।०० भुक्तानी गरेकोमा उक्त निर्माण हुने सुचिश्चितता भएको देखिएन । उक्त डिपिआर प्रतिवेदन कार्यान्वियन हुनुपर्दछ । स्रोत सनिश्चित नभएको तथा कार्यान्वियन हुन नसक्ने योजनाको लागि DPR तयार गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

भौँचर नं	विवरण	फर्मको नाम	लागत रु
२८३-०८१।२।९	Conference hall डि पि आर खर्च	ह्याबब्रिक कन्सल्टेन्टप्रा.लि. (६०८१२८५५५)	४९३८१०

८३ अन्य निकायको खर्च

पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्वीकृति प्राप्त गरेपछी मात्र खर्च व्यहोर्नु पर्दछ । पालिकाले निम्नानुसारका कार्यालयहरुलाई रु ६७७२३९।९९ अन्य निकाय खर्चको भुक्तानी दिएको छ । अन्य सरकारी कार्यालयहरुको खर्च तालुक निकायको मन्त्रालयको स्वीकृति बिना पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको यकिन गर्न सकिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । यस सम्बन्धी छलफल गर्दा सीमा सुरक्षामा खटिने प्रहरीका लागि खर्च भएको पालिकाले जनाएको छ । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका कार्यालयहरुलाई विभिन्न कामको लागि भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

भौचर नं र मिति	निकायको नाम	प्रयोजन	रकम
३४-२०८२।०२।२२	शसस्त्र प्रहरी गण राजविराज	मेस भवन निर्माण कार्य	४८४२०२
२४-२०८१।१२।१३	सशस्त्र प्रहरी सिमा सुरक्षा बल सप्तरी	सशस्त्र प्रहरी सिमा सुरक्षा बल चेक पोष्ट बिटको भवन तथा माटो फिलिङ्ग कार्य	१९३०३७
		जम्मा	६७७२४०

अनियमित भएको	६,७७,२३९

८४ कार्य सम्पन्न प्रतिवेदन

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१३ को बुँदा नं. ९.५ अनुसार यस बजेटबाट नमूना विद्यालय शिर्षक अन्तर्गत विद्यालय विकास योजनाका आधारमा विद्यालयले आफ्नो जिल्ला भित्रका स्थानीय तहमा बाली विज्ञान विषयको पठन पाठनका लागि शिक्षक व्यवस्थापन, प्रयोगशाला सञ्चालन एवं अद्यावधिक, गुणस्तर अभिवृद्धि कार्यक्रम र स्वीकृत गुरुयोजना बमोजिम कार्य गर्न काम गर्न सक्नेछ। यसको अनुगमन स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईबाट हुने उल्लेख छ। पालिकाले नमूना विद्यालय शिर्षक अन्तर्गत श्री जागेश्वर ग्राहय जनता मा विलाई बाली विज्ञान विषयको पठन पाठनका लागि रु. २६०००००।– तथा शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान रु ४५०००००।०० खातामा रोक्का रहने गरी निकासा दिएकोमा सोको अनुगमन गरी कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७१,००,०००

८५ अनुत्पादक क्षेत्रमा खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस पालिकाले सामुदायिक भवन, क्लब भवन, मन्दिर तथा गुम्बा निर्माण, खेलकुद मैदान जस्ता अनुत्पादक योजनाहरु समेत अधिक संख्यामा छनौट गरी लगानी गरेको पाइयो । यो वर्ष पालिकाले निम्न मन्दिर, सामुदायिक भवन तथा सालिक निर्माणमा रु. २३ लाख खर्च गरेको पाइयो । यससम्बन्धी केही उदाहरण देहाय अनुसार छन्

८६ **ग्रमिण अल्ट्रसाउण्ड कार्यक्रमः**

पालिकामा तालिम प्राप्त स्टाफ नर्स/ अ.न.मी. हरुले तिकिएको दुर्गम तथा ग्रमीण क्षेत्रमा रहेका स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिकमा गर्भवती जाँचका समयमा निशुल्क अल्ट्रासाउण्ड सेवा कार्यतालिका बनाई सोही अनुसार सेवा प्रदान गर्नुपर्ने, प्रत्यक महिना कम्तिमा ३ वटा स्वस्थ्य संस्थाको ANC clinic मा गई ROUSG सेवा प्रदान गर्नुपर्ने र सोको समन्वय MNH फकल व्यक्तिले गर्नुपर्ने, जटिलतायुक्त गर्भवती महलालाई CEONC सेवा भएका अस्पतालमा समन्वय गरी चिकित्सक सँग परामर्श वा जाँच गर्न पठाउने र सो कार्य सम्पन्न क्रियाकलापहरुको अनुसूची ३(क) र ३(ख) अनुसार प्रतिवेदन अनिवार्य रुपमा तयार गर्नुपर्ने व्यवस्था उल्लेख छ। पालिकाले गो. भौ. नं. १३३ - २०८२।०३।२५ बाट स्थानिय तहमार्फत मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्त सञ्चार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम शिर्शक अन्तर्गत ग्रमिण अल्ट्रासाउण्ड कार्यक्रमको लागि रु. २०४८००। पवन कुमार यादवलाई भुक्तानी गरेको देखिन्छ।पालिकाले स्वास्थ्य सम्बन्धी मापदण्ड अनुसार सो कार्यक्रमको लागि कार्ययोजना तथा कार्यतालिका नबनाएको र कार्य सम्पन्न क्रियाकलापहरुको अनुसूची ३(क) र ३(ख) अनुसार प्रतिवेदन तयार नगरी २०५८००।भुक्तानी गरेको देखिएकोले कर्यक्रम सम्बन्धि अनुसूची ३(क) र ३(ख) अनुसार प्रतिवेदन पेश भएपछि मात्र भुक्तानी दिने तर्फ ध्यायन दिनुपर्दछ।

८७ **पोषण कर्नर स्थापनाः**

पोषण कर्नर तथा स्तनपान कक्ष स्थापना गर्दा परिवार कल्याण महाशाखाले तयार पारेको पोषण कर्नर स्थापना तथा कार्यविधि २०८१ अनुसार गर्नुपर्दछ। हालसम्म सञ्चालनमा आएका र हुन बाँकीको संख्या अनिवार्य सम्बन्धित माथिल्लो निकाय तह परिवार कल्याण महाशाखामा पठाउनु पर्ने र यस कार्यक्रमको लागि प्रत्यक स्वास्थ्य संस्थाका लागि रु. ५०००।को दरले खर्च गर्न पाउने व्यवस्था उल्लेख छ। पालिकाले शसर्त चालु तर्फका गो.भौ. नं. १३१- २०८२।३।२५ बाट सुनौला हजार दिनका विपन्न महिलाहरुको लागि पोषण सुधारको लागि जनचेतना सम्बन्धी अभिवृद्धि गर्न स्वास्थ्य संस्थामा पोषण कर्नर स्थापनाको लागि रु. १०००००।खर्च गरेको छ। स्वास्थ्य सम्बन्धी मापदण्ड, २०८१ बमोजिम पालिकामा भएको ६ वटा स्वास्य संस्थाको लागि प्रति स्वास्थ्य संस्थामा ५०००। को दरले ३००००।को मात्र स्वास्थ्य कर्नर तथा सामाग्रीको स्थापना र संचालन गर्नुपर्नेमा सो व्यवस्था भन्दा बढी रु. ७००००। भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी दिन मिल्ने आधार पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७०,०००

८८ **सशर्त शिक्षा तर्फः**

कार्यक्रम कार्यान्वियन स्थानीय तहमा शिक्षा तर्फको ससर्त अनुदान कार्यान्वियन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ अनुसार हुनेगरी शिक्षा तर्फ रु.७ करोड ७४ लाख १० हजार बजेट कार्यक्रम रहेकोमा रु. ६ करोड १४ लाख ५५ हजार निकासा भुक्तानी गरेको देखिन्छ। यसमा १४ कार्यक्रम रहेकोमा शिक्षा तर्फ ६ कार्यक्रमहरु पूर्ण रुपमा र ८ कार्यक्रमहरु आंशिक संचालन भएको देखिन्छ। तलव भत्ता, दिवा खाजा, निशुल्क पाठ्य पुस्तक वितरण, विद्याालय संचालन तथा व्यवस्थापन अनुदान, विद्यालय शैक्षिक गुणस्तर नियन्त्रण, कार्य सम्पादनमा आधारित प्रोत्साहन, छात्रवृति, स्यानिटरी प्याड वितरण लगायतका कार्यक्रम संचालन भएकोमा पालिकाले विद्यार्थी सत्यापन, दिवा खाजामा हाजिरी प्रमाणित पेश नगरेको र शिक्षकको अभिलेख अध्यावधिक नगरी विधालयमा रकम निकासा गरेकाले यथार्थ खर्च यकिन गर्न सकिएन। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न लिखित रहेका छन:

क.शिक्षकको अभिलेखः-कार्यक्रम कार्यान्वियन कार्याविधि,२०८१ को क्रियाकलाप १.१.३.३ र १.१.३.४ मा पालिकाले तलव भत्ता अनुदान निकासा गर्दा पालना गर्नुपर्ने क्रियाकलाप उल्लेख गरेको, शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुबाको लागि सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने, पालिकाले शिक्षकको दरवन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी विवरण, सरुवा र अवकाशको

विवरण नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन । विद्यालय स्तरमा संचालन हुने कार्यक्रम कार्यन्वयन कार्याविधि,२०८१।८२ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता निकासा गर्दा र विद्यालयबाट प्राप्त माग फारम अनुसार श्रोत केन्द्रहरुले मासिक रुपमा तलव निकासा दिनुपर्ने व्यवस्था छ ।कार्यालयले कार्यक्रम कार्यान्वय कार्यविधि अनुसारका उक्त अभिलेखहरु पुर्णरुपमा अध्यावधिक नगरेकाले विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव भत्ता यथार्थता विश्लेषण गर्न सकिएन।

ख.प्रति विद्यार्थी लागतः पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को प्रति विधार्थी लागत देहाय बमोजिम रहेको छ

बजेट	खर्च	विधार्थी संख्या	प्रति विधार्थी लागत
७७४१००००	६१४५५७३३	४८८२	१२५८८

यस वर्ष शैक्षिक क्रियाकलाप तर्फ रु.६ करोड १४ लाख ५५ हजार खर्च भएको देखिन्छ । पालिकाको १६ सामुदायिक विद्यालय तर्फको ४८८२ विद्यार्थी रहेकोमा प्रति विधार्थी लागत रु.१२५८८।०० रहेको छ। पालिकाले शैक्षिक गुणस्तर वृद्वी गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

ग.शिक्षक विद्यार्थी अनुपात-पालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भइ नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। शिक्षा नियमावली, २०५९ परिच्छेद १५, दफा ७७ (१) अनुसार तराईका जिल्लामा ५० विद्यार्थीमा १ शिक्षक हुने व्यवस्था छ । पालिकावाट उपलव्ध विवरण अनुसार १६ विद्यालयहरु संचालनमा रहेकोमा शिक्षक दरवन्दी वाल विकास र राहत बाहेक ५६ रहेकोमा ५० कार्यरत भएको देखियो। पालिकाले पेश गरेको IEMIS अभिलेख अनुसार कूल विद्यार्थी संख्या ४८८२ रही शिक्षक विद्यार्थी अनुपात १:४५ देखिएकोले पालिकाले कार्यक्रम कार्यान्वियन कार्याविधिमा तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम हुनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ८८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८९ **पोषण तर्फको कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा सो खर्चसंग सम्बन्धित बिल भरपाई प्राप्त भए नभएको भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । संघीय सरकारबाट हस्तान्तरित चालु कार्यक्रम अन्तर्गत सञ्चालित देहायका कार्यक्रममा देखिएका व्यहोराहरु निम्नानुसार छ।

क) गो. भौ नं.११०-२०८२।०३।२२ बाट पालिकामा पोषण कार्यक्रमको वार्षिक समीक्षा कार्यको लागि रु. ९३५०० पवन कुमार यादवलाई भुक्तानी गरेकोमा स्वास्थ्य सम्बन्धी मापदण्ड,२०८१ मा यस कार्यक्रममा व्याग खरिद गरि वितरण गर्ने व्यवस्था उल्लेख छैन । कार्यक्रम संयोजकले यस कार्यक्रम सञ्चालनको लागि १३ थानको प्रति थान रु. २५०० को दरले जम्मा रु.३२५००।को खरिद गरी वितरण गरेकोमा व्याग वितरण गर्न पाउनेको कानुनी आधार पेश गर्ने अन्यथा असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

ख) गो. भौ नं.११२-२०८२।०३।२२ बाट पालिका स्तरिय भिटामिन ए क्याप्सुल वितरण कार्य वर्षको दुई पटक सञ्चालनको लागि रु.१३२५००। भुक्तानी गरेकोमा स्वास्थ्य सम्बन्धी मापदण्ड, २०८१मा यस कार्यक्रममा व्याग खरिद गरि वितरण गर्ने व्यवस्था नभएको, कार्यसम्पन्न प्रतिवेदन भौचर सँगै नराखेको, कार्यक्रम संयोजकले यस कार्यक्रम सञ्चालनको लागि ४५ थानको प्रति थान रु.९०० को दरले जम्मा रु.४०५००।को खरिद गरी वितरण गरेकोमा व्याग वितरण गर्न पाउने कानुनी आधार पेश गर्ने अन्यथा असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७३,०००

९० **बढी ग्रेड भुक्तानी** –

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१/८२ मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी यकीन विवरण शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त गरी वा अद्यावधिक गरी सोहि अनुसार दरबन्दि, राहत र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागि विद्यालयबाट प्राप्त माग फारम रुजुगरी अनुदान निकासा गर्ने व्यवस्था छ। पालिकाले पेश गरेको शैक्षिक सत्र २०८१ को पारित तलवी प्रतिवेदन अनुसार तलव भत्ता भुक्तानी गर्नुपर्नेमा लेखापरीक्षणको क्रममा ग्रेड रकम भिडान गर्दा निम्न शिक्षकलाई पाउने ग्रेड रकम भन्दा बढी ग्रेड भुक्तानी भएकोले निम्न विद्यालयको बढी भुक्तानी भएको ग्रेड रकम तथा संञ्चयकोष समेत गरी रु.२३२३७। को ग्रेड पाउने आधार पेश गर्ने अन्यथा एकमुष्ट रुपमा विद्यालयबाट असुल गर्नुपर्ने रु.

शिक्षकको नाम	विद्यालयको नाम	पाउने ग्रेड संख्या	पाएको ग्रेड संख्या	बढी ग्रेड संख्या	ग्रेड दर	महिना	जम्मा रकम	बढी भुक्तानी संञ्चय कोष समेत
देव प्रसाद यादव	श्री जनता मा.वि.रामनगर	५	६	१	१६२५	१३	२११२५	२३२३७

प्रमाण पेश नगरेको	२३,२३७

९१ करार शिक्षकको तलव भत्ता -

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८१।८२ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वियन कार्यविधिको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्येसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ।

पालिकाले दरबन्दी स्वीकृत नगरी निम्नानुसार विद्यालयहरुमा १३ शिक्षक करारमा नियुक्त गरी यो वर्ष रू.२३,७२,०००। र थप राहत र बालविकास तर्फ ४२ शिक्षकशिक्षिकाहरुको रु. २८,८०,०००। समेत गरी यो वर्ष पालिकाको आन्तरी स्रोतबाट जम्मा रू. ५२,५२,०००। तलब भत्ता वापत भुक्तानी गरेको देखियो। कार्यबोझ र पालिकाको आफ्नो आयको र विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातका आधारमा सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी मिलान गरी शिक्षकको तलव खर्च लेख्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ९१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

९२ प्रविधि हस्तान्तरण-

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(विस्तृत विवरण बेरूजु दफा ९२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	०

९३ नमुना विद्यालयलाई शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वियन अनुदानः

९३.१ पालिका र श्री जा.ग.ज.मा.वि.सेहरा रौतहट बीच नमुना विद्यालय संचालन तथा व्यवस्थापनका लागी विभिन्न वुदाँ उल्लेख गरी सोहि अनुसार कार्य गर्ने गरि सम्झौता गरेर मात्र विधालयलाई रकम निकासा गर्नुपर्नेमा पालिकाले सम्झौता बिना विद्यालयलाई रु.४५ लाख निकासा दिएको छ। विद्यालयले सम्पादन गरेका कार्य सम्झौता अनुसारका क्रियाकलापमा मात्र गर्नुपर्नेमा के कस्ता कार्यमा काम गरेको अनुगमन गरी प्रतिवेदन गरेको छैन ।

विद्यालयले पालिकासँग सम्झौता विना यस वर्ष चमेना गृहको लागि रु.९लाख, स्मार्ट बोर्ड २ थानको लागि रु.१२ लाख, दराज ५ थान रु.१ लाख २५ हजार, सिकाइ सुधारका लागि थप कक्षा संचालन रु.५ लाख निजी शिक्षकको तलवमा रु.५ लाख लगायत अन्य १३ शिर्षकमा रु.४५ लाखको कार्ययोजना अनुसार कार्यसम्पन्न गर्ने गरी निकासा गरेकोमा विद्यालयले कार्ययोजना अनुसार काम नगरी विद्यालयकै खातामा रोक्का राखेको देखिन्छ । लेखापरीक्षणको क्रममा विद्यालयले सम्झौताको कुल रु.४५ लाख मध्ये रु. ३० लाख संघीय संञ्चित कोषमा दाखिला गरेकोमा बाँकी रु. १५ लाखको कार्य सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा सम्वन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१५,००,०००

९३.२ **कार्यसम्पन्न प्रतिवेदन:** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्ट्याई सहित कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्वीकृत बजेट अनुसार श्री जा.ग.ज.मा.वि.सेहरा रौतहटलाई नमुना विधालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वियन गर्न रु.४५०००००। अनुदान दिएको देखियो । उक्त अनुदान रकमबाट तोकिएको कार्य भए नभएको अनुगमन गरी गराई तोकिएको कार्य सम्पन्न भएको देखिने अनुगमन प्रतिवेदन तयार गरेर मात्र खर्च निकासा गर्नुपर्ने देखिन्छ। पालिकाले कार्यक्रम संचालन कार्यविधि बमोजिम कार्य संचालन गरी कार्य सुनिश्चित गर्नुपर्दछ ।

९४ विद्यालय संचालन तथा व्यवस्थापन:

९४.१ कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।८२को क्रियाकलाप नं.२.७.१३.१०मा मसलन्द र ईन्टरनेट जडान लगायत क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदानको रुपमा आधारभुत तहमा सञ्चालित विद्यालयलाई रु.१५०००।,माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु.२५०००। र उच्च माध्यमिक विधालयलाई रु.३०००००। र ईन्टरनेट वापत रु.१२०००।का दरले वार्षिक निकासा

दिन सकिने व्यवस्था छ । पालिकाले १६ विद्यालयलाई विद्यालय संचालन तथा व्यवस्थापन कार्यको लागि रु.२९५०००। निकासा भुक्तानी गरेकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म सो को विल भर्पाई, जिन्सी दाखिला र कार्यान्वियन अवस्था पेश भएको छैन । कार्यान्वियन कार्यविधिमा उल्लिखित अनुसारको क्रियाकलाप संचालन गर्नुपर्दछ ।

९४.२ **लेखापरीक्षण खर्चः-** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८1।८2 को क्रियाकलाप नं.२.७.१३.१० अनुसार सामाजिक तथा आर्थिक लेखापरीक्षण, विद्यार्थी परिचयपत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन र लगायत क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदानको रुपमा आधारभुत तहमा सञ्चालित विद्यालयलाई रु.१०,०००। र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु.१५,०००।का दरले र निकासा दिन सकिने व्यवस्था छ । पालिकाले १६ विद्यालयलाई सो कार्यको लागि रु.१७५०००। निकासा गरेकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म सोको प्रतिवेदन पेश भएको छैन । कार्यान्वियन कार्यविधिमा उल्लेख भए अनुसारको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।

९४.३ **अनुगमन मापदण्डः** कार्यक्रम कार्यान्वियन कार्याविधि, २०८१।८२ अनुसार सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन। पालिकाले कार्यान्वियन कार्यविधि अनुसार शैक्षिक अवस्था सुधारमा निकासा खर्च उपयोग भएको सुनिश्चितता हुने अनुगमन मापदण्ड तयार गरी कार्यान्वियन पर्दछ।

९५ **विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एंव कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

९५.१ **शिक्षण सिकाई सामग्री व्यवस्थापन अनुदानः** कार्यक्रम कार्यान्वियन कार्याविधि-२०८१/८२ को क्रियाकलाप नं २.७.१३.५० मा कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेतको लागि प्रति विद्यार्थी रु १००,१-५ रु. १५०, ६-१० सम्म रु.२०० र ११-१२ सम्म रु.२५० र शिशु कक्षा व्यवस्थापनका लागि रु. ५००। प्रति विद्यार्थीको दरले बुक कर्नर दिन सक्ने र सो रकमबाट विद्यालय व्यवस्थापन समितिको निर्णय वमोजिम मर्मत संभार, सोलार, ल्याव, फर्निचर, पुस्तक खरिद जस्ता विषयमा खर्च गर्न सक्ने व्यवस्था छ। पालिकाले १६ विद्यालयलाई वालविकास ३८३४ विधार्थीलाई रु.८४९३००।,१ कक्षामा भर्ना भएका विधार्थी ३६९ जनाको रु.३६९००।,१-५ कक्षाका १७००को रु.२५५०००।,६-१० सम्मका १५०७ को रु.३०१४००। र ११-१२का २३० को ५७५००। गरी रु.८४९३००। निकासा गरेको देखिन्छ । पालिका अन्तर्गत सञ्चालित सवै विद्यालयको कार्यक्रमको खर्चको पुष्टि हुने बिल भरपाई सहित अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।

९५.२ **शिक्षण सिकाई थप सामाग्री छपाई र वितरणः** कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१३ अनुसार विधालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत कक्षा १-३ मा पाठ्यक्रम विकास केन्द्रबाट विकास भएका भाषा तथा गणित क्षेत्रमा थप सिकाई छपाई तथा वितरण गर्न प्रति विद्यालय वार्षिक तिन हजारका दरले प्रति कक्षा १ सेट स्वअध्ययन सामाग्री छपाई गरी विद्यालयलाई वितरण गर्नुपर्ने व्यवस्था रहेकोमा प्रति विद्यालय रु.९००० का दरले १६ विद्यालयलाई २१ सेट शिक्षण सामाग्री रु.६००००। को लक्की ट्रेडर्सबाट खरिद गरी भुक्तानी गरेको छ । पालिकाले छपाई वा खरिद गरिएका स्वअध्ययन सामाग्री विद्यालयमा वितरण गरेको भरपाई पेश गरेको छैन। उक्त सामाग्री ७ वटा विद्यालयलाई मात्र प्रति कक्षा १ सेट पुग्ने देखिन्छ। पालिकाले छपाई वा खरिद गरिएका स्वअध्ययन सामाग्री विद्यालयमा वितरण गरी लक्षित वर्गले उपयोग गरेको सुनिश्चित गर्नुपर्दछ ।

९५.३ **उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन अनुदानः** कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१३ अनुसार विधालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत स्थानिय तहले शैक्षिक, व्यवस्थापकिय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गरी कार्याविधिको आधारमा प्रथम र

द्वितिय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख निकासा दिने र विद्यालयले कार्यविधिबमोजिम विद्यालय समितिको निर्णयअनुसार खर्च गर्ने व्यवस्था छ ।

पालिकाले गो भौ नं १०७- ८२।३।३२ बाट सामाजिक परीक्षण मापदण्ड २०७८ ले तोकेको विधि,प्रकृया र पद्धतीको पालना नगरी श्री राजेश्वरी मावि,मौवाह लाई रु.३०००००। र श्री जनता मा वि रामनगर कोदरकट्टीलाई रु.२०००००। गरी कुल ५०००००। निकासा गरेकोमा लेखापरीक्षणको अवधिसम्म विद्यालयको सम्पादित कार्यको प्रगति प्रतिवेदन र सो को अनुगमन प्रतिवेदन पेश भएन । विद्यालयले सम्पादित कार्यको आवधिक प्रगति प्रतिवेदन, खर्च पुष्टि हुने विल भर्पाँई र अनुदान अनुगमन सहितको प्रमाण पेश गर्नुपर्दछ ।

९५.४ **अनुगमन:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने छ। कार्यक्रम कार्यान्वियन कार्याविधि, २०८१ अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा विज्ञान प्रयोगशाला, विधालय भवन निर्माण, प्रोत्साहन अनुदान र एकमुष्ट अनुदान लगायतका कार्य गर्न विद्यालयलाई निकासा दिन सकिने व्यवस्था छ । यस वर्ष विद्यालयहरुले कार्यक्रम कार्यन्वयन कार्याविधि अनुसार प्राप्त रकमबाट खरिद गरिएका मालसामानहरुको उपयोगको स्थिति, मालसामान दाखिला, प्रोत्साहन खर्च लगायतको कार्यको अनुगमन गरी पालिकाले खर्च यथार्थ भए नभएको विस्वस्त हुनुपर्ने देखिन्छ ।

९६ **छात्रवृत्तिः**

९६.१ कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ अनुसार गैरआवासीय छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति र लक्षित समुह छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नु पर्ने व्यवस्था छ।

पालिकाले सत्यापन पुर्ण रुपमा प्रमाणित नगरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS)-२०८१ को तथ्याङ्क अनुसार १६ विद्यालयलाई प्रतिविद्यार्थी रु.४००।०० को दरले ४४० विधार्थीलाई रु.१७६०००। गैरआवासीय छात्रा, ४१३ दलित छात्रवृत्ति रु.१६५२००।, र ७३० लक्षित वर्गलाई गराई रु.५०० का दरले रु.३६५०००। गरी रु.७०६२००। अनुदान निकासा गरेको देखिन्छ । पालिकाले कार्यक्रम कार्यान्वियन कार्यविधि बमोजिम पालिकाको कार्यक्रम प्रभावकारिता सहितको अनुगमन गरी सत्यापन गरेर मात्र निकासा गर्नुपर्नेमा नगरेको र वितरण विल भर्पाई समेतको पुर्ण अध्यावधिक विवरण पेश गरेको छैन । कार्यक्रम कार्यान्वियन कार्यविधि बमोजिम वितरण भर्पाई तथा अनुगमन प्रतिवेदनको आधारमा गरेको सुनिश्चित हुनुपर्दछ।

९६.२ **संस्थागत विधालयको छात्रवृत्ती:** शिक्षा नियमावली २०५९को नियम १५१ मा विधालयले प्रत्येक कक्षामा प्रथम र द्वितिय हुने विधार्थीलाई क्रमस सतप्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेनदार छात्रबृत्ति उपलव्ध गराउनुपर्ने, संस्थागत विधालयले कुल विधार्थी संख्याको कम्तिमा दश प्रतिशत गरिव, जेहेनदार, अपाङ्ग, महिला, दलित र जनजाती विधार्थीलाई छात्रबृत्ति उपलव्ध गराउनुपर्ने र छात्रबृत्ति उपलव्ध गराउनु अघि विधालयले छात्रबृत्तिका लागि निवेदन दिन विधालयलाई सुचना प्रकाशन गर्नु पर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमनगरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।पालिकाले यो व्यवस्था पालना भए नभएको अनुगमन गरी कार्यान्वियन गरे नगरेको अनुगमन गर्नुपर्ने व्यवस्था भएपनि अनुगमन गरेको छैन।पालिकाले नियमावलीको व्यवस्था पालनाको अनुगमन गर्नुपर्दछ ।

९७ **शैक्षिक गुणस्तर-**

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम,२०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय

तहले शिक्षा क्षेत्रको बहुआयामिक पक्षहरुमा प्राविधिक तथा सामुदायिक विद्यालयहरुको व्यावसायिक शिक्षामा सुधार जस्ता विषयलाई समावेश गरी शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन। साामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यान्वयन गरी बिद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नेपर्नेमा आ.व.२०८१।८२ मा बिद्यालयको शैक्षिक गुणस्तरको बारे अनुगमन गरेको प्रतिवेदन पेश भएन। पालिकाले आफनो अन्तर्गतका बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

एस ई ई नतिजा विश्लेषणः सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यान्वयन गरी बिद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नेपर्ने ब्यवस्था छ । पालिकाले आ.व.२०८१।८२ मा बिद्यालयको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन पालिकासंग देखिएन साथै पालिका अन्तर्गतका बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ । पालिका अन्तर्गतका विद्यालयहरुको २०८१ को एस.ई.ई परीक्षामा जम्मा २५९ विधार्थी सहभागि भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

सामुदायिक विद्यालय तर्फः

क्र.सं.	विद्यालयको नाम	परिक्षामा सम्मिलित संख्या	परिक्षामा उतिर्ण विद्यार्थी संख्या	नन ग्रडिङ्ग विद्यार्थी संख्या	उतिर्ण विद्यार्थी प्रतिशत	कैफियत
१	श्री जा.ग.ज.मा.वि.सेहरा रौतहट	१४२	१२	१३०	८.४५	
२	श्री जनता मा.वि.रामनगर कोदरकट्टी	६०	१९	४१	३१.६६	
३	श्री राजेश्वरी मा.वि.मौवाहा	५७	३६	२१	६३.१६	
जम्मा		२५९	६७	१९२	२५.८७	

पालिकाले पेश गरेको विद्यार्थी विवरण अनुसार यस पालिकाभित्रको सामुदायिक विद्यालयको एस.ई.ई. मा सहभागी विद्यार्थी २५९ मध्ये २५.८७प्रतिशत विद्यार्थी मात्र उतिर्ण भएकोमा श्री राजेश्वरी मा.वी. मौवाहमा सबै भन्दा बढी ६३.१५ प्रतिशत र श्री जा.ग.ज.मा.वि.सेहरा रौतहटमा सवैभन्दा कम मा ८.४५ प्रतिशत उत्तिर्ण देखिन्छ । पालिकाले सामुदायिक विद्यालयको २५.८७ प्रतिशत मात्र रहेको पास प्रतिशत सुधार गरी गुणस्तर वृद्धी गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९८ **सशर्त स्वास्थ्य तर्फः**

कार्यक्रम कार्यान्वयन स्थानीय तहमा स्वास्थ्य तर्फको सशर्त अनुदान कार्यान्वयन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार हुनेगरी स्वास्थ्य तर्फको रु.३ करोड ०८ लाख ९७ हजार बजेटका कार्यक्रममा रु.२ करोड ९० लाख ९३ हजार खर्च गरेकोमा १८ कार्यक्रम रहेकोमा ६ वटा कार्यक्रम पुर्ण रुपमा र १२ वटा आंशिक रुपमा कार्यक्रम संचालन भएको छ। तलवी प्रतिवेदन वेगर तलव भत्ता खर्च, CBIMNCI, किशोर किशोरी स्वास्थ्य, पोषण विशेष, डेँगु नियन्त्रण, नातृ तथा नवजात शिशु कार्यक्रम, स्वयम सेविका प्रोत्साहन, आमा सुरक्षा, मृगौला प्रत्यारोपण, औषधि खरिद, क्षयरोग नियन्त्रण, आधारभुत स्वास्थ्य सेवाका लागि औषधि खरिद लगायतका कार्यक्रम कार्यान्वयन पुस्तिकाको नर्म्स अनुसार कार्यक्रम संचालन गरेको विवरण पेश गरेपनि कार्यक्रमसँग असम्वन्धित पदाधिकारीहरुलाई समेत अनुगमन भत्ता र अन्य उपस्थित भत्ता प्रदान गरेको देखिन्छ । एकै किसिमका कार्यक्रममा एकै व्यानर राखी विभिन्न कार्यक्रमको फरक फरक व्यानर खर्च लिएको, विविध खर्चमा आवश्यक अनावश्यक आंकलन नगरेको कारण यथार्थ खर्चको अवस्था आंकलन गर्न सकिएन । पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकाका नर्म्स अनुसार कार्य संचालन गर्नुपर्दछ।

९९ **स्वास्थ्य कर्मचारी व्यवस्थापनः**

निजामती सेवा ऐन,२०४९ को दफा ७ ख १ अनुसार स्थायी कर्मचारीको तलवी प्रतिवेदन सम्बन्धीत जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलव खुवाउने व्यवस्था छ। त्यस्तै दफा ७ ख अनुसार तलवी प्रतिवेन पारित नगाराई तलव

खुवाएमा त्यस्तो तलव खुवाउने पदाधिकारीबाट असुल गराउनु पर्ने प्रावधान छ। यस पालिका अन्तर्गत स्वास्थ्य तर्फ कार्यरत ३५ कर्मचारीका लागि तलावी प्रतिवेदन पारित नगरी तलव भत्ता वापत रु. २४१३६०००। (सशर्ततर्फ) भुक्तानी दिएको छ। तलवी प्रतिवेदन पारित नगराई खर्च लेखेको, विवरण अद्यावद्यिक नगरेको देखिएको हुदा बढी ग्रेड भुक्तानी भएको छैन भन्न सकिएन। निजामति सेवा ऐन,२०४९ बमोजिम दरबन्दी अनुसार कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत स्वास्थ्य तर्फको दरबन्दी तेरिज तयार गरेको देखिएन। पालिकाले स्वास्थ्य तर्फका कर्मचारीहरुको दरवन्दी एकिन गरी ऐँन बमोजिम स्विकृत दरबन्दीमा कर्मचारी व्यवस्थापन गरिनुपर्दछ।दरवन्दी एकिन बिना कर्मचारीलाई तलव भत्ता भुक्तानी दिने र तलवी प्रतिवेदन पास नगरी ग्रेड भिडान विना तलव भत्ता दिने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

१०० **पारिश्रमिक करः-**

आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर योग्य आयमा पहिलो १ लाखमा १० प्रतिशत त्यस पछिको २ लाखमा २० प्रतिशत र ७ लाख ५० हजार देखि २० लाखसम्म ३० प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ । कुनै आय वर्षमा ऐनको दफा ५० बमोजिम छनौट गर्ने कुनै दाम्पतीको करयोग्य आयमा अनुसुची १ को उपदफा (४) र (४क) बमोजिम पहिलो २ लाखमा १० प्रतिशत त्यस पछिको ३ लाखमा २० प्रतिशतका र ११ लाख देखि २० लाख सम्म ३० प्रतिशतको दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ। पालिकाको कर्मचारीहरुको बार्षिक तलब भत्ता, प्रोत्साहन भत्ता तथा अन्य सुविधा बापतको रकममा देहाय बमोजिम पारिश्रमिक कर रु.६३५०। दाखिला गरेको नदेखिएकोले दाखिला हुनपर्ने रु

सि.नं.	पद	नाम	कर योग्य वार्षिक आय	वार्षिक कर	तिरेको कर	बाँकी कर
१	अधिकृत छैठौं	अनिल कुमार चौधरी	६९८४७३	९८४७	६१२५	३७२२
२	अधिकृत छैठौं	अब्दुल खालिक अन्सारी	६५९७१३	५९७१	५०२५	९४६
३	अधिकृत छैठौं	मो. नसिम राईन	६९८४७३	९८४७	९४२५	४२२
४	अधिकृत छैठौं	सकल देव मण्डल	६९८४७३	९८४७	९४२५	४२२
५	अधिकृत छैठौं	चन्दी लाल साफी	६१२५६९	१२५७	४१७	८40
जम्मा						६३५1

असुल गर्नुपर्ने	६,३५१

१०१ **खोप केन्द्र तथा गाउँघर क्लिनिकः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा सो खर्चसंग सम्बन्धित बिल भरपाई प्राप्त भए नभएको, भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले स्पष्ट कानुनी तथा कार्यविधि वेगर गो.भौ.नं. ११- २०८२।३।२२ बाट खोप केन्द्र तथा गाउँघर क्लिनिक वापतको फिल्ड भत्ता शिर्षक अन्तर्गत ६ वटा वडाहरुमार्फत नियमित रुपमा गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नको लागि नियमित रुपमा १८ वटा गाउँघर क्लिनिक र १८ वटा खोप केन्द्रबाट स्वाथ्यकर्मीहरुलाई ४३२ पटक प्रति दिनको ७०० को दरले रु ३०२४००, स्वास्थ्य कर्मीको लागि झोला वितरण प्रति थान रु.१८०० को दरले १२ थानको रु. २१६००, सुपरिवेक्षक खर्च ४ जनाको लागि रु.१५००। को दरले रु.६००० र अनुगमन खर्च वापत प्रति दिन रु १००० को दरले रु ८०००। खर्च गरेको देखिन्छ । खोप केन्द्र तथा गाउँघर क्लिनिक वापतको फिल्ड भत्ता कार्यक्रममा स्वास्थ्य कर्मीलाई झोला वापत रु. २१६०० र कार्यक्रम सँग असम्बन्धित व्यक्तीलाई सुपरिवेक्षक भत्ता वापत रु.६००० भुक्तानी दिन मिल्ने आधार देखिदैन । यसरी पालिकाले वितरण गर्न नमिल्ने झोला तथा असम्बन्धित व्यक्तिलाई भुक्तानी गरेको सुपरिवेक्षक खर्च दिन मिल्ने आधार पेश गर्ने अन्यथा रु २७६०० सम्बन्धित व्यक्तीलाई जिम्मेवार बनाई असुल गरी दाखिला गर्नुपर्ने देखिको रु.

प्रमाण पेश नगरेको	२७,६००

१०२ **न्यानो झोला कार्यक्रम-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारीक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका विभिन्न बर्थिङ सेन्टरमा गत वर्ष ११० थान रहेको र यस वर्ष २२४ थान को रु.२९९९६४।०० खरिद गरेकोमा सुत्केरी संख्या लेखापरीक्षणको क्रममा सोधनी हुँदा यस वर्ष ११६ जना सुत्केरी भएकोमा गत वर्षको ११० थान न्यानो झोलाबाट व्यवस्थापन गरेको, पालिकाले २ वटा वर्थिङ्ग सेन्टरको लागि २२४ थान यस आर्थिक वर्षको २०८२।३।१२ खरिद गरिएको वर्थिङ्ग सेन्टरमा वितरण नगरी मौज्दातमा रहेकोमा वितरण गरेको भर्पाई पेश गर्नुपर्ने देखिन्छ।विगतको मौज्दात, यस वर्षको आवश्यकताको वस्तुनिष्ठ आकलन नगरि न्यानो झोला खरिद गरिएको छ र सोको लामो समय भण्डारण गर्ने उपयुक्त व्यवस्था समेत गरिएको छैन। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ ।

१०३ **एड्भान्स ब्युटिसियन तालिमः**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१०४ **न्युनतम सेवा मापदण्ड कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा सो खर्चसंग सम्बन्धित बिल भरपाई प्राप्त भए नभएको भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । संघीय सरकारबाट हस्तान्तरित चालु कार्यक्रम अन्तर्गत गो. भौ नं. १२७-२०८२।०३।२५ र १२८-२०८२।०३।२५ बाट पालिकामा स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्यनतम मापदण्ड कार्यक्रम (अभिमुखिकरण, समिक्षा, फलो अप, अनुगमण तथा सुद्दिढिकरण समेत) को समिक्षा गोष्ठी कार्यको लागि रु. ८७२८८ र ४०३०० गरी जम्मा रु. १२७५८८ पवन कुमार यादवलाई भुक्तानी गरेको देखिन्छ। स्वास्थ्य सम्बन्धी मापदण्ड, २०८१ मा यस कार्यक्रममा स्वास्थ्य संस्थाहरुका स्वास्थ्य चौकी प्रमुख, इन्चार्ज र व्यवस्थापन समितिका अध्यक्षलाई सहभागी गराउनुपर्ने व्यवस्था भएकोमा कार्यक्रमसँग असम्बन्धीत व्यक्ती (पालिका सुपरीवेक्षक अन्तर्गत अध्यक्ष,उपाध्यक्ष, कार्यालय प्रमुख र लेखा प्रमुख) ले १२०००। वुझेको देखिन्छ। संयोजकले असम्बन्धीत व्यक्तीहरुलाई रु. १२०००। भुक्तानी दिने आधार पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१२,०००

१०५ **विद्यालयगत निकासा रजिष्ट्ररः**

कार्यान्वयन पुस्तिकामा उल्लिखित कार्यक्रम कार्यान्वयन प्रकृया र प्रगति सुचक भिडान हुने गरी विद्यालयगत निकासा रजिष्ट्रर राखी निकासा नियन्त्रण गर्नु पर्दछ। पालिकाले निकासा रजिष्ट्रर र प्रगति सुचक अध्यावधिक गरेर राखेको छैन। विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको विवरण पेस नभएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ।

१०६ **दिवा खाजा**

१०६.१ कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१/८२ को क्रियाकलाप नं.२.७.११.१ अनुसार IEMIS र सत्यापनमा भएको प्रारम्भिक वालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिक वजेट निकासा गर्नुपर्ने र दोस्रो त्रैमासिकदेखि विद्यालय पुरा समय चलेको दिन विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका

अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण र हाजीरी प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप निकासा दिनुपर्ने व्यवस्था छ।

पालिकाले दिवा खाजा मापदण्डलाई प्रभावकारी बनाई कार्यान्वियन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। यस वर्ष विभिन्न तिन किस्तामा बजेट निकासा गरेकोमा नमुना छनौट गरी परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय वमोजिम छन ।

१०६.२ **कार्यक्रम कार्यान्वियन कार्यविधिको पालना अवस्था:** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप सि.नं.२.७.११.१ आधारमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६ को मापदण्ड अनुसार हुने गरी विद्यालयले दिवा खाजा खुवाएको देखिने गरी विद्यार्थी हाजिरी र सो अनुसार भरपाई समावेश गरी दिवा खाजा खर्च निकासा गरी अनुगमन समेत गर्नु पर्दछ। पालिकामा रहेका १६ विद्यालयलाई दिवा खाजामा यस वर्ष रु.५३०४८१०। निकासा गरेको छ। पालिकाले नमुना छनौट गरी परीक्षण गरिएका विद्यालयलाई विद्यार्थीको संख्यात्मक विवरण, सत्यापन प्रमाणित, हाजिरी प्रमाणित, विद्यालय व्यवस्थापन समितिमा प्रमाणितका साथै औषत १८० दिन नबढाई अनुगमन गरी खर्च सुनिश्चित भएर मात्र निकासा गर्नुपर्दछ ।

१०६.३ **विद्यालय सञ्चालन भन्दा बढी कार्यदिनको भुक्तानीः** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१/८२ अनुसार विद्यालयको वास्तविक तथ्यांकलाई आधार मानी IEMIS मा भएको तथ्याकलाई सत्यापन, हाजिरी प्रमाणित र विधालय व्यवस्थापन समितिको अध्यक्ष्य वा तोकेको समितिको अध्यक्ष्यले गरेको सिफारिसलाई अनुगमन गरेरमात्र निकासा गर्नु पर्ने र संघीय सरकारबाट ससर्त अनुदानको खर्च गर्दा राष्ट्रियस्तरमा देखिने अनुपस्थिति दर, बिद्यालय छोडेर जाने दर लगायतलाई आधार मानी औषत रुपमा प्रतिविद्यार्थी वार्षिक रुपमा १८० दिनको दरले बालिविकास देखि कक्षा ५ सम्मका सबै विद्यार्थीका लागि उपलब्ध हुने व्यवस्था छ ।

पालिकाले देहायका विद्यालयलाई सत्यापन र हाजिरी पुर्ण रुपमा प्रमाणित नगरी कार्यान्वियन कार्यविधिमा उल्लिखित वार्षिक औषत १८० दिनको निकासा गर्नुपर्नेमा देहाय बमोजिमका १० विद्यालयलाई वार्षिक औषत १८० दिन भन्दा बढी दिन देहायबमोजिमको विद्यालयको कुल जम्मा रु.११८३२०। दिवा खाजा वापतको बढी निकासा भएको र अन्य विद्यालयको यकिन गरी बढी भुक्तानी रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा १०६.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	१,१८,३२०

१०६.४ **दिवा खाजा बढी भुक्तानीः** कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१/८२ मा विद्यालयको वास्तविक तथ्यांकका आधारमा IEMISमा भएको तथ्याकलाई सत्यापन, हाजिरी प्रमाणित र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा तोकेको समितिको अध्यक्षले गरेको सिफारिसलाई अनुगमन गरेरमात्र निकासा गर्नु पर्नेमा पालिकाले देहायका विद्यालयलाई सत्यापन र प्रमाणित हाजिरीको आधारमा दिवा खाजा वापतको रकम रु.५३०४८१०।०० निकासा गरेको छ । नमुना छनौटका आधारमा विभिन्न विद्यालयले पेश गरेको दिवा खाजा हाजिरी कपि (भाद्र महिना) र सत्यपन माग गरी गरिएको परीक्षणमा निम्नानुसार विद्यालयको बढी निकासा भएको रकम र अन्य विद्यालयको समेत हाजिरी प्रमाणित र सत्यापन प्रतिवेदनको परीक्षण गरेर यकिन गरी रु.१२३८९५५.००। बढी निकासा नभएको आधार पेश गर्नुपर्ने अन्यथा असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा १०६.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	१२,३८,९५५

१०७ निशुल्क पाठ्यपुस्तक

कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१।०८२ को क्रियाकलाप नं.२.४.६.१ मा विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासिक भित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत र शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था छ ।

पालिका अन्तर्गतका १६ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको पहिलो किस्तामा गो.भौ.न ६४।८२।०१।०९ बाट रु.१६६०७५२ र थप असार महिनामा गो.भौ.न ८५।८२।०३।१३ वाट रु.१३५६९५८।सहित जम्मा रु.३०१७७१०। निकासा गरेकोमा हालसम्म अनुगमन प्रतिवेदन पेश नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था देखिएन । पालिकाले नयाँ शैक्षिक सत्रमा भएको भर्नाको विवरण, पाठ्य पुस्तक खरिद र वितरणको विवरण, निकाशामा सत्यापन प्रमाणित, विद्यालयको वितरण भर्पाई, बैशाख/जेठ महिनाको हाजिरी, निशुल्क पाठ्यपुस्तक अनुदानको एकिकृत अभिलेख तयार गरेर प्रमाणित र अभिलेखिकरण गर्नुपर्नेमा गरेको देखिएन । साथै पाठ्यपुस्तक अनुदानमा नयाँ पाठ्यपुस्तक खरिद नगरेमा, पुराना पाठ्य पुस्तक प्रयोग गरी अनुदान अन्य शिर्षकमा खर्च, स्विकृत पाठ्य सामाग्री बाहेक खरिद गरेमा, अनुमति प्राप्त संस्था बाहेक छपाई गरेको पाठ्यपुस्तक खरिद गरेमा कानुन बमोजिम कारबाही गर्ने उल्लेख छ ।

१०८ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको बुदाँ नं २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष १ वटा वैक बाट ६ वडाको लागि यस बर्ष रु. १२०९३०९९३।- निकासा खर्च लेखेको छ । सामाजिक सुरक्षा वितरण गरी बाँकी रकम जम्मा रु. ३५४५६२।- फिर्ता भई संघिय सञ्चितकोषमा दाखिला भएको छ। यसमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

१०८.१ **बढी भुक्तानी** - सामाजिक सुरक्षा भत्ताबापत यस पालिकाबाट ४ वटै त्रैमासिकमा वितरण गरिएको भर्पाई र पालिकाबाट पेश भएको लगतकट्टा र मृत्यु दर्ता विवरणलाई आधारमा मानी नमुना छनोट गरि परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीले पाउने रकम भन्दा रु ७१०६७।०० बढी रकम भुक्तानी दिएको देखिन आएकोले थप छानबीन गरी असुल गर्नुपर्ने देखिएको रु.

(विस्तृत विवरण बेरूजु दफा १०८.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	७१,०६७

१०८.२ **लगत कट्टा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुदाँ नं ११ बमोजिम स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्नेमा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार १ बर्ष सम्म खाता निष्क्रीय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने ब्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य ब्यक्ति भत्ता प्राप्त गरेको प्रमाणित भएमा स्थानीय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राहीले घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा लाभग्राहीको समयमै लगत कट्टा नगरेकोले बढि भुक्तानी भएको रकम यकिन गरी फिर्ता गर्नुपर्दछ । यसका केही उदाहरणहरु निम्न छन् ।

(विस्तृत विवरण बेरूजु दफा १०८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१०८.३ **निष्कृय खाता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्कृय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ । निष्कृय खाताको विवरण वैक तथा गाउँपालिकाले लेखापरीक्षणको क्रममा पेश नगरेकोले निष्कृय खाताको विवरण र उक्त खातामा रहेको रकम एकिन हुन सकिएन । अत नगरपालिकाले निष्कृय खाताको विवरण र रकमको Statement बैकबाट माग गरेर भिडान गरी फिर्ता गर्नुपर्ने रकम एकिन गर्नुपर्दछ ।

१०८.४ **खाता नं दोहोरो परेको** - कार्यविधिले तोकिदिएको मिति भित्रै लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा परिचयपत्रको नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीहरुको नाम प्रविष्टी गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाबाट उपलब्ध गराएको EFT नमूना परीक्षण गर्दा पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै त्रैमासिकमा लाभग्राहीको खाता नं दोहोरो पर्ने गरी दोहोरो खर्च लेखेको पाइयो । निम्नानुसार दोहोरो हुने गरी बढी खर्च लेखेको देखिएकोले अन्यको पनि पालिकाले एकिन गरी बढी भुक्तानी भएको भए असूल गरी सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा १०८.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	१,४२,३२४

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>ब्याच नं, उत्पादन मिती, म्याद समाप्त मिति र निशुल्क वितरणको छाप विना औषधी खरिद: प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्नेमा यस बर्ष खरिद गरेका अधिकांश औषधीको ब्याच नं, उत्पादन मिती र अवधि नभएको, खरिद गरेको औषधी गुणस्तरिय रहेको मान्न परीक्षण नभएको,म्याद नाघेका/ननाघेका यकिन गर्ने आधार नभएको, ब्याच नं उत्पादन मिती र अवधि उल्लेख नभएको, निशुल्क वितरण गर्ने भन्ने छाप नलगाईएको, सोझै खरिद गरिएको,Expire मिती उल्लेख भए नभएको, उत्पादन मिती, अवधि उल्लेख नभएको, निशुल्क वितरण समेत नखुलाई दाखिला नगरेको र ELMIS मार्फत खरिद, दाखिला र हस्तान्तरण नगरेकोको खरिद गरिएको औषधी खरिद भएको नभएको यकिन गर्न सकिएन । पालिकाको जिन्सीमा २०८२।३।२० मा खरिद गरिएको औषधीको ब्याच नंम्बर मात्र मिलेको देखिएकाले सशर्त तर्फको औषधी खरिद अवस्था यकिन गर्न सकिएन । विल, खरिद आदेश, दाखिला लगायत कुनैपनि स्थानमा ब्याच नम्बर र Expiry Date नखुलेको र जिन्सी स्टोरमा औषधी यकिन गर्न नसकिएकोले आधार, प्रमाण वेगर भुक्तानी गर्नेलाई जिम्मेबार बनाई र ELMIS मार्फत दाखिला, निकासा र स्वास्थ्य केन्द्रमा खर्च भएको प्रमाण पेश गर्नुपर्ने वा असुल गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><td>गो.भौ/मिति</td><td>आइटम</td><td>बजेट</td><td>खर्च</td><td>व्यवसायी</td><td>भुक्तानी (हजारमा)</td></tr>
<tr><td>९।८२।३।२०</td><td>२३</td><td>१० लाख</td><td>९७८</td><td>सन्जु श्री मेडिकल सप्लायर्स प्राली</td><td>९७८</td></tr>
</table>
</td><td>९,७८,०००</td></tr>
</table>

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बलान-विहुल गाउँपालिका, सप्तरी , बलान-विहुल गाउँपालिका , सप्तरी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	musharu sah	२०८०-०८-२०	२०८१-०६-०१
कार्यालय प्रमुख	roshan kumar gupta	२०८१-०६-०२	२०८१-०८-०७
कार्यालय प्रमुख	ramesh prasad yadav	२०८२-०१-३०	२०८२-०८-०५
कार्यालय प्रमुख	sakaldev mandal	२०८१-१०-१०	हाल सम्म कार्यरत
लेखा प्रमुख	कमलेश कुमार साह	२०७७-४-१	२०८२-०९-०८
लेखा प्रमुख	Dhruba Prakash Bishwakarma	२०८२-०९-२९	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,५८३,७२७	११,८५७,१५७	२३,९५३,२३९.६५	०	०	१,८६१,२६०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	४०,२५५,३८३.६५
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	७,०४९,५४६
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	९७८,०००
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	३४,१८३,८३७.६५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२४८५३०५४.४१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२९२५३४७०१.५६	चालु खर्च	२३१३१३८२८.२५
प्रदेश सरकारबाट अनुदान	१८८२०६७२.१८	पूँजीगत खर्च	१५९४६१३०९
राजश्व बाँडफाँट	६९६४००६९.४	वित्तीय/अन्य व्यवस्था	१२२१४४४६७.५
आन्तरिक आय	४४३४३९८.१		
अन्य आय	१२८७३५८८२.५		
कुल आय	५१४१६५७२३.७४	कुल खर्च	५१२९१९६०४.७५
बाँकी मौज्दात		२६०९९१७३.४	

अनुसूची - २

बेरूजु दफा २.७ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क.सं.	संकेत	शीर्षक	बजेट	डेबिट	क्रेडिट	मौज्दात
१	२०१४	निर्माण व्यावसायी कोष	०	०	२७४७२	-२७४७२
२	२००२	नागरिक लगानी कोष कट्टी	०	३०००००	३०००००	०
३	२०१३	धरौटी कट्टी	०	५५२४५४२	५५२४५४२	०
४	२००३	साबधिक बिमा-नागरिक लगानी कोष	०	६०००००	६०००००	०
५	२०१०	कर्मचारी योगदान कोष कट्टी	०	१२९२०	२५८३९	-१२९२०
६	२००१	कर्मचारी संचय कोष कट्टी	०	७६२५८४७	७६२५८४७	०
७	२०२७	अग्रिम कर एकलौटी फर्म तथा व्यक्तिगत आय - 11111	०	९००९४४	९९०५४३	-८९५९९
८	११११२	पारिश्रमिक कर कट्टी-11112	०	७०२८१४	८३३६९९	-१३०८८५
९	२०२९	सामाजिक सुरक्षा कर-11211	०	८७५८६०	९०५६०७	-२९७४७
१०	३३३१३	मु.अ.वस्तु बिक्री र वितरण -33313	०	३४५९७०	३८०३०८	-३४३३८
११	२०३७	अन्य वहाल कर	०	५७३६३५	७१३७८५	-१४०१५०
१२	२०३०	अग्रिम कर आकस्मिक लाभ, निकायले प्राप्त गर्ने-11126	०	३०९५	३०९५	०
१३	२०६३	घर वहाल कर	०	१२८६०	१२८६०	०
१४	२०५१	योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष	०	५६७४८४	५६७४८४	०
१५	१११२३	अग्रिम कर, प्रा.लि - 11123	०	८६२९४३	८८८०५१	-२५१०८
१६	१११२२	अग्रिम कर, लि.कम्पनी - 11122	०	११८४२	११८४२	०
१७	१११२४	अग्रिम कर,साझेदारी,सहकारी अन्य निकाय - 11124	०	९१७८९९	९२८३९०	-१०४९१
१८	३३३१४	मू. अ. कर -परामर्श तथा ठेक्का -33314	०	४६४२०४८	४६९६९३५	-५४८८७
जम्मा			०	२४४८०७०३	२५०३६२९९	-५५५५९७

बेरूजु दफा १९ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र.सं.	मिति	भौ. नं.	कार्यक्रमको नाम	विवरण	डेबिट
१	६६२८४	१५	कुलतमा लागेको युवा युवतीहरुको सुधार कार्यको लागीभर्ना शुल्क तिर्न सुधार केन्द्र लाई अनुदान	नयाँ जिवन पुर्ण स्थापन केन्द्र	१११०००
२	६६४३६	१५१		नयाँ जिवन पुर्ण स्थापनकेन्द्र	१३९०००
३	६६४५८	१९८	आर्थिक सहयोग	दिनेश्वर यादव समेत ५	१४५०००
४	६६४७६	२३४	आर्थिक सहयोग	अम्रिका देवी यादव समेत ८	१५९०००
५	६६४८४	२४३	आर्थिक सहयोग	बौद्धिक समाज तथा सामाजिकजागरण मञ्च नेपाल	२०००००
६	६६५०२	२७५	आर्थिक सहयोग खर्च	४ जना	१४५०००
जम्मा					२५१९०००

बेरूजु दफा २६.१ सँग सम्बन्धित विवरण - अनुसूची -५

क्र.सं.	गो. भौ.	नाम	चालु आ. व.	गत आ. व.	क्र.सं.	गो. भौ.	नाम	चालु आ. व.	गत आ. व.
१			०	१५०००००००	२५	२४३	बौद्धिक समाज तथा सामाजिक जागरण मञ्च नेपाल	२०००००	०
२	१	बिरेन्द्र कुमार कापैर	०	२४९०००	२६	२		०	३५००००
३	१	पशुपति महतो	०	१०००००	२७	२२४	खेम चन्द्र यादव	५००००	०
४	१	पवन कुमार यादव	०	८००००	२८	२	खेम चन्द्र यादव	०	७५०००
५	२	पवन कुमार यादव	०	८००००	२९	२	रामकुमार यादव	०	२०००००
६	२	अरुण यादव	०	२०००००	३०	४९	सन्तोष कुमार यादव	१०००००	०
७	२५५	खेम चन्द्र यादव	६५०००	०	३१	१	गौरी शंकर भण्डारी	०	५००००
८	३२२	खेम चन्द्र यादव	१०००००	०	३२	१	राम फुलेश्वर यादव	०	१०००००
९	२८	ललित पासमान	१५००००	०	३३	१	हरेराम यादव	०	१०००००
१०	२१८	सनिश यादव	१०००००	०	३४	१	पवन कुमार यादव	०	१५४२००
११	२५०	धर्म देब यादव	१५००००	०	३५	२	पवन कुमार यादव	०	१५४२००
१२	१८३	हरेराम यादव	३०००००	०	३६	२	दिनेश कुमार यादव	०	३०००००
१३	२	विष्णुदेव मघैया	०	८००००	३७	१०२	धिरज कुमार झा	१०००००	०
१४	१२९	मङ्गली देवी सदाय	३७६३०	०	३८	२	विष्णुदेव मघैया	०	२०००००
१५	१४५	रामरती देवी पासमान	१२६३०	०	३९	२	बिल्टु यादव	०	३०००००
१६	४२७	अम्विका कुमारी दास	५००००	०	४०	२	बिल्टु यादव	०	४०००००
१७	४२७	प्रमिला देवी यादव	५००००	०	४१	२	बिल्टु यादव	०	३०००००
१८	२	खेमचन्द्र यादव	०	४५०००	४२	२२४	लोकेन्द्र नारायण यादव	१०००००	०
१९	१३८	पवन कुमार यादव	९८०००	०	४३	१९६	राम फुलेश्वर यादव	१०००००	०
२०	२	अजय कुमार यादव	०	७५०००	४४	२	बिल्टु यादव	०	८००००
२१	१	एस के आर ग्रुप प्रा ली	०	२७१४०००	४५	२	राम फुलेश्वर यादव	०	५००००
२२	१	एस के आर ग्रुप प्रा ली	०	१९३६०००	४६	१३८	पवन कुमार यादव	९८०००	०
२३	१	माँ दुर्गा झोलुगे पुल निर्माण उ.स	०	१०९१८००			जम्मा	११९३२६०	२३०४८३००
२४	१		०	१३९७५००					

बेरूजु दफा २६.२ सँग सम्बन्धित विवरण - अनुसूची -६

क्र.सं.	पेश्की मिति	गो. भौ.	पेश्कीको विवरण	पेश्की लिनेको नाम	कर्मचारी भए पद	चालु आ. व.	गत आ. व.
१	६६४१७	१२९	पदाधिकारीको अन्य सेवा सुबिधा	मङ्गली देवी सदाय	वडा सदस्य	३७६३०	०
२	६६४३५	१४५	पदाधिकारीको अन्य सेवा सुबिधा	रामरती देवी पासमान	महिला वडा सदस्य	१२६३०	०
३	६६४७२	२२४	भ्रमण खर्च	खेम चन्द्र यादव	अध्यक्ष	५००००	०
४	६६४९२	२५५	जनतासगं गाउपालिका अध्यक्ष कार्यक्रम	खेम चन्द्र यादव	अध्यक्ष	६५०००	०
५	२०८२/०२/३०	३२२	जनतासगं गाउपालिका अध्यक्ष कार्यक्रम	खेम चन्द्र यादव	अध्यक्ष	१०००००	०
६	६६५६०	४२७	पदाधिकारीको अन्य सेवा सुबिधा	अम्विका कुमारी दास	महिला वडा सदस्य	५००००	०
७	६६५६०	४२७	पदाधिकारीको अन्य सेवा सुबिधा	प्रमिला देवी यादव	महिला वडा सदस्य	५००००	

बेरूजु दफा २९ सँग सम्बन्धित विवरण - अनुसूची -७

क्र.सं.	व्यवसायको नाम	दर्ता/नवीकरण भएको आ व	नवीकरण गर्न बाकीरकम	कैफियत
१	यादव रिया कन्स्ट्रक्सन प्रा लि	२०८०।८१	१८००	२०८०।८१ मा १५०० को दरले र २०८१।८२ मा १८०० को दरले
२	मरिक कन्स्ट्रक्सन एण्ड सप्लायर्स	२०७९।८०	३३००	
३	एस एण्ड आर निर्माण सेवा	२०८०।८१	१८००	
४	माता जल्पामुखी निर्माण सेवा	२०७७।७८	६३००	
५	बि आर एन कन्स्ट्रक्सन	२०८०।८१	१८००	
६	धर्मराज पशुपति कन्स्ट्रक्सन एण्ड सप्लायर्स	२०७८।७९	४८००	
७	अमात निर्माण सेवा	२०७९।८०	३३००	
८	शुभ आरम्भ कन्स्ट्रक्सन	२०७८।७९	४८००	
९	आर पि ब्रदर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि	२०८०।८१	१८००	
१०	टु डी कन्स्ट्रक्सन एण्ड सप्लायर्स	२०७८।७९	४८००	
११	तान्भी कन्स्ट्रक्सन एण्ड सप्लायर्स	२०८०।८१	१८००	
१२	अमित/सुमित कन्स्ट्रक्सन	२०७९।८०	१५००	२०८०।८१ मा बाँकी रहेको तर २०८१।८२ मा नवीकरण भएको
१३	कृष्ण निर्माण सेवा	२०८०।८१	१८००	२०८१।८२ मा १८०० को दरले
१४	भण्डारी निर्माण सेवा	२०८०।८१	१८००	
जम्मा			४१४००	

बेरूजु दफा ४८ सँग सम्बन्धित विवरण - अनुसूची -८

क्र.सं.	भौ. नं.	कार्यक्रम	विवरण	रकम
१	१०७	धर्मसंस्कृति कार्य	वडा न ३श्री दुर्गा पुजा उपभोत्ता समिति	१९९२००
२	२४६		वडा न २को श्रीमहाबिर धर्म संस्कृती उपभोत्ता समिती	२०००००
३	४२५		चैते दुर्गा पुजा समिति र अन्य २	१९००००
४	२४७		वडा न ५ दुर्गा पुजा समिती	२६८०००
५	५९	खेलकुद खर्च	वडा न ४को श्री दुर्गा पुजा उपभोत्ता समिति	२०००००
६	४२६	विपदव्यवस्थापन खर्च	विभिन्न व्यक्ति तथा संस्था	२४००००
७	४३८		विभिन्न व्यक्ति तथा संस्था	१२००००
८	२४	विभिन्नधर्म संस्कृति चाडपर्वमा सहयोग	दुर्गा पुजा समिति लगायत ७	१२५०००
९	२४		वडा न ४को श्री दुर्गा पुजा उपभोत्ता समिति	२८००००
१०	८१		वडा न ३ श्रीदुर्गा पुजा उपभोत्ता समिति	२५०००
११	१९७		वडा न २ स्थित बलान खोलामाशिवरात्री मेला र श्री श्री १०८ दुर्गा पुजा समिति बेल्ही	१०००००
१२	२१२		SHREE SHREE 108 SHREE CHAITI DURGA PUJA SAMITI लगायत ५	२५००००
१३	३१९		श्री नवयुवकझुलन मेला समिति	१२००००
१४	३४५		विभिन्न भोला वावा उपभोक्ता समिति र व्यक्ति	१९५०००
१५	४५०		दुर्गा पुजा समिति	२८००००
१६	११		विभिन्न भोला वावा उपभोक्ता समिति र व्यक्ति	५४५०००
			जम्मा	३३३७२००

बेरूजु दफा ५५.४ सँग सम्बन्धित विवरण - अनुसूची -९

बेरूजु दफा ६२.२ सँग सम्बन्धित विवरण - अनुसूची -१०

भौ. नं.	कार्यक्रम	भुक्तानी पाउने	रकम	सहभागी	खर्च शिर्षक	निर्देशिक अनुसार पाउने रु.	खर्च भएको	फरक रकम रु.	जम्मा
३७२	व्यक्तिगत घटना दर्ता तालिम	प्ररमेश्वर प्रसाद गुप्ता	४०००००	४०	सहभागी यातायात@ ५०० एकमुष्ठ वा न्युनतम	२००००	३५०००	१५०००	१५०००
३०१	महिला हिँसा सम्बन्धि तालिम	मोहम्मद राईम	५०००००	५५	सहभागी यातायात@ ५०० एकमुष्ठ वा न्युनतम	२७५००	३५०००	७५००	१६५००
					स्टेशनरी @१००	४५०००	५४०००	९०००	
४२४	युवा युवतीलाई वातावरणीय सरसफाई कार्यक्रम	सुरेन्द्र यादव	२०००००	३५	सहभागी यातायात@ ५०० एकमुष्ठ वा न्युनतम	१७५००	३००००	१२५००	१२५००
	जम्मा							४४०००	

बेरूजु दफा ६२.४ सँग सम्बन्धित विवरण - अनुसूची -११

भौ.नं.	कार्यक्रम	सोधभर्ना लिने संस्थाको नाम	क्र.सं.	नाम	पद	दिन	दर	जम्मा
	व्यक्तिगत घटना दर्ता तालिम	प्रमेश्वर प्रसाद गुप्ता	१	खेमचन्द्र यादव	गापा अध्यक्ष	१	१२००	१०२०
			२	रेणु यादव	गापा उपाध्यक्ष	१	१२००	१०२०
४०५	छात्राहरुलाई स्यानेटरी प्याड तालिम	मुकेश कुमार पासवान		खेमचन्द्र यादव	गापा अध्यक्ष	१	१५००	१२७५
				राम कुमार यादव	वडा अध्यक्ष १	१	१५००	१२७५
				संतोष कुमार साह	कार्यपालिका सदस्य	१	१५००	१२७५
				रमेश प्रसाद यादव	प्र प्र अधिकृत	१	१५००	१२७५
३०१	महिला हिँसा सम्बन्धि तालिम	मोहम्मद राईम		उपाध्यक्ष सहित १०		१०	१०००	२८०००
४०२	एडमान्स मोटर वासिङ्ग तालिम	मन्तु प्रसाद यादव	३०००००	खेमचन्द्र यादव	गापा अध्यक्ष	१	१५००	१५००
				रेणु यादव	गापा उपाध्यक्ष	१	१५००	१५००
				रमेश प्रसाद यादव	प्र प्र अधिकृत	१	१५००	१५००
			जम्मा					३९६४०

बेरूजु दफा ६४ सँग सम्बन्धित विवरण - अनुसूची -१२

गो. भौ.	नाम	रकम	गो. भौ.	नाम	रकम
२	अरुण यादव	२००,०००	२१८	सनिश यादव	१००,०००
२५५	खेम चन्द्र यादव	६५,०००	२५०	धर्म देब यादव	१५०,०००
३२२	खेम चन्द्र यादव	१००,०००	१८३	हरेराम यादव	३००,०००
२८	ललित पासमान	१५०,०००			

बेरूजु दफा ७५ सँग सम्बन्धित विवरण - अनुसूची - १३

कामको विवरण	उपभोक्ता समितिको नाम	ल.ई.	कार्यसम्पन्न रकम
कृषि विधितिकरण कार्य वडा १ देखि ३ सम्म	कृषी विधुतीकरण उपभोत्ता समिति	४०००००००	३८१७४२६
कृषि विधितिकरण कार्य वडा 4 देखि 6 सम्म	कृषी विधुतीकरण उपभोत्ता समिति	४०००००००	३८१३१२६
भोलाबाबा मन्दिर देखि छोटेलाल मण्डल घर सम्म पि सि सि ढलान कार्य	श्री राम पि.सि.सि.ढलान उ.स.	२५०००००	२५०००००
वडा न ३ मौवहा चौक देखि टिकुलिया जाने बाटोमा नहर सम्म आर सि सि ढलान कार्य	माँ भगवती सडक ढलान उपभोत्ता समिति	२५०००००	२५०००००
सुभानको घर देखी लुकमान मियाको घर सम्म नाला सहित पिसिसि ढलान कार्य वडा न ४	हिमाल नाला सहित पिसिसि ढलान उ.स.	५०००००	४८५०००
वडा न ३ को शिव साफि घर देखी राधाकृष्ण मन्दिर हुदै मनिक घर सम्म पिसिसि ढलान कार्य	लक्ष्मी नारायण निर्माण उपभोत्ता समिति	१००००००	९६८०००
बेल्हीको सहदेव यादवको घर देखी कुशहा बेल्ही सडक सम्म पिसिसि ढलान कार्य	राधा कृष्ण सडक ढलान उपभोत्ता समिति	५०० ०००	४५९५३५
ब्रहमण टोलमा शम्भुनाथ झाको घर देखी नदि सम्म नाला निर्माण कार्य	चाँदनी नाला निर्माण उपभोत्ता समिति	१३०००००	१२५५४२७
जानकिनगरमा जगरुप यादवको घर देखी जयकुमार यादवको घर सम्म पिसिसि ढलान कार्य	रामजानकी उपभोत्ता समिति	५०००००	४८३७९५
वडा न ४ को श्याम यादवको घर देखी वडेलाल यादवको घर सम्म पिसिसि ढलान कार्य	राम जानकि सडक ढलान उपभोत्ता समिति	७०००००	६७७८३५
वडा न ६ को इरफान घर देखी अधुरो ढलान राम नरेशको घर सम्म पिसिसि ढलान कार्य	सगरमथा उपभोत्ता समिति	४०००००	३६४१६६
मो महेबुलको घर देखी रियाजको घर सम्म पिसिसि ढलान कार्य वडा न ६	हिमालय उपभोत्ता समिति	४०००००	३६५०५७
टिकुलिया टोलमा रहेको मुख्य सडक देखी राजलाल साहको घर सम्म पिसिसि ढलान कार्य	माँ शारदे उपभोत्ता समिति	३०००००	२४२६३०
राम प्रसाद यादवको घर देखी सरकारी कलसम्म नाला निर्माण तथा पिसिसि ढलान कार्य	नारायण उपभोत्ता समिति	८०००००	७७३५७१
सिचाइको लागि विधुतिय मोटर सहित वोडिङ्ग जडान कार्य गाउपालिका भरी	विधुतिय मोटर बोर्डिङ्ग जडान कार्य उपभोत्ता समिति	३००००००	२९०००००
स्यालो वोडिङ्ग जडान कार्य	स्यालो बोर्डिङ्ग जडान उपभोत्ता समिति	५०००००	४७३५७१
सिचाईको लागी बोर्डिङ्ग जडान कार्य निशुल्क वडा न ६	दिनाभद्री बाबा बोर्डिङ्ग जडान उपभोत्ता समिति	६०००००	५७२२०७
किसानहरुलाई सिचाई बोडिङ्ग मोटर खरिद तथा वितरण	भगवती उपभोत्ता समिति	२००००००	१५२०७६८
स्यालो वोडिङ्ग जडान कार्य	स्यालो बोर्डिङ्ग जडान उपभोत्ता समिति	५०००००	४७३५७१
वडा न ५ मा सिचाईको लागी निशुल्क बोर्डिङ्ग वितरण कार्य	किसान सिचाई बोर्डिङ्ग बितरण जल उपभोत्ता समिति	५०००००	४२६९८५
विपन्न घर परिवारलाई खानेपानी टयुवेल निशुल्क जडान कार्य (गापा अध्यक्ष)	जय महन्थ बाबा उपभोत्ता समिति	२००००००	१७९६८१७
वडा न १ मा विपन्न घर परिवारलाई निशुल्क खानेपानी टयुवेल जडान कार्य	माँ काली उपभोत्ता समिति	६०००००	४ ५०३२२
जम्मा			४ ८०३७०

बेरूजु दफा ७७ सँग सम्बन्धित विवरण - अनुसूची - १४

सि नं	कामको प्रकृति	निर्माण ब्यवसायीको नाम	लागत अनुमान	खर्च रकम
१	दिघीया उत्तरवरिया टोलको बलान छेउमा चौतारा निर्माण कार्य वडा न २	अष्टमहालक्ष्मी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.	२०००००	१८३८५०
२	डिहबार बाबा थानमा वाउण्ड्री वाल प्लाष्टर रंगरोगन तथा अधुरो सामुदायिक भवन निर्माण कार्य वडा न ५	रितिका कन्स्ट्रक्सन	४०००००	३७१००२
३	मौवाहा पुवारी टोलमा अधुरो भोला बाबा मन्दिर निर्माण कार्य वडा न ३	चन्द्र माया निर्माण सेवा	५०००००	४७२१०३
४	मौवाहा पुवारी टोलमा दुर्गा मन्दिर निर्माण कार्य वडा न ३	उमाकान्त कन्स्ट्रक्सन	५०००००	४७८७०२
५	रामनगरमा जितिया मन्दिर निर्माण कार्य	लक्ष्मी निर्माण सेवा एण्ड सप्लायर्स	५०००००	४७१६६२
६	देवानन्द सामने भोला बाबाको अधुरो मन्दिर निर्माण कार्य वडा न ३	जनकल्याण कन्सट्रक्सन	४०००००	३८४००६
७	रोडमा सेन्सर लाईट जडान कार्य वडा न ६	मनो इन्टरप्राइजेज	३०००००	२९११३३
८	जिर्ण अवस्थामा रहेको कुश्हा बेल्ही सडक खण्डमा मर्मत कार्य	बेहुल बालान निमार्ण सेवा	५०००००	४७२६९५
९	वडा न ६ मा मुस्लिम टोल जाने बाटो बाट दुर्गेन्द्र मघैया घर सम्म पिसिसि ढलान कार्य	स्वाभिमानी कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा लि	३०००००	२८२४८९
१०	वडा न ५ मा जय कुमार यादव घर देखी उपेन्द्र यादव घर सम्म पिसिसि ढलान कार्य	एस. एण्ड .आर .निर्माण सेवा	४०००००	३७२२२२
११	दुर्गा मन्दिर देखी दक्षिण तर्फ परशुराम महरानको घर सम्म नाला सहित पिसिसि ढलान कार्य वडा न ४	मुस्कान खुश्बु कन्स्ट्रक्सन	५०००००	४७२१४१
१२	सेनसर लाइट खरिद तथा जडान खर्च	सिताराम सप्लायर्स एण्ड ट्रेडर्स	२०००००	१९३५६९
१३	सिचाईको लागी बोर्डिङ्ग जडान कार्य निशुल्क वडा न १	जे.पी.कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	५०००००	४७१७२५
१४	वडा न ३ मा विपन्न घर परिवारलाई निशुल्क खानेपानी टयुवेल जडान कार्य	नितिश एण्ड नितेश निर्माण सेवा एण्ड सप्लायर्स प्रा लि	५०००००	४५९३९५
१५	वडा न ४ मा निशुल्क खानेपानी टयुवेल जडान कार्य र वडा न ४ मा बेल्हीको कबुरगाह फिल्डमा माटो पुर्ने कार्य	दिवाकर निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.	८०००००	७४७१७०
१६	गापा शौचालयको सेफ्टी टयाङ्कि निर्माण कार्य	आरब कृति कन्स्ट्रक्सन एण्ड सप्लायर्स	५०००००	४२८७७४
१७	शसस्त्र प्रहरी गण राजविराजमा मेस भवन निर्माण कार्य	मसानी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि.	५०००००	४८४२०२
१८	सेन्सर लाईट जडान कार्य	नामा ट्रेड लिंक प्रा.लि	३०००००	२९०¸३१७
१९	वडा न ३ मा विभिन्न सडकमा मर्मत सम्भार कार्य	आस्था कन्सट्रक्सन	४०००००	३७६९२८
२०	विपन्न घर परिवारलाई खानेपानी नि:शुल्क टयुवेल जडान कार्य वडा न.३	अभिसेक निर्माण सेवा	७०००००	६६६५१७
२१	विपन्न घर परिवारलाई खानेपानी निशुल्क टयुवेल जडान कार्य वडा न.५	अमित सुमित कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	६०००००	५५५२९७
	जम्मा			१०६५२४४३

बेरूजु दफा ८५ सँग सम्बन्धित विवरण - अनुसूची -१५

क्र.सं.	भौ.नं./मिति	आयोजनाको नाम	भुक्तानी पाउने	रकम
१	३३।२०८२/०२/२२	दिघीया उत्तरवरिया टोलको बलान छेउमा चौतारा निर्माण कार्य वडा न २	अष्टमहालक्ष्मी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.	१८३८५०
२	८३।२०८२/०३/२२	रामनगरमा जितिया मन्दिर निर्माण कार्य	लक्ष्मी निर्माण सेवा एण्ड सप्लायर्स	४७१६६२
३	४६।२०८२/०३/०६	मल्हनिया पुवरिया राम टोलमा दुर्गा मन्दिर निर्माण कार्य	माँ भगवती उपभोक्ता समिति	४७२०५२
४	३१।२०८२/०१/२८	देवानन्द सामने भोला बाबाको अधुरो मन्दिर निर्माण कार्य वडा न ३	जनकल्याण कन्सट्रक्सन	३८४००६
५	१०९।२०८२/०३/२५	छत्र नारायण यादवको सालिक निर्माण कार्य	छत्र नारायण यादवको सालिक निर्माण उ.स.	५१७९९०
६	४०।२०८२/०३/०१	मौवाहा पुवारी टोलमा अधुरो भोला बाबा मन्दिर निर्माण कार्य वडा न ३	चन्द्र माया निर्माण सेवा	४७२१०३
७	३९।२०८२/०३/०१	मौवाहा पुवारी टोलमा दुर्गा मन्दिर निर्माण कार्य वडा न ३	उमाकान्त कन्स्ट्रक्सन	४७८७०२
८	१००।२०८२/०३/२५	नहर चौकको अधुरो दुर्गा मन्दिर निर्माण कार्य	दुर्गा मन्दिर निर्माण कार्यउपभोक्ता समिति	८७५६८२
९	८१।२०८२/०३/२२	रामजानकि राप्रवि पथराहाटोलमा अधुरो सरस्वती मन्दिर निर्माण कार्य	डिहबार बाबा उपभोत्ता समिति	३९०९८१

बेरूजु दफा ८८ सँग सम्बन्धित विवरण - अनुसूची -१६

सि.नं.	विद्यालयको नाम	दरबन्दी	पदपुर्ति	करार	वि. कर्मचारी	बालविकास	स्वंयमसेवक शिक्षक	राहत	जम्मा	जम्मा दरबन्दी/ राहत	विद्यार्थी संख्या(१-१०)	अनुपात
१	श्री दुर्गा तारा मा.वि. मल्हनियाँ	४	४	०	१	३	२	१	१०	५	२९४	२९
२	श्री रा.प्रा.वि. बलानपट्टी	३	२	०	१	२	०	१	५	४	१८६	३७
३	श्री रा.प्रा.वि. दिघिया	४	४	०	१	१	१	०	६	४	१५४	२६
४	श्री भगवती रा.प्रा.वि.चन्ही	२	२	०	१	३	२	१	८	३	२८२	३५
५	श्री रामजानकी रा.प्रा.पथराहाटोल	२	२	०	१	१	०	१	४	३	७२	१८
६	श्री राजेश्वरी मा.वि. मौवाहा	४	४	०	१	२	३	१	१०	५	८८८	८९
७	श्री पंचायत रजत जयन्ती रा.प्रा.वि.	३	१	०	१	१	०	१	३	४	१३६	४५
८	श्री जनता रा.प्रा.वि. टिकुलिया	२	२	०	१	१	१	०	४	२	११३	२८
९	श्री जनता मा.वि.बेल्ही	४	४	०	१	२	१	०	७	४	४९४	७१
१०	श्री रा.आ.वि.बेल्ही	३	३	०	१	१	१	१	६	४	४७४	७९
११	श्री सलहेश दलित रा.प्रा.वि. बेल्ही	१	१	०	१	१	०	०	२	१	७८	३९
१२	श्री मदर्शा दारुल ओलुम बेल्ही	०	१	१	०	०	०	०	२	१	६६	३३
१३	श्री जनता मा.वि.रामनगर	६	५	१	२	२	१	४	१३	१०	५९५	४६
१४	श्री सन्त कविर रा.प्रा.रामनगर	१	१	१	१	२	०	१	५	२	७५	१५
१५	श्री जा.ग.ज.मा.वि.सेहरा रौतहट	१३	११	१	२	२	१	४	१९	१७	८०८	४३
१६	श्री रा.प्रा.वि.रौतहट	४	३	०	१	१	०	१	५	५	१६७	३३
	जम्मा	५६	५०	४	१७	२५	१३	१७	१०९	७४	४८८२	४५

बेरूजु दफा ९१ सँग सम्बन्धित विवरण - अनुसूची -१७

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपुर्ति	पदपुर्ति मध्य करार	विद्यालय कर्मचारी	बालविकास	स्वंयमसेवक शिक्षक	राहत	जम्मा	जम्मा दरबन्दी/ राहत	विद्यार्थी संख्या कक्षा १-१० (EMIS-2082)	प्रति शिक्षक विद्यार्थी संख्या
१	श्री दुर्गा तारा मा.वि. मल्हनियाँ	४	४	०	१	३	२	१	१०	५	२९४	२९
२	श्री रा.प्रा.वि.कमलदाहा बलानपट्टी	३	२	०	१	२	०	१	५	४	१८६	३७
३	श्री रा.प्रा.वि. दिघिया	४	४	०	१	१	१	०	६	४	१५४	२६
४	श्री भगवती रा.प्रा.वि.चन्ही	२	२	०	१	३	२	१	८	३	२८२	३५
५	श्री रामजानकी रा.प्रा.पथराहाटोल	२	२	०	१	१	०	१	४	३	७२	१८
६	श्री राजेश्वरी मा.वि. मौवाहा	४	४	०	१	२	३	१	१०	५	८८८	८९
७	श्री पंचायत रजत जयन्ती रा.प्रा.वि.दुधैला	३	१	०	१	१	०	१	३	४	१३६	४५
८	श्री जनता रा.प्रा.वि. टिकुलिया	२	२	०	१	१	१	०	४	२	११३	२८
९	श्री जनता मा.वि.बेल्ही	४	४	०	१	२	१	०	७	४	४९४	७१
१०	श्री रा.आ.वि.बेल्ही	३	३	०	१	१	१	१	६	४	४७४	७९
११	श्री सलहेश दलित रा.प्रा.वि. बेल्ही	१	१	०	१	१	०	०	२	१	७८	३९
१२	श्री मदर्शा दारुल ओलुम बेल्ही	०	१	१	०	०	०	०	२	१	६६	३३
१३	श्री जनता मा.वि.रामनगर कोदरकट्टी	६	५	१	२	२	१	४	१३	१०	५९५	४६
१४	श्री सन्त कविर रा.प्रा.रामनगर	१	१	१	१	२	०	१	५	२	७५	१५

	कोदरकट्टी											
१५	श्री जा.ग.ज.मा.वि.सेहरा रौतहट	१३	११	१	२	२	१	४	१९	१७	८०८	४३
१६	श्री रा.प्रा.वि.रौतहट	४	३	०	१	१	०	१	५	५	१६७	३३
	जम्मा	५६	५०	४	१७	२५	१३	१७	१०९	७४	४८८२	४५

बेरूजु दफा ९२ सँग सम्बन्धित विवरण - अनुसूची -१८

सि.नं.	नाम	जम्मा मुल्य	२० प्रतिशत योगदान
१	पारो कुमारी मंडल	११३३०	२२६६
२	आशा कुमारी राम	११३३०	२२६६
३	सुमिन्त्रा देवी मंडल	११३३०	२२६६
४	वुलन्त देवी मंडल	११३३०	२२६६
५	सोनी कुमारी राम	११३३०	२२६६
६	देवरति मंडल	११३३०	२२६६
७	सन्जु कुमारी राम	११३३०	२२६६
८	रेणु कुमारी राम	११३३०	२२६६
९	रेखा कुमारी मंडल	११३३०	२२६६
१०	मुनिता कुमारी मुखिया	११३३०	२२६६
११	दु; खनि देवि राम	११३३०	२२६६
१२	विनिता देवि झा	११३३०	२२६६
	जम्मा	१३५९६०	२७१९२

बेरूजु दफा १०६.३ सँग सम्बन्धित विवरण - अनुसूची -१९

सि.नं.	विद्यालयको नाम	दिवा खाजा वितरण गरेको जम्मा दिन	दिवा खाजा खुवाउनु पर्ने जम्मा दिन	बढी खुवाएको दिन	जम्मा विद्यार्थी संख्या	दर	कुल रकम
१	श्री दुर्गा तारा मा.वि. मल्हनियाँ	१९०	१८०	१०	१७९	१५	२६८५०
२	श्री रा.प्रा.वि.कमलदाहा बलानपट्टी	१८९	१८०	९	१४५	१५	१९५७५
३	श्री पंचायत रजत जयन्ती रा.प्रा.वि.दुधैला	१८५	१८०	५	१००	१५	७५००
४	श्री रा.आ.वि.बेल्ही	१८९	१८०	९	२१५	१५	२९०२५
५	श्री सलहेश दलित रा.प्रा.वि. बेल्ही	१८७	१८०	७	८७	१५	९१३५
६	श्री मदर्शा दारुल ओलुम बेल्ही	१८१	१८०	१	३५	१५	५२५
७	श्री सन्त कविर रा.प्रा.रामनगर कोदरकट्टी	१८५	१८०	५	४४	१५	३३००
८	श्री जनता मा.वि.रामनगर कोदरकट्टी	१८३	१८०	३	१४६	१५	६५७०
९	श्री रा.प्रा.वि.रौतहट	१८२	१८०	२	४८	१५	१४४०
१०	श्री जा.ग.ज.मा.वि.सेहरा रौतहट	१८६	१८०	६	१६०	१५	१४४००
	जम्मा						११८३२०

बेरूजु दफा १०६.४ सँग सम्बन्धित विवरण - अनुसूची -२०

सि.नं.	विद्यालय	सत्यापन भुक्तानी संख्या	विद्यालयको हाजिरी	वढी संख्या	वितरण	जम्मा दिन	बढी निकासा	कैफियत
१	श्री दुर्गा तारा मा.वि. मल्हनियाँ	१२९	२१३	८४	१५	१४८	१८६४८०	कक्षा १-५ सम्मको
२	श्री रा.प्रा.वि.कमलदाहा बलानपट्टी	११५	२३४	११९	१५	१४७	२६२३९५	कक्षा १-५ सम्मको
३	श्री जनता मा.वि.बेल्ही	७२	१५२	८०	१५	१३८	१६५६००	कक्षा १-५ सम्मको
४	श्री जनता मा.वि.रामनगर कोदरकट्टी	१३४	२५०	११६	१५	१४३	२४८८२०	कक्षा १-५ सम्मको
५	श्री जा.ग.ज.मा.वि.सेहरा रौतहट	१४१	३००	१५९	१५	१४२	३३८६७०	कक्षा १-५ सम्मको
६	श्री राजेश्वरी मा.वि. मौवाहा	३९१	४०९	१८	१५	१३७	३६९९०	कक्षा १-५ सम्मको
	जम्मा						१२३८९५५	

बेरूजु दफा १०८.१ सँग सम्बन्धित विवरण - अनुसूची -२१

वडा नं	लाभग्राहीको नाम	समुह	परिचय पत्र नं	पाउने	दिएको	बढी	कैफियत
६	रामकुमारी देवी साह	अन्य जेष्ठ नागरिक भत्ता	२०१२१२३११९९६१	२३६००	३६०००	१२४००	मिति २०८१।९।२७ मा मृत्यु भएकोमा पहिलो, दोस्रो र तेस्रो त्रैमासिकको पुरै भत्ता निकासा
२	श्रीमति देवकी खत्वविनी	अन्य जेष्ठ नागरिक भत्ता	२००१०५१५१०७१३	१५३३३	३६०००	२०६६७	मिति २०८१।७।२५ मा मृत्यु भएकोमा पहिलो, दोस्रो र तेस्रो त्रैमासिकको पुरै भत्ता निकासा
६	सोबिया देवी	अन्य जेष्ठ नागरिक भत्ता	१९९८१२३२७७१२५	२२६६७	३६०००	१३३३३	मिति २०८१।९।२० मा मृत्यु भएकोमा पहिलो, दोस्रो र तेस्रो त्रैमासिकको पुरै भत्ता निकासा
६	जदुवा दास तत्मा	अन्य जेष्ठ नागरिक भत्ता	१९९३१२३१४३५१८	२२६६७	३६०००	१३३३३	मिति २०८१।९।२० मा मृत्यु भएकोमा पहिलो, दोस्रो र तेस्रो त्रैमासिकको पुरै भत्ता निकासा
६	बुदुर देवी मोची	अन्य जेष्ठ नागरिक भत्ता	२००५१२३२७९८२७	२४६६६	३६०००	११३३४	मिति २०८१।१०।५ मा मृत्यु भएकोमा पहिलो, दोस्रो र तेस्रो त्रैमासिकको पुरै भत्ता निकासा
जम्मा						**७१०६७**	

बेरूजु दफा १०८.२ सँग सम्बन्धित विवरण - अनुसूची -२२

क्र.सं.	नाम	परिचय नं.	मृत्यु भएको मिति	लगत कट्टा गरेको मिति
१	सुजान देवी यादव	२००७०११०११९२४	२०८१।७।३०	२०८१।९।२४
२	रामकुमारी देवी साह	२०१२१२३११९९६१	२०८१।९।२७	२०८२।३।२६
३	श्रीमति देवकी खत्वविनी	२००१०५१५१०७१३	२०८१।७।२५	२०८२।३।४
४	नन्दलाल मोची	२००३१२३३१६७२३	२०८१।१०।१	२०८२।२।२९
५	सोबिया देवी	१९९८१२३२७७१२५	२०८१।९।२०	२०८२।२।२६
६	किर्पा देवी	2000123352302	२०८१।९।२१	नभएको

बेरूजु दफा १०८.४ सँग सम्बन्धित विवरण - अनुसूची -२३

वडा नं.	लाभग्राहीको नाम	परिचय पत्र नं.	बैंक खाता नं.	समूह	भुक्तानी रकम	कैफियत
१	प्रिधि मण्डल	२०७७०८१३१४९७९	९१४३०१५९९३	अतिअशक्त अपाङ्गता भत्ता	६३८४	प्रथम त्रैमासिकको भत्ता दोहोरो भुक्तानी भएको
१	परिधि मण्डल	२०७७०८१३०६१५७	९१४३०१५९९३	अतिअशक्त अपाङ्गता भत्ता	४७८८	
२	प्रदिप गुप्ता	२०७७०३१२२०७२२	९१४३०१७८५०	पूर्णअपाङ्गता भत्ता	१५९६०	प्रथम र दोस्रो त्रैमासिकको भत्ता दोहोरो भुक्तानी भएको
३	प्रदिप गुप्ता	२०७६०६३००८५८३	९१४३०१७८५०	क्षेत्रतोकिएका बालबालिका	३१९२	
२	मुदबैलसाह रौनियार	२००४१२३३९३१८३	९१४४०००४३९	अन्य जेष्ठ नागरिक भत्ता	४००००	प्रथम,दोस्रो,तेस्रो र चौथो त्रैमासिकको भत्ता दोहोरो भुक्तानी भएको
४	मुदबैलसाह रौनियार	२००४१२३३०१३१९	९१४४०००४३९	अन्य जेष्ठ नागरिक भत्ता	४८०००	
३	भोल्बा मण्डल	२०१३०१२६०३६९३	२४६१५४७२५००७८०००	अन्य जेष्ठ नागरिक भत्ता	१२०००	दोस्रो त्रैमासिकको भत्ता दोहोरो भुक्तानी भएको
३	भोल्बा मण्डल	२०१३०५११९०२६९१	२४६१५४७२५००७८०००	अन्य जेष्ठ नागरिक भत्ता	१२०००	
जम्मा					१४२३२४	

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।